


**संख्या ८१, भदौ २०६१**

**प्रधान सम्पादक**
विष्णु रिमाल

**सम्पादन समूह**
मुकुन्द न्यौपाने
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
जितेन्द्र श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : ४२४८०७२
फ्याक्स : ४२४८०७३
ई-मेल : office@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, ४२६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४७७१४४८, अनामनगर।

Partly supported by
ILO/IPEC/DECL

**श्रमिक खबरको विज्ञापन दर रेट**


| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।



३

२०६० साल चैत १९ गते पछि निरन्तर टेलिभिजनमा देखिने भिडन्तको दृश्यले झस्काउँथ्यो, कतै हामी कास्मिर, प्यालेस्टाइन वा चेचन्यामा त थिएनौं, या भनौं नेपालको पनि माओवादी युद्धग्रस्त क्षेत्रमा त पुगेनौं? तर होइन.... ती दृश्यहरु काठमाडौंकै थिए, त्यो पनि राजधानीको केन्द्र - रत्नपार्क, बागबजार वरिपरिको !



७

यति लामो स्वतन्त्रताको इतिहास भएको राज्यले जनतालाई स्वतन्त्रता दिन भने कन्जुसी गरेको छ । न्याय, समानता र नागरिक/राजनीतिक अधिकारको दृष्टिले नेपाल राज्यको इतिहास अन्यायपूर्ण, एकांगी र निरकुंश छ । यसको इतिहासका लगभग २२० वर्षहरु अन्योल, अन्धकार र माथिबाट थोपारिएको आदेश पालनामा बितेका छन् ।

"प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन" को मूल नारामा नेपाल ट्रेड यूनियन महासंघले आफ्नो चौथो राष्ट्रिय महाधिवेशन २०६१ बैशाख १९-२१ मा सम्पन्न गरेको छ । मे दिवसको अवसरमा गरिएको उक्त महाधिवेशनको उद्घाटन नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो ।




१५



२३

यो १९९८ डिसेम्बर तिरको कुरो हो, कोरियामा ठूलो मन्दी आयो । हाम्रो आधा काम काटियो र आधा तलब पनि काटियो । म फेरि महिनामा २० दिन पत्रिका बेच्न थालें । १९९९ को मार्चमा पत्रिका बोकेको मेरो मोटर साइकल ट्रकमा ठोकियो । म गम्भीर घाइते भएँ । चार महिना बेन्डेज गरेर बसें । मेरो कम्पनीले दिएको क्वाटर पनि छुट्यो । अनि म प्रवासी मजदुर सहयोग गृहको सहारा खोज्दै "आन्याङ" भन्ने ठाउँमा गएँ । मेरो सबै उपचार त्यही सहयोग गृहले गरिदियो । पाँच महिना म त्यहाँ बसें ।

**यस अंकको शब्दकोष / ६**
**शान्तिवार्ता प्रक्रियामा तेस्रो पक्षको भूमिका /१२**
**किन बढ्दैन कृषि मजदुरको ज्याला ? / १४**
**जिफन्टको महाधिवेशन, पहिलोदेखि चौथोसम्म : एक विश्लेषण /१९**
**प्रजातन्त्र विनाको कुनै पनि मोडेलको समाजवादको अब भविष्य नै छैन / २१**
**लघु स्वास्थ्य बीमाः गुणस्तरयुक्त जीवनतिरको बाटो / २३**
**कोरियामा प्रवासी मजदुरले भोगेको अनुभव / २७**
**जेन्डर र वर्गः आजको आन्दोलनको तातो विषय / २८**
**श्रमिक पक्षधर थिइनन् हेलेन केलर / २९**
**जिफन्ट गतिविधि / ३०**
**फिलिम : फरेनहाइट नाइन एलाभेन / ३२**

## १० वर्ष अघिको श्रमिक खबरबाट




२०५० सालमा नेपाल स्वतन्त्र गार्मेन्ट मजदुर यूनियनमा दर्ता भएका गार्मेन्ट इण्डस्ट्रीजसँग सम्बन्धित १७५ मुद्दाहरुमध्ये १५२ मुद्दा व्यक्तिगत विवादसँग सम्बन्धित थिए । ती मध्ये ७५ वटा गैर कानुनी ढंगबाट निष्कासन गरिएकोमा पुनर्बहाली सम्बन्धी थिए भने ४० वटा पारिश्रमिक कट्टी गरिएकोमा भराइ पाउँ भन्ने थिए । यस्ता पारिश्रमिकमा विशेष गरेर महँगी भत्ता, उपदान, ओटी, संचयकोष आदि रहेका छन् । बाँकी ३७ मुद्दामा बिदा स्वीकृत नगरेको, कटौतीमा परेको, कानुनी कारवाहीमा परेको, नियुक्तिपत्र पाउँ आदि विषयसँग सम्बन्धित रहेका छन् ।

**श्रमिक खवर** संख्या ३९, बैशाख, २०५१

# अति भयो, वैदेशिक रोजगारीमा ठगी

नयाँ सरकारको गठन सहित फेरि एकपटक वैदेशिक रोजगारीको विषय चर्चाको शिखरमा छ। दक्षिण कोरियामा (४८०) श्रमिकलाई प्रशिक्षार्थी कामदारको रुपमा पठाउने विषयमा लुम्बिनी ओभरसिज प्रा.लि.ले अख्तियार पाएपछि र सरकारले 'गोलाप्रथाद्वारा' श्रमिक छनौट गर्ने आदेश दिएपछि यो विषय चर्चित भएको हो ।

विशेष रुपमा एक दशक भन्दा बढी समयदेखि कोरियामा श्रमिक पठाउँदै आएको लुम्बिनी ओभरसिज कम्पनीको इतिहास दागदार छ। यसको लापर्वाहीका कारण दर्जनौंको संख्यामा नेपाली छोराछोरीहरु विदेशी भूमिमा अलपत्र मात्र परेका छैनन्, उपयुक्त सम्झौता बिना विदेश पठाइएका कारण दुर्घटनापछि पाउनु पर्ने क्षतिपूर्तिबाट समेत पीडित नेपालीहरु वञ्चित भएका छन् । ट्रेड यूनियन, पीडित श्रमिक तथा नागरिक समाजको चर्को प्रतिवाद पछि पनि लुम्बिनी ओभरसिजले आफ्नो आदत परिवर्तन गरेन । कतिलाई त केसम्म लाग्यो भने 'श्रम आपूर्ति गर्ने माध्यम' को नाममा यी कम्पनीहरु "मानव तस्करी" गर्दैछन् । अन्य तथ्यलाई एकातिर पन्छाएर लुम्बिनी ओभरसिजको विगतको पृष्ठभूमिको आधारमा भन्नु पर्दा "किन फेरि लुम्बिनी ?" भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो। त्यसपछि पनि वैदेशिक रोजगारमा संलग्न स्वदेशी र विदेशी "माफिया" को सञ्जालबाट पीडित नेपालीहरुले नयाँ सरकार र नयाँ मन्त्री जालमा त परेनन् ? भन्ने प्रश्न उठाउनुलाई अन्यथा मान्न सकिन्न ।

तर, श्रम तथा यातायात व्यवस्था मन्त्री रघुजी पन्तले एकै चोटमा सम्पूर्ण आशंकाको जवाफ दिने प्रयत्न गर्नुभयो - जुन प्रशंसनीय छ। जो सुकैले 'श्रम आपूर्ति' गरोस् त्यो पारदर्शी हुनु पर्छ । योग्यता पुगेका जोसुकै नेपालीले पनि तोकिएको न्यूनतम शुल्कमा बिना पक्षपात आफ्नो श्रम बेच्ने अवसर पाउनु पर्छ । यही आधारमा ४८० सीटको लागि आवेदन दिने झण्डै १५ हजार युवाहरुको छनौट गोलाप्रथाद्वारा गर्ने आदेश श्रम मन्त्रालयले लुम्बिनीलाई दियो। अहिलेको अवस्थामा यो सबै भन्दा उपयुक्त कुरा पनि हो ।

यसमा व्यवसायीहरुको एउटा पक्ष चर्को रुपमा विरोधमा उत्रियो । यहाँसम्म कि "तेरो आदेश मान्दिन, जे नाप्छस् नाप्" भन्ने शैलीमा 'लुम्बिनी' का संचालकले मन्त्रीलाई चुनौती मात्र दिएनन्, सार्वजनिक कार्यक्रम मार्फत "ज्यान लिने" धम्की समेत दिए ।

यो घटना पछि एकातिर ट्रेड यूनियनहरु, आमसञ्चार माध्यम, जनता तथा जनपक्षीय राजनीतिक शक्तिहरुले मन्त्री पन्तलाई "क्याबात !" भनेका छन् । "खुट्टा नकमाउ" भनेर हौसला बढाएका छन् । अर्कातिर स्वार्थीहरु, माफिया संजालबाट दुरुपयोग गरिएकाहरु र मन्त्रीसँग व्यक्तिगत रिस इवी राख्नेहरुले "यति खायो", "उति खायो" भन्ने देखि "मन्त्रालयको आदेश बजार अर्थतन्त्र विरोधी" भन्नेसम्मका तर्क सहितको हो-हल्ला गरिरहेका छन् ।

हामी श्रम मन्त्रालयले अहिले गरेको निर्णयलाई वैदेशिक रोजगारीलाई पारदर्शी बनाउन गरिएको एउटा असल शुरुवात ठान्दछौं। बजार अर्थतन्त्रको नाममा वैदेशिक रोजगारीका माफियाहरुलाई मनपरी गर्न छुट दिने र कथित 'कोटा' गुम्ने हल्लामा नेपाली छोराछोरी बीच "लिलाम बढाबढ" को शैलीमा घरजेथा बेचेको सम्पत्ति असुल्ने प्रवृत्तिलाई कुनै हालतमा पनि सहन गर्न सकिदैन। अझ, राणाकालीन नेपालमा 'भर्तीमा' जानेलाई गल्लावालहरुले छाती, कम्मर नापेर 'रङ्गरुट' मा छानेझैं हातका ठेला हेरी हेरी अदक्ष कामदारहरुका लागि छानिएका हजारौं युवायुवतीमा "योग्य पर्दैनन् कि?" भन्ने व्यवसायीले उठाएको तर्कलाई दुई पैसाको महत्व पनि दिन सकिन्न । यस्ता तर्क पछाडि "जसरी भए पनि" आफूले चाहेको मान्छे पैसा र सोर्सफोर्सको आधारमा छान्ने नियतभन्दा बढी के हुन सक्छ ! गरीबले आफ्नो श्रम बेच्न पनि पार्टी-सरकार-मन्त्री र ठालुहरुको सिफारिस खोज्नु पर्ने हो भने "माथिका मान्छे" नहुने निमुखाहरुले कसरी बाँच्ने ? राज्य रोजगारी दिन नसक्ने, विदेशमा श्रम बेच्न ठालुहरुलाई मोटो रकम बुझाउनु पर्ने- यो समस्याको गुत्थी "बजार अर्थ व्यवस्था, कोटा र व्यवसायिक हक" को गफ लगाउनेहरुले कसरी सुल्झाउँछन् प्रश्न गर्नै पर्ने भएको छ ।

हामी मन्त्री रघुजी पन्त र उनको टिमलाई दृढतापूर्वक अघि बढ्ने काममा ऐक्यबद्धता सहित शुभेच्छा दिन्छौं। व्यवसायीहरु पारदर्शी बन्न सिकुन्, पैसा कमाउने धुनमा अझ धेरै नेपालीहरुको रगत-मासु नलुछुन् !

# चैत्रे जनआन्दोलन र त्यस पछिका दिनहरु



२०६० साल चैत १९ गते पछि निरन्तर टेलिभिजनमा देखिने भिडन्तको दृश्यले झस्काउँथ्यो, कतै हामी कास्मिर, प्यालेस्टाइन वा चेचन्यामा त थिएनौं, या भनौं नेपालको पनि माओवादी युद्धग्रस्त क्षेत्रमा त पुगेनौं? तर होइन.... ती दृश्यहरु काठमाडौंकै थिए, त्यो पनि राजधानीको केन्द्र - रत्नपार्क, बागबजार वरिपरिको !

लगतार दुई महिना भन्दा लामो अवधिसम्म 'जनताको अधिकार फिर्ता गर !' भन्ने नारा घन्काउदै जनता दिनहुँ सडकमा आए ।

प्रतिगमनकारी शाही घोषणा विरुद्ध पाँच प्रमुख राजनीतिक दलहरु- एमाले, काँग्रेस, जनमोर्चा, नेमकिपा र आनन्दीदेवी समूहले राजधानी केन्द्रित जन प्रदर्शनको आयोजना गरे । अध्यादेशको भरमा राजाले शुरु गरेको हुकुमी शासन अन्त्य गर्न दलहरुले सबै तह र तप्काका जनतालाई सडकमा उत्रन आव्हान गरे । परिणमतः चैत १९ गते जनसागर काठमाडौंको सडकमा ओर्लियो । यो घटना पार्टीको पक्षमा जनता छैनन् भन्ने सरकारी गलत प्रचारलाई जनताले सडकमा उत्रिएरै दिएको जवाफ थियो ।

चैतको तेस्रो साता नेपालमा विचित्रको घटनाहरु भयो । एकातिर सेना-प्रहरी-प्रशासन लगाएर गाउँ-गाउँमा भीड जम्मा पारी राजाको अभिनन्दनको नाटक मञ्चन गरियो, अर्कातिर जनअधिकारका लागि राजधानी ओर्लिएका जनतालाई सेना-प्रहरी लगाई बीचैमा रोक्न सरकारले असफल कुप्रयास गर्‍यो ।

चैत २०, सडकमा जनताको अपार सहभागिता भयो । सरकारले बुझ्यो, यो जनसहभागिता अब रोकिनेवाला छैन । सरकार पागल भयो । रत्नपार्कमा एकातिर कार्यक्रम जारी थियो, नेताहरु शान्तिपूर्ण धर्नामा बसिरहेका थिए । माइकमा नारा घन्किरहेको थियो, अर्कोतिर भोटाहिटी छेउबाट प्रहरीले प्रदर्शनकारीमाथि अन्धधुन्द आक्रमण शुरु गर्‍यो ।

उता, प्रदर्शनकारीहरुले भने धैर्य कायम राखे । अश्रुग्यास, ढुंगामुढा, लाठी प्रहार बीच उनीहरु नारा जुलुसमा नै केन्द्रित रहे । केही आन्दोलनकारीहरु ढलेका आफ्ना कमरेडहरुलाई उठाउन लागे । केहीले घाइतेलाई अस्पताल कुदाए । केही प्रहरी दमनको प्रतिवादमा केन्द्रित रहे । यहाँसम्म कि शस्त्रधारी प्रहरीले अनेरास्ववियूको केन्द्रीय कार्यालय समेत तोडफोड गर्‍यो, नेताहरुलाई सख्त घाइते हुने गरी चुट्यो ।

प्रहरी दमनको सीमा नाघ्यो । मैदानमा मात्र होइन अस्पताल परिसरमा समेत अश्रुग्यास हान्ने तथा निहत्था जनतामाथि प्रहरीको कुटपीट जारी रह्यो ।

यसको जवाफमा चैत २१ गते, उपत्यका आफसे आफ बन्द भयो । ठाउँ-ठाउँबाट जनताले जुलुस निकाले । विशाल जुलुसले रत्नपार्कको परिक्रमा गर्‍यो ।

त्यसपछि सिलसिला शुरु भयो, विभिन्न तह र तप्काको जनताको ऐक्यबद्धता तथा सहभागिताको । पार्टीहरुले शुरु गरेको यो आन्दोलन जन आन्दोलनमा फेरियो- दोस्रो जन आन्दोलनको रुपमा । जिफण्ट लगायतका ट्रेड यूनियनहरु, पत्रकार, वकिल, अन्य











साभार : मर्कन्टाइल कम्युनिकेसन्स प्रा.लि.

पनि संगठित रुपमै आन्दोलनमा समाहित भए ।

सरकार एक्लियो । उसले आन्दोलन दवाउने नयाँ बहाना खोज्यो । आन्दोलनमा “माओवादी घुसेको” कथित सूचनाको हवाला दिंदै उपत्यकालाई “दंगाग्रस्त क्षेत्र” घोषणा गरियो । पाँच जनाभन्दा बढी एकैपटक सँगै हिंड्न समेत प्रतिबन्ध लगाइयो । हेर्दाहेर्दै पञ्चायती प्रेतको पुनरागमन नाङ्गो रुपमा देखियो ।

पार्टीहरुले निषेधाज्ञा तोड्ने घोषणा गरे । जनताले त्यसको परवाह नगर्ने प्रतिबद्धता जाहेर गरे। सरकार पूर्णतः दमनमा उत्रियो। आम गिरफ्तारी शुरु भयो । थुप्रै नेता-कार्यकर्ताहरु गिरफ्तार भए । भैंसी बोक्ने ट्रकमा खाँदेर लगिएका नेता-कार्यकर्तालाई दशैंमा भेंडा-बाखा राख्ने दुर्गन्धित गोदाममा खाँदियो । सरकारले आफैले घोषणा गरेको मानवअधिकारप्रतिको प्रतिबद्धताको खिल्ली उडायो ।

सरकारको हरेक कार्वाहीले जनतालाई प्रतिकारमा उत्रन बाध्य पारिरहेको थियो । कायर प्रहरीहरुको समूहले आन्दोलनकारी मात्र होइन बाटो हिंड्नेलाई पनि छोडेन । यहाँसम्म कि रोजीरोटीको लागि मलेशिया जान त्यसै दिन शहर आइपुगेका एक युवालाई प्रहरीको सिंगो समूहले अचेत हुने गरी पिट्यो । उनको याचनालाई दुष्टहरुले सुन्दै सुनेनन् । यहाँसम्म कि, आन्दोलनकारी बीच सादा पोशाकमा प्रहरी र मण्डलेहरुलाई घुसाई निर्घात कुट्ने निर्लज्ज कार्य समेत गरियो ।

यसरी सरकार पञ्चायतकालीन निर्लज्ज शैलीमा दमनमा उत्रियो। दिनभर निहत्था आन्दोलनकारीलाई धुस्नु पिट्ने, राती “दुःख” व्यक्त गरेको वक्तव्य जारी गर्दै गोहीको आँसु चुहाउने नाटक शुरु भयो। सत्तामा हालीमुहाली गरिरहेका मण्डलेहरुबाट यो भन्दा बढी आस पनि के गर्न सकिन्थ्यो र !

निकास नदिए पानीले पनि बाँध फोर्छ। दमनले प्रतिरोध निम्त्याउँछ । हिंसाको स्वाभाविक परिणाम प्रतिहिंसा हो। त्यसैले आन्दोलनको दोस्रो साता पछि जनता कस्सिए- प्रहरी दमनको विरुद्ध उनीहरु प्रतिकारमा उत्रे ।

यो सशक्त आन्दोलनले ३८ औं दिनमा थापा सरकार ढल्यो । सूर्यबहादुर थापाले बैशाख २५ गते राजिनामा दिए । जेठ २० गतेसम्म देश सरकार विहिन अवस्थामा रह्यो । त्यसपछि फेरि पुरानै सिलसिलाको पुनरावृत्ति भयो । सडकमा सँगसँगै रगत र आँसु बगाएका दलहरुमा फेरि दलगत तुच्छ स्वार्थको टुसा उम्रिन थाल्यो । राजा नुहेको वेला दलहरु बीच देखिनु पर्ने आवश्यक सुझबुझमा फेरि खडेरी पर्न थाल्यो। सबैभन्दा नराम्रो कुरा त नेपाली काँग्रेस जस्तो पुरानो पार्टी र अग्रगामी परिवर्तनमा सबैभन्दा चर्को माग तेर्साउने जनमोर्चा जस्ता पार्टीहरुमा कसरी नेकपा (एमाले) लाई होच्याउने, खुईल्याउने वा पाखा लगाउने भन्ने अत्यन्त नकारात्मक सोचहरु प्रकट भए ।

परिणामस्वरूप पहिले सूर्य बहादुर थापाले

राजिनामा समेत नदिंदा राजासँग संयुक्त वा एक्लाएक्लै वार्तामा जानुपर्छ भन्ने मत सार्वजनिक गर्ने नेताहरु नै राजासँगको संयुक्त भेट पछि प्रधानमन्त्रीको साझा उम्मेदवार समेत सिफारिस गर्न आनाकानी गर्न थाले । सडकमा अन्यौल सिर्जना भयो, वेगका साथ अघि बढिरहेको संयुक्त आन्दोलनमा विभिन्न आशंका र असमझदारी पैदा हुन थाल्यो ।

अर्कातिर, मौका छोपी राजाले फेरि एक पटक दलहरुलाई होच्याउने प्रयत्न गरे, 'स्वच्छ छवि' भएकालाई प्रधानमन्त्री पदमा आवेदनका लागि टेण्डर आव्हान गरे । यो नयाँ नाटकले हाम्रो प्रजातन्त्रको माखौल मात्र उडाएन, पाँच दल बीचको राजनीतिक दाउ-पेच, स्वार्थ र राजनीतिक अपरिपक्वतालाई पनि जनताले बुझ्ने गरी उदांगो पारी दियो । राजाले फेरि अर्को तीर फ्याँके-आफैले असक्षम भनी निकालेका शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा पुनः नियुक्त गरे ।

यो घटनासँगै जारी आन्दोलनको औचित्य र गन्तव्यमा प्रश्न खडा भयो । जसको परिणाम स्वरुप आन्दोलनका प्रमुख घटक नेकपा (एमाले) र नेकाँ दुई ध्रुवमा विभाजित भए । एमालेले मौकाको सदुपयोग गर्दै अब आन्दोलनलाई टेवलमा लैजाने र विद्रोही शक्ति सहितको राजनीतिक सम्मेलनबाट अग्रगामी निकासको बाटो खोल्न पहल गर्नुपर्ने धारणा अघि सार्‍यो । एमालेका अनुसार दलहरुले साझा उम्मेदवार तोक्नै पर्थ्यो, यदि उनीहरु एमालेलाई उपयुक्त विकल्प ठान्दैनन् भने अरु पार्टीका नेतालाई प्रस्ताव गर्ने साहस गर्नु पर्थ्यो, अनिर्णयको बन्दी हुनु हुँदैन थियो । अझ, भित्र एउटा र बाहिर अर्को कुरा गर्ने जाली काम बरिष्ठ नेताहरुले गर्नु हुँदैन ।

कुरा मिलेन, त्यसैले एकातिर एमाले र नेकाँ (प्रजातान्त्रिक) अर्कातिर नेकाँ र पहिलेका सडक आन्दोलनरत दलहरु रहेको नयाँ मोर्चाबन्दी शुरु भयो । पहिलो मोर्चामा राप्रपा र सद्भावना समेत सामेल भए । असार २१ गते चार दलका २९ र राजा २ गरी ३१ सदस्यीय संयुक्त सरकार गठन भयो । अहिले राजनीतिक आन्दोलन नयाँ चरणमा प्रवेश भएको छ । शान्ति बहाली र अग्रगामी निकासको रेखा कोर्न सकेमा मात्र वर्तमान संयुक्त सरकारको सान्दर्भिकता रहनेमा कसैको विमति नहुन सक्छ । पछिल्लो मोर्चामा रहेका दलहरु नयाँ सरकारसँग असहमति जनाउँदै अझै सडकमा नै रहने नीतिमा छन् ।

**– विष्णु रिमाल**



# नमस्ते



तपाईंले जिफन्टमा फोन गर्नुभयो । कृपया, चाहेको एक्स्टेन्सनमा डायल गर्नुहोस् वा अपरेटरको सहयोगको लागि जिरो (०) डायल गर्नुहोस्, धन्यवाद ।

१०१ सोधपुछ
१०२ सोधपुछ
१०३ जिफन्ट स्वास्थ्य सहकारी क्लिनिक
२०१ नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन
२०२ नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियन
२०३ अञ्चल कार्यालय, बागमती
२०४ नेपाल कृषि मजदुर संघ, नेपाल
२०५ नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन
२०६ नेपाल सडक-व्यापार श्रमिक संघ
२०७ निजी तथा आवासीय विद्यालय शिक्षक-कर्मचारी यूनियन
३०१ ट्रेकिङ-ट्राभल्स-र्‍याफ्टीङ मजदुर यूनियन, यूनिट्राभ
३०२ नेपाल स्वतन्त्र टेक्सटायल-गार्मेन्ट मजदुर यूनियन
३०३ नेपाल स्वतन्त्र होटल मजदुर यूनियन
३०४ नेपाल स्वतन्त्र केमिकल-आइरन मजदुर यूनियन
३०५ नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियन
३०६ नेपाल यातायात स्वतन्त्र मजदुर संघ
३०७ नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर यूनियन, क्युपेक-नेपाल
३०८ नेपाल अटो-मेकानिक्स ट्रेड यूनियन
३०९ नेपाल स्वतन्त्र मजदुर यूनियन
३१० संयोजक उद्धव केसी
४०१ लेखा अधिकृत
४०२ लेखा शाखा
४०३ स्रोतकेन्द्र
४०४ उपाध्यक्ष विष्णु रिमाल
४०५ मञ्जु थापा
४०६ योजना आयोग
४०७ योजना आयोग
५०१ उपमहासचिव उमेश उपाध्याय
५०२ उपमहासचिव बिन्दा पाण्डे
५०३ सचिव शिक्षा विभाग
५०४ संयोजक बिना श्रेष्ठ
५०५ सचिव केममवि
५०६ सचिव प्रचार तथा प्रकाशन विभाग
५०७ सचिव विदेश विभाग
५०८ महासचिव विनोद श्रेष्ठ
५०९ मुख्य सचिव केन्द्रीय कार्यालय
५१० सचिव आर्थिक विभाग
५११ सचिव श्रम सम्बन्ध विभाग
५१२ उपमहासचिव हरिदत्त जोशी
५१३ सचिव सामाजिक सुरक्षा
६०१ अध्यक्ष मुकुन्द न्यौपाने
६०२ उपाध्यक्ष ललित बस्नेत

# यस अंकको शब्द कोष

| | |
|---|---|
| **अध्यादेश** | : संसद नचलेको वेला खास समयका निम्ति विशेष अधिकारको प्रयोग गरी जारी हुने कानुन सरह मान्यता प्राप्त आज्ञापत्र |
| **सार्वभौम** | : सम्पूर्ण अधिकार पाएको |
| **एकांकी** | : एक पक्षीय |
| **समतामूलक** | : पक्षपात नगर्ने ढाँचा, समान खालको |
| **बर्बर** | : जंगली, संस्कार-संस्कृति नभएको क्रूर |
| **अवयव** | : अंग |
| **ध्वंसात्मक द्वन्द्व** | : सबै कुरा नाश गर्ने झगडा |
| **संस्थागत** | : संस्थाको रुपमा विकास भएको |
| **सुसुप्त** | : नदेखिने गरी भित्र लुकेर बसेको |
| **विकेन्द्रीकरण** | : शासनको शक्ति वा सत्ता केन्द्रमा मात्र सिमित नराखी अंचल, जिल्ला र गाउँ वा स्थानीय तहसम्म पुऱ्याउने व्यवस्था |
| **अग्रगामी** | : प्रगति उनमुख, अघि बढ्ने |
| **द्वन्द्व रुपान्तरण** | : लडाइ झगडालाई राम्रा राम्रो दिशातर्फ मोड्नु |
| **जनजीविका** | : मानिसले बाँच्नका लागि गर्ने काम |
| **अकर्मण्यता** | : कुनै पनि काम नगर्ने |
| **अस्तित्व** | : कुनै वस्तु छ भन्ने भाव, उपस्थिति जनाउने |
| **संवाद** | : कुराकानी |
| **संवेदनशीलता** | : सचेत रुपमा हुने ज्ञान |
| **हदबन्दी** | : तोकिएको क्षेत्र |
| **एकात्मक** | : एकै रुपको |
| **रचनात्मक** | : सृजनात्मक |
| **समानुपातिक** | : संख्याको आधारमा बराबरीको मात्रामा आउने |
| **असंलग्न** | : कसैका पक्षमा नलाग्ने, कुनै राष्ट्रको नीतिमा नलाग्ने वा त्यसको अनुसरण नगर्ने |
| **चरमपन्थता** | : अतिवादी |
| **संक्रमणकालीन** | : कुनै शासन स्थिति नियम आदि दिगो भइनसकेको समय |
| **लोककल्याणकारी** | : सबैको भलो हुने |
| **सामाजिक रुपान्तरण** | : समाजमा भएका नराम्रा कुरालाई हटाएर नयाँ र राम्रा कुरा ल्याउने |
| **प्रक्रियान्मुख** | : काम गर्ने दिशातर्फ लाग्नु |
| **सामरिक** | : लडाइ/युद्धसँग सम्बन्धित |
| **मुद्रस्फिति** | : मूल्य अवमूल्यन |
| **विन्यास** | : मिलाउनु |

**संकलन : पेम्बा लामा**




**नेपाल ट्रेड यूनियन महासंघको पूर्व उपाध्यक्ष एवं पूर्वाञ्चल क्षेत्रीय संयोजक कमरेड जेवी राईको गत साउन २१, २०६१ मा भएको आकस्मिक देहावसानबाट नेपाल ट्रेड यूनियन महासंघ परिवार दुखित भएको छ ।**

**महासंघ कमरेड राईप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ ।**

# नेपाली समाजमा विद्यमान द्वन्द्व र अग्रगामी निकास



डा. अर्जुन कार्की

आधुनिक, स्वतन्त्र र सार्वभौम राज्यको रुपमा नेपालको इतिहास २३५ बर्ष पुरानो छ । संसारमा यति लामो इतिहास भएका राज्यहरु थोरै छन् । एशियामा नेपाल बाहेक सबै देशहरुको एकीकृत र स्वतन्त्र राज्यको पहिचान भएको इतिहास १०० वर्ष नाघेको छैन । भुटानको आधुनिक इतिहास ९७ बर्ष मात्र पुगेको छ । बाँकी सबै देशहरु ६० बर्षमुनि नै छन् ।

यति लामो स्वतन्त्रताको इतिहास भएको राज्यले जनतालाई स्वतन्त्रता दिन भने कञ्जुसी गरेको छ । न्याय, समानता र नागरिक/राजनीतिक अधिकारको दृष्टिले नेपाल राज्यको इतिहास अन्यायपूर्ण, एकांगी र निरकुंश छ । यसको इतिहासका लगभग २२० वर्षहरु अन्योल, अन्धकार र माथिबाट थोपारिएको आदेश पालनामा बितेका छन्, मात्र १५ वर्षहरु (२०४६ साल यताका) "समानता", "न्याय", "अधिकार", "प्रजातन्त्र" जस्ता समतामूलक मानवीय अवधारणाहरुका बारेमा छलफल, सम्वाद र शिक्षण (सिकाइका) क्रममा खर्च भएका छन् । अर्थात्, नेपालको आधुनिक इतिहासको अत्यन्त लामो समय बर्बर प्रकृतिको छ भने छोटो समय खुलापन, मानवीय मूल्य र महत्व, न्याय र समानता जस्ता सकारात्मक विषयहरुको चर्चा/परिचर्चामा व्यतित भएको छ । त्यसैले हाम्रो इतिहास आधारभूत रुपमा अन्याय, निरंकुशता र उत्पीडनको इतिहास हो ।



समकालीन नेपाली समाज उत्पीडनको लामो इतिहासबाट न्याय, समानता र मानवीय स्वतन्त्रताको आदर गर्ने खुला समाजतर्फ संक्रमण उन्मुख छ। हाम्रा सामाजिक/सांस्कृतिक अवयवहरु र हाम्रो समकालीन अर्थ-राजनीति संक्रमणको संघारमा उभिएको छ। यो लेखमा मूलतः नेपाली समाजमा जारी ध्वंशात्मक द्वन्द्व र यसको निकासको विषयमा संक्षिप्त चर्चा गरिने छ।

**द्वन्द्व सम्बन्धी सैद्धान्तिक-दार्शनिक अवधारणा**

द्वन्द्व मानव प्रगतिको आधार हो। सामाजिक-राजनीतिक अंगहरु बीच द्वन्द्व नभए समाज परिवर्तन संभव छैन। द्वन्द्व प्रगति र परिवर्तनको सहायक नियमित सामाजिक प्रक्रिया हो। यो मानवीय समस्या समाधानको सशक्त प्रक्रिया हो। यहाँनिर समाज परिवर्तनका लागि द्वन्द्व अपरिहार्य हुन्छ भन्ने दार्शनिक मान्यताको छोटो चर्चा गर्नु सान्दर्भिक हुन्छ।

राजनीति अर्थशास्त्र सम्बन्धी मार्क्सवादी सिद्धान्तले त सशक्त संघर्ष बिना अर्थपूर्ण परिवर्तन हुनै नसक्ने ठोकुवा गर्दछ। 'द्वन्द्व बिना प्रगति सम्भव छैन' भन्ने मार्क्स, 'मान्छेले मान्छेलाइ गर्ने शोषणको अन्त्य गर्न सघंर्ष जरुरी भएको' ठान्ने लेनिन र 'वर्गीय शत्रुलाई हराउने एकमात्र साधन युद्ध हो' भन्ने घोषणा गर्ने माओले द्वन्द्वलाई सहजमात्र नभएर समाज परिवर्तनको अपरिहार्य प्रक्रिया हो भन्ने कुरा सावित गर्दछन्। नयाँ सामाजिक आन्दोलनको सिद्धान्त वातावरणको रक्षा, मानव अधिकारको बहाली, मानव सुरक्षा र सामाजिक-आर्थिक प्रक्रियामा समान सहभागिताको प्रत्याभूति गर्न सशक्त सामाजिक आन्दोलनलाई जरुरी ठान्दछ। त्यस्तै राजनीतिक प्रक्रियाको सिद्धान्त र स्रोत परिचालनको सिद्धान्तले पनि परम्परागत सामाजिक-राजनीतिक मूल्य र संरचनाको परिवर्तनका लागि विभिन्न प्रकारका सामाजिक आन्दोलनहरुको महत्व भएको आत्मसात गर्दछ। यी सबै सिद्धान्तहरुको एउटै सार छः द्वन्द्व घृणित शब्द होइन। आन्दोलन र विद्रोह अपराध होइन, बरु यो समाज परिवर्तनको महत्वपूर्ण साधन हो।

सारांशमा, सामूहिक पहिचान (जात-जाति, भाषा, धर्म, संस्कृति आदि) र स्रोत परिचालन (आर्थिक स्रोतः जमीन, जंगल इत्यादि□ राजनीतिक स्रोतः शासन प्रणालीमा सहभागिता, नीति-नियम निर्माणका कुराहरु, दलहरुका क्रियाकलापमा सहभागिता□ समाजिक स्रोतः विद्यालय, स्वास्थ्य सेवा, बाटोघाटो निर्माण र यिनमा सहभागिता, अवसरहरुका बारेमा जानकारी र पहुँच आदि) सम्बन्धी दुई वटा सवालसँग गाँसिएर द्वन्द्वको जन्म हुन्छ। पहिचान र वितरण सम्बन्धी असमानताहरु नहटेसम्म द्वन्द्वको रुपान्तरण गर्न सकिँदैन। रुपान्तर गर्न सकिएन भने द्वन्द्वले घातक र हिंस्रक रुप धारण गर्दछ। जनधनको क्षति हुन्छ। सामाजिक-आर्थिक संरचनाको ध्वंस हुन्छ। द्वन्द्व जति बढ्यो शान्ति त्यति नै महँगो हुन जान्छ। यस्तो अवस्थामा द्वन्द्व सामान्य प्रकृतिमा रहँदैन। सामाजिक र आर्थिक असमानता हटाउने ध्येय भए पनि यस्तो द्वन्द्वले असामान्य अवस्था सिर्जना गरी झन बढी असमानता वृद्धि गर्दछ।

**माओवादी द्वन्द्वका कारण**

माओवादी जनयुद्ध मूल रुपमा सामूहिक पहिचान र स्रोत परिचालन सम्बन्धी बिषयमा आधारित भएर नै शुरु भएको देखिन्छ। माओवादीले अघि सारेको ४० बुँदे माग-पत्रमा उठाइएका मुद्दाहरु मध्ये लगभग ८० प्रतिशत मुद्दाहरु "पहिचान" र "स्रोत" वितरण सम्बन्धी ऐतिहासिक रुपमा भएका विभेद, तिरस्कार र अन्याय जस्ता विषयहरुमा केन्द्रित छन्। र, बाँकी विषयहरु तत्कालीन राजनीतिक-सामाजिक विसंगति, विकृति र मानव अधिकारको अवहेलनाबाट उब्जिएका सवालहरु हुन्। माओवादीहरुले उठाएको विभेद र तिरस्कारको प्रसंग गलत होइन। विभेद र उपेक्षाको इतिहास हाम्रो आधुनिक राज्यको इतिहासभन्दा पनि पुरानो छ। विभिन्न समयका विभिन्न प्रकारका राजनीतिक-सामाजिक व्यवस्था र प्रचलनहरुले यो विभेदलाई संस्थागत गरी संरक्षण गरेको छ।

अन्यायपूर्ण परिपाटी र प्रचलनको अन्त्य गर्नु राज्यको दायित्व हुन्छ। माओवादीहरुको ४० बुँदे मागले यही राजकीय जिम्मेवारीको कार्यान्वयन मागेको थियो। तर, यसलाई राज्यले समयमा नै मनन गर्न सकेन र मनन गर्न पनि चाहेन। ऐतिहासिक रुपमै सिर्जित र संरक्षित समस्या समाधानका लागि पहल गर्ने यो राम्रो अवसर थियो। तर यसतर्फ कुनै पहल भएन। राज्यको तर्फबाट ठोस पहल भएको भए आज शायद हामीहरु जनयुद्धको घातक अनुहार देख्न बाध्य हुने थिएनौं। यसका कारण खोज्न बाध्य हुने थिएनौं। माओवादी जनयुद्धका पछाडि लामो ऐतिहासिक-राजनीतिक पृष्ठभूमि छ। र, यो पृष्ठभूमिलाई सहयोग गर्ने थुप्रै सहायक कारणहरु छन्। ती मध्ये पनि २०४६ को परिवर्तन पछिका केही प्रमुख विषयहरु निम्न हुन् भन्न सकिन्छ।

१. **संवैधानिक विभेदः** हिन्दू धर्मलाई राज्यधर्मका रुपमा स्वीकारेर संविधानले हिन्दु वर्ण व्यवस्थामा आधारित तहगत जातीय प्रणालीलाई सैद्धान्तिक रुपमा राज्य संचालनको माध्यम बनाउन पुग्यो। अरु धर्म र संस्कृतिलाई विभेद र उपेक्षा गर्ने गरी प्रजातान्त्रिक परिवर्तनले पुरानो व्यवस्थाले थोपरेको भाग्यवादी अवधारणामा आधारित शिक्षा र सामाजिक प्रणालीमा परिवर्तन ल्याउन सकेन। धार्मिक, सांस्कृतिक दृष्टिले संविधान पूर्वाग्रही बनिदिनाले "जनयुद्ध"को नैतिक बल उठाउन सहायक बन्यो।

२. **भौगोलिक, आर्थिक विभेदः** भौगोलिकरुपमा हिमाल, पहाड र तराईमा विभाजित हाम्रो देश आर्थिक

## द्वन्द्वका रेखाहरु

१. राज्य - हिन्दू वा एकात्मक वा संघीय, कस्तो हुने ?
२. संविधान - यथास्थितिमा रहने वा संशोधन गर्ने वा संविधान सभामा जाने ?
३. राजतन्त्र - "रचनात्मक" वा संवैधानिक वा गणतन्त्र के हुने ?
४. निर्वाचन प्रक्रिया - 'बहुमत-अल्पमत', समानुपातिक वा कस्तो गर्ने ?
५. परराष्ट्र नीति - तटस्थ वा असंलग्न वा कतै संलग्न कस्तो अपनाउने ?
६. अर्थनीति - मिश्रित वा केन्द्रिकृत वा नव-उदारतावादी कस्तो अपनाउने ?
७. विभेद - शहर र गाउँ, पहाड-हिमाल-मधेश, जात-जाति कसरी समेट्ने ?

दृष्टिले विषमरुपमा विभाजित छ। तराईको भन्दा पहाडको जीवन र पहाडको भन्दा हिमाली भेगको जीवन कठिन छ। काठमाडौं, तराई र अन्य सुगम जिल्लाहरुमा मात्र घुमिरहने विकासको चक्कर पश्चिमका पहाड र हिमाली भेगमा पुग्दै पुगेन। त्यसैले त्यहाँको जनजीवनमा सुसुप्त अवस्थामा रहेको द्वन्द्वलाई माओवादी 'जनयुद्ध'ले प्रकट हुनेगरी उक्सायो। निराशामा बाँचेको यो क्षेत्रका जनताका लागि माओवादीले प्रचार गरेको परिवर्तनको नारा आकर्षणको विषय समेत बन्यो।

३ **२०४६ को परिवर्तन एकांगी**: २०४६ को आन्दोलनले ३० वर्षे पंचायतको अन्त्य त गर्‍यो तर आन्दोलनका उपलब्धिको उपभोगकर्ताहरु भने गाउँका भूमिपतिहरु, साहू-महाजनहरु, शहरी व्यापारीहरु, धनी र माथिल्लो जातिका पार्टी नेता र तिनका वरिपरि घुम्ने कार्यकर्ताहरु मात्र भए। अवसरको विकेन्द्रिकरण नभएका कारण परिवर्तन पछि पनि आधारभूत तहका जनताले परिवर्तन महसुस गर्न पाएनन्। प्रजातान्त्रिक परिवर्तनबाट गरिएका आशा र विश्वासहरु पूरा भएनन्। माओवादी जनयुद्धले यो परिवर्तन पछिको निराशालाई आफ्नो राजनीतिक आधार बनाउन सफल भयो।

४. **राजनीतिक विभेद**: २०४६ सालको परिवर्तन पछि नेपाली कांग्रेसले लिएको कम्युनिस्ट विरोधी नीति माओवादी आन्दोलनको आधार हो। मध्यपश्चिम पहाडी जिल्लाहरुमा नेपाली कांग्रेसको त्यतिखेरको सरकारले प्रहरी प्रशासन र सरकारी साधनको दुरुपयोग गरी तत्कालीन संयुक्त जनमोर्चा समर्थित कार्यकर्ताहरुलाई तिनको राजनीतिक गतिविधिबाट विमुख नगरेको भए सायद जनयुद्ध यो रुपमा शुरु हुने नै थिएन कि ?

५. **राजनीतिक विसंगति**: प्रजातान्त्रिक व्यवस्था भनेको सहभागितामूलक पद्धति हो। यसमा सबै जाति, वर्ग र पेशाका मानिसहरु बेरोकटोक सहभागी हुन्छन्। तर, ०४६ पछिको परिवर्तनले यस्तो प्रकारको सहभागिताको वातावरण तयार गर्न सकेन। महिला, दलित, जनजाति र अन्य पछाडि परेका वर्ग तथा समुदायहरुको राजनीतिक सहभागिताको क्षेत्रमा अपेक्षित सहभागिता हुन सकेन। विभिन्न प्रकृतिका दोषी, अपराधी र भ्रष्टाचारीहरु राजनीतिक संरक्षणका आधारमा दण्डमुक्त रहे। बरु, यस्ता विसंगतिहरुको विरोध गर्नेहरु विभिन्न आरोपमा दण्डित गरिए। यस्ता क्रियाकलापले "०४६ सालको परिवर्तन धोका मात्र हो र यसको समूल अन्त्य नगरी साँचो प्रजातन्त्रको प्राप्ति हुन सक्दैन" भन्ने माओवादी मत उपेक्षित र पीडित समुदायमा नजानिदो गरी स्थापित हुँदै गयो।

**अग्रगामी निकास : द्वन्द्व रुपान्तरण**

वर्तमान समस्याको अग्रगामी निकास जारी हिंसात्मक द्वन्द्वको शान्तिपूर्ण रुपान्तरण हो। विद्रोह र विध्वंशमा खर्च भइरहेको राष्ट्रको चिन्तन, शक्ति र साधन सिर्जनात्मक कामका लागि रुपान्तरण गर्ने वातावरण नबनेसम्म यो

## संभावित राजनीतिक परिदृश्य : जिफण्टको अवधारणा

# परिदृश्य १, यथास्थिति

अहिलेको राजनीतिक शक्ति सन्तुलनको आधारमा पहिलो परिदृश्य संभावित देखिन्छ। यस्तै परिदृश्य जारी रहेमा दाहिने वा बायाँ दुवै चरमपन्थताबाट सैनिकीकरणको प्रक्रिया तीव्र रुपले अघि बढ्ने छ। राजनीति र जनताको शक्तिलाई किनारामा पारिने छ। २०४६ सालको आन्दोलनबाट प्राप्त प्रजातान्त्रिक अधिकारमा अंकुश लाग्न शुरु हुनेछ। यो अवस्था सृजना हुँदा राजनीतिक दल र जनताका संगठनमाथि प्रतिबन्ध वा अंकुश भने लाग्ने छैन। तर, राजनीतिक प्रक्रियामा जनताका शक्तिहरुलाई सहभागी पनि गराइने छैन। परम्परागत अनुदारवादी शक्तिको निर्देशनमा कथित सरकारले दैनिक प्रशासन सञ्चालनको काम गर्ने छ। यस्तो अवस्थालाई "निर्देशित प्रजातन्त्र" को अवस्था पनि भन्न सकिनेछ। सुगम क्षेत्रमा क्रियाशील परम्परागत शक्तिले बल र छलद्वारा ग्रामीण दुर्गम इलाका नियन्त्रण गर्ने रणनीति अन्तर्गत राज्य सञ्चालन गर्ने स्थिति आउन सक्छ। राजनीतिक रुपमा प्रतिगमनकारी कदम जारी रहन सक्छ।

यो अवस्था सृजना हुँदा जिफन्ट र राष्ट्रिय ट्रेड यूनियन आन्दोलनले निम्न चुनौतीको सामना गर्नु पर्ने छ -

- जिफन्ट कमजोर हुनेछ, निराशा र द्वन्द्वले आन्दोलन भित्र प्रवेश गर्ने छ।
- नीतिगत हस्तक्षेप कमजोर हुनेछ, मूलतः नीतिहीन अवस्थामा काम गर्नु पर्ने छ। राजनीतिक निकास अवरुद्ध हुने हुँदा श्रमजीवी वर्गलाई प्रजातान्त्रिक राजनीतिक मूलधारमा सहभागी गराउन समेत जटिलता पैदा हुने छ।
- मूलतः ट्रेड यूनियन आन्दोलन घटना घटेपछि प्रतिक्रिया जनाउने "रिएक्टीभ" आन्दोलनको रुपमा सीमित हुनेछ।

यो परिदृश्यले निम्न अवसर पनि सृजना गर्न सक्छ -

- प्रजातन्त्र र शान्तिको पक्षपाती सबै विचारधाराका श्रमजीवी जनतालाई एउटै छातामा ल्याउन सकिने संभावना बढ्न सक्छ।
- पंचायतकालीन समाजमा जस्तै यूनियन आन्दोलन प्रतिगमन पक्षधर र प्रतिगमन विरोधी धाराको रुपमा ध्रुवीकरण हुन सक्छ। जिफन्टले प्रतिगमन विरोधी साझा संघर्षशील यूनियनको रुपमा आफूलाई सुदृढ गर्न सक्छ।
- समाजमा यूनियन आन्दोलनको नयाँ छवि स्थापित हुन सक्छ।

तर, दक्षिण एशिया र अन्य नयाँ प्रजातान्त्रिक देशहरुको अनुभवको आधारमा हाम्रो भूभागमा निर्देशित प्रजातन्त्र चल्न सक्दैन। राजनीतिक प्रतिबद्धता नरहेको कारण सुरक्षा फौज, शहरी क्षेत्रको संरक्षणमा सक्षम भए पनि ग्रामीण दुर्गम क्षेत्रमा फैलिएको विद्रोह तथा आतंक नियन्त्रण गर्न सक्षम नहुन पनि सक्छ।

यस्तो अवस्थामा नयाँ संक्रमणकालीन अवस्था सृजना पनि हुन सक्छ। जनताको शक्तिको रुपमा रहेका मूलधाराका राजनीतिक दल तथा सत्तामा रहेको परम्परागत शक्ति बीच एकता पनि हुन सक्छ। यस्तो भएमा अधिकार सम्पन्न सर्वदलीय सरकार बन्नेछ। प्रतिगमन विरुद्धको आन्दोलन नयाँ चरणमा प्रवेश गर्ने छ। यसपछि यथास्थितिमा मात्रात्मक सुधार आउन सक्छ र गुणात्मक सुधारतर्फ राजनीतिक शक्तिहरुलाई घचघचाउने छ। तर, यस्तो संक्रमणकाल लामो समयसम्म रहनै सक्दैन। यसले हामीलाई परिदृश्य-२ तिर अघि बढाउने छ।

समस्याको समाधान हुन सक्तैन ।

संसारका विभिन्न अनुभवहरूबाट द्वन्द्व रुपान्तरण संम्बन्धी केही सिद्धान्त, प्रक्रिया र कार्यक्रमहरूको विकास भएको छ । यी प्रक्रियाहरू हाम्रा लागि पनि सान्दर्भिक छन् । यसका अतिरिक्त, हाम्रो आर्थिक-सामाजिक र राजनीतिक विशिष्टतालाई सम्बोधन गर्ने विशेष कार्यक्रमहरू संचालन गर्नु पर्ने हुन्छ । यो पृष्ठभूमिमा अग्रगामी निकासका लागि निम्न सिद्धान्त र कार्यक्रमहरु अत्यन्त न्यून कार्यक्रमको रूपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

१. **पीडितहरुलाई प्राथमिकताः** माओवादी जनयुद्ध व्यक्तिगत दुखेसाहरु, गुनासाहरु र रुचि भन्दा पनि पीडक र पीडित वर्ग बीचका राजनीतिक, सामाजिक र सांस्कृतिक मुद्दाहरू बीचको द्वन्द्व हो । यस्तो द्वन्द्वको समायोजनका लागि पीडित पक्षको आवाजप्रति संवेदनशील हुनैपर्छ । किनकि संरचनात्मक रुपमा हेर्दा शोषित-पीडितले उठाएको मुद्दा सही र न्यायपूर्ण हुन्छ । पीडकको तर्क जेसुकै होस् त्यो गलत हुन्छ । उनीहरु जतिसुकै इमान्दार र लगनशील देखिए पनि उनीहरुको मुद्दा संरचनात्मक रुपमा नै गलत हुन्छ । माओवादी जनयुद्धका सहभागीहरुले राष्ट्रियता र जनजीविकाका सम्बन्धमा उठाएका सवालहरु सही र न्यायपूर्ण छन्, तिनको वेवास्ता गर्न मिल्दैन ।

२. **उदार राजनीतिक व्यवस्थाः** युद्ध र आमहिंसा प्रायः राजनीतिक अकर्मण्यताका कारण जन्मन्छन् । नेपालमा जनयुद्ध यसै गरी जन्मिएको हो । राजनीतिक व्यवस्थालाई जनताको पक्षमा उदार गरी अवसरको विकेन्द्रीकरण गर्न सकेको भए जनयुद्धले जरो गाड्न सक्ने थिएन, जुन अब गर्नु जरुरी छ ।

३. **अस्तित्व र पहिचानको संरक्षणः** हिंसात्मक द्वन्द्वहरुको वातावरण त्यतिखेर बन्छ जतिखेर कुनै समूह, तह या तप्काका मानिसहरुलाई लाग्छ- "विद्यमान राजनीतिक, आर्थिक या सामाजिक नीति या व्यवहारका कारण उनीहरुको अस्तित्व र पहिचान संकटमा परेको छ", सरकार पीडित पक्षका गुनासाहरु समाधान गर्न सक्दैन या चाहँदैन, त्यसपछि राजनीतिक नियम भत्किन्छ र घातक द्वन्द्व शुरु हुन्छ । माओवादी जनयुद्धको पृष्ठभूमि पनि यस्तै हो । जनयुद्धका प्रभावशाली हस्तीहरु मध्येका एक कृष्णबहादुर महराका अनुसार राजनीतिक अस्तित्वको रक्षाका लागि उनीहरु निर्वाचन बहिष्कार गर्दै जनयुद्धको बाटोतिर लागेका हुन् । महराहरुलाई आफ्नो राजनीतिक पहिचान संकटमा परेको महसुस नभएको भए सायद उनीहरु वर्तमान राजनीतिक प्रणाली विरुद्ध सशस्त्र आन्दोलनको परिकल्पना गर्ने थिएनन् । माओवादी जनयुद्धको शान्तिपूर्ण निकासका लागि उनीहरुका पहिचान सम्बन्धी गुनासा र पीडाहरुको उपचार गर्न वर्तमान सामाजिक, राजनीतिक र आर्थिक संरचनाको क्रान्तिकारी परिवर्तन जरुरी छ । अन्यथा, यो द्वन्द्व रुपान्तरण हुन सक्दैन ।

४. **संवादः** संवादको माध्यमबाट द्वन्द्व रुपान्तरणको

## संभावित राजनीतिक परिदृश्य : जिफण्टको अवधारणा

# परिदृश्य २, अग्रगामी परिवर्तन

जस्तो सुकै द्वन्द्व र विद्रोह पनि अन्ततः वार्ता र राजनीतिक प्रक्रियाबाट नै समाधान भएका छन् । यस्तै तर्कको आधारमा नेपालको आन्तरिक राजनीतिक शक्ति र बाह्य शक्ति केन्द्रहरु विद्रोह र अशान्ति नियन्त्रणको लागि राज्य र विद्रोही दुवै पक्षलाई 'वार्ता प्रक्रियामा' जान फेरि प्रेरित गर्नेछन् । यसो भएमा शान्तिपूर्ण रुपमा समस्या समाधानको लागि अग्रगामी सुधारका प्याकेजहरु अघि बढाइने छ । विद्रोही, सत्तामा रहेको परम्परावादी शक्ति र जनताको शक्तिको रुपमा रहेको विभिन्न राजनीतिक दलहरु पुनः आ-आफ्ना एजेन्डामा अन्तरक्रिया, बहस र छलफलको आयोजनामा जुट्ने छन् । समाजमा परिवर्तनको माहौल देखिने छ । र, प्रजातन्त्रलाई सुदृढ गर्ने, जनतालाई पूर्ण सार्वभौम बनाउने र राजसंस्थालाई सम्पूर्ण रुपमा संवैधानिक बनाउने प्रक्रियामा धेरै माथा-पच्ची शुरु हुने छ । विद्रोहीको हतियार व्यवस्थापनदेखि त्यसलाई मूलप्रवाहमा सामेल गर्ने नयाँ संक्रमणकालीन अवस्था सृजना हुने छ । यो संक्रमणकाल तुलनात्मक रुपमा लामै हुने छ । यस बीचमा पनि शक्तिहरु बीच ध्रुवीकरण र एकीकरणको प्रक्रिया शुरु हुन सक्छ ।

यस्तो परिदृश्यमा हाम्रो आन्दोलनले निम्न चुनौतीको सामना गर्नु पर्ने छ-

- जिफन्टले थुप्रै प्रतिस्पर्धीहरुसँग प्रतिस्पर्धा गर्नु पर्ने छ, परम्परागत मित्रशक्ति बीच पनि विभाजन आउन सक्छ ।
- नयाँ 'लडाकु' शक्ति, नयाँ प्रतिस्पर्धीको रुपमा आउन सक्छ । यो शक्तिको कारणले "विधिको भन्दा शक्तिको प्रत्यक्ष प्रभाव" औद्योगिक सम्बन्धमा पर्न सक्छ ।
- जिफन्ट वृहत र व्यापक आन्दोलनको रुपमा भन्दा पनि छिटफुट श्रम विवाद मार्फत शक्ति संचय गर्ने निहित स्वार्थमा सीमित रहन बाध्य हुन सक्छ ।

यो परिदृश्यसँगै संभावनाको अथाह अवसरहरु पनि आउन सक्छन् -

- आम श्रमजीवी वर्गमा नयाँ उत्साह र आसा पलाउने छ ।
- जिफन्ट लगायत मूलधारका ट्रेड यूनियन आन्दोलन वृहत्तर संरचना भित्र एकजुट हुनेछन् । यूनियन आन्दोलन भित्र अप्रजातान्त्रिक र अनुदारवादी शक्तिको फैलावटलाई निस्तेज पार्न प्रजातान्त्रिक शक्तिहरु राष्ट्रिय रुपमै क्रियाशील हुने छन् ।
- जिफन्ट सामाजिक न्याय र आफ्नो लक्ष्यलाई पुष्टि गर्ने 'लोककल्याणकारी राज्य' को अवधारणा लागू गराउन सम्पूर्ण शक्तिका साथ क्रियाशील हुने छ । समाजमा ट्रेड यूनियनको महत्व झन् विस्तार हुनेछ ।
- सबै सामाजिक सहयात्री नयाँ अर्थ व्यवस्था र सामाजिक रुपान्तरणको राष्ट्रिय सहमतिमा उभिने छन् । यूनियन आन्दोलन अनिवार्य र सर्वस्वीकार्य संस्थाको रुपमा स्थापित हुनेछ ।
- अन्तरराष्ट्रिय यूनियन आन्दोलनको पूर्ण ऐक्यबद्धता प्राप्त हुनेछ ।
- यूनियन आन्दोलन सामाजिक आन्दोलनको रुपमा दूरदृष्टिकोण (भिजिनरी मुभमेन्ट) को रुपमा अगाडि बढ्ने छ ।

तर, पछिल्लो अवधिमा विद्रोहीबाट भएका अराजनीतिक तथा असामाजिक क्रियाकलाप र अन्तरराष्ट्रिय शक्ति केन्द्रको राज्यमाथिको दवावलाई हेर्दा 'शान्तिपूर्ण रुपमा समस्याको समाधान' को संभावना कमजोर हुँदै गएको छ । यस्तो अवस्थामा हाम्रो देशको द्वन्द्वले परिदृश्य-३ तिर हामीलाई लैजान सक्छ ।

बाटो तयार गर्न सकिन्छ । तर, यो त्यति सहज छैन । युद्धरत दुई शक्ति मध्ये एक पक्ष कमजोर रहेकै अवस्थामा संवादका लागि मनोवैज्ञानिक वातावरण तयार भएको हुँदैन । अर्थात, शक्ति संचयका हिसाबले दुवै पक्ष समान स्तरमा रहेको अवस्थामा मात्र संवाद अर्थपूर्ण हुने विज्ञहरुको ठहर छ । युद्ध जित्नु आन्दोलनकारीहरुको एकमात्र लक्ष्य हो । उनीहरुलाई पराजयसँग डर हुन्न किनकि उनीहरु पराजित (तिरस्कृत) भएकै कारण विजयका लागि युद्धमा सामेल भएका हुन्छन् । राज्यको स्थिति यस्तो हुँदैन, त्यसले पराजयको कल्पना गर्न सक्दैन किनकि राज्यले युद्ध हार्‍यो भने जित्नका लागि केही बाँकी रहन्न । तसर्थ, नहार्नका लागि राज्यले आन्दोलनकारीहरुलाई संवादमा ल्याउन हरतरहको प्रयत्न र पहल गर्नुपर्छ ।

जनयुद्धको सन्दर्भमा कुरा गर्दा संवादको वातावरण नबन्नुमा प्रमुख रुपमा सरकार दोषी देखिन्छ । विगतमा विद्रोही पक्षबाट संवादका लागि केही पहल भए, तर सरकारी पक्षको संवेदनशीलताको अभावमा संवादको प्रक्रिया वादविवाद भन्दा माथि उठ्न सकेन । संवाद र वादविवाद फरक कुरा हुन् । आ-आफ्ना हठ र स्वार्थहरु त्याग्न नसकेसम्म संवादको वातावरण बन्दैन । जनयुद्धको सन्दर्भमा कुरा गर्दा निश्चित राजनीतिक स्वार्थ पूर्तिका लागि मात्र संवाद शब्दको प्रयोग भएको देखिन्छ । यसका लागि वास्तविक पहल भएको छैन ।

५. **क्रान्तिकारी सुधारका कार्यक्रमः** द्वन्द्व रुपान्तरण गर्न निम्न क्षेत्रमा सुधारका कार्यक्रमहरु संचालन गर्नुपर्छ :

**क. भूमिसुधारः** भूमिमाथिको सामन्ती शोषण पूर्णतया अन्त्य गरी सुकुम्वासी तथा साना किसानको हितमा हुने गरी क्रान्तिकारी भूमिसुधार गरिनु पर्छ । भूमिको उपलब्धता र उत्पादन क्षमतालाई मनन गरी पहाड, तराइ र काठमाडौं उपत्यकाका लागि वैज्ञानिक रुपमा हदबन्दीको व्यवस्था गर्नु पर्छ । हदबन्दीभन्दा माथिको जग्गा सरकारीकरण गरी भूमिहीन र गरीब वर्गमा वितरण गरिनु पर्छ । भूमि वितरणसँगै कृषि संबन्धी आवश्यक भौतिक पूर्वाधारको विकास गर्नुपर्छ । गाउँ नै गाउँले भरिएको हाम्रो देशमा ग्रामीण औद्योगीकरण गरी गाउँमा रोजगारी र आय आर्जनको अवसर सिर्जना गर्न आवश्यक नीति र कार्यक्रम संचालन गर्नु पर्दछ । यस्तो औद्योगीकरणको प्रक्रियालाई सफल पार्न गरीबपक्षीय बैंकिङ्ग प्रणाली, ग्रामीण सहकारी र आवश्यक कृषि सेवाको व्यवस्था हुनुपर्छ ।

**ख. शासन प्रणालीमा सुधारः** विद्यमान केन्द्रिकृत शासन प्रणालीलाई स्थानीय निकायहरुको क्षमता विस्तार गरी विकेन्द्रिकृत गरिनु पर्छ । अवसर, सेवा र सुविधाको विकेन्द्रिकरण नभएसम्म अभाव र उत्पीडन कायमै रहन्छ । महिला, अल्पसंख्यक जनजाति र दलितहरुलाई राजनीतिक, आर्थिक र सामाजिक मूल प्रवाहमा समान रुपमा समाहित गर्न आवश्यक राजनीतिक, कानूनी र सामाजिक कार्यक्रम संचालन गर्नु पर्छ ।

जिल्ला तथा स्थानीय प्रशासनलाई सक्षम, निस्पक्ष र गरीबमुखी बनाउन आवश्यक सुधार कार्यक्रम संचालन गर्नु पर्छ । स्थानीय निकायका पदाधिकारीहरुको नियुक्ति लोक सेवा आयोगको दायरा भित्र रही गर्ने, गराउने र तिनीहरुको सरुवा, बढुवा र खारेजीमा भइरहेको नातावाद, कृपावाद र परिवारवादको पूर्ण रुपले अन्त्य हुनै पर्छ ।

माओवादी द्वन्द्वका प्रमुख आर्थिक कारणहरुलाई सम्बोधन गर्न विशेष आर्थिक कार्यक्रम संचालन गर्ने र यो कार्यक्रमले महिला, वेरोजगार युवा, जनजाति तथा दलितहरुको समस्या समाधानमा विशेष जोड दिनु पर्छ ।

विध्वंस र विनासमा संलग्न युवा वर्गका लागि सुधारात्मक शिक्षा र रोजगारमूलक तालिमको व्यवस्था गरी उत्पादनशील र सिर्जनात्मक जीवन जिउने वातावरण समेत तयार गर्नु पर्छ ।

### संभावित राजनीतिक परिदृश्य : जिफण्टको अवधारणा

## परिदृश्य ३. चरम राष्ट्रिय संकट

राज्य 'समस्याको सैनिक समाधान' मा अडिने र विद्रोही सामरिक शक्तिबाट राज्य सत्ता कब्जा गर्ने रणनीतिमा अडिइ रहन सक्छन् । यस्तो स्थितिमा जनताको शक्तिको भूमिका कमजोर हुन्छ । र, विदेशी शक्ति केन्द्रको हस्तक्षेप तीव्र हुने छ । हस्तक्षेप र द्वन्द्व जारी रहेमा देश गृहयुद्धमा फस्नेछ र नेपाल असफल राष्ट्रको रुपमा रुपान्तरित पनि हुन सक्छ । यो अवस्थामा हाम्रो राष्ट्रियता नै धरापमा पर्न सक्छ ।

यस्तो अवस्थामा ट्रेड यूनियन आन्दोलनले निम्न चुनौतीको सामना गर्नु पर्ने छ-

- श्रम बजारमा औद्योगिक सम्बन्धको प्रसंग फेरिने छ । चरम अराजकता सामाजिक यथार्थ हुने छ । चरम निराशा सहित श्रमजीवी जनताको व्यापक विस्थापन हुने छ ।
- यूनियनको शक्ति कमजोर हुनेछ । विभाजन र द्वन्द्वले आन्दोलन भित्र पनि प्रवेश पाउने छ ।
- वर्गीय अधिकार र सामाजिक सुरक्षाको विषय गौण हुने छ । राष्ट्रियताको विषय प्रमुख हुने छ ।
- सामाजिक सम्वाद पूर्णतः टुट्ने छ ।

यसबाट केही अवसरहरु पनि प्राप्त हुने छन् -

- जिफन्टले आफ्नो परम्परागत 'लडाकु' प्रवृत्ति पुनः अघि बढाउने छ । देशभक्त, राष्ट्रियता र प्रजातन्त्रवादी शक्तिहरुको साझा घरको रुपमा यसले आफूलाई विकास गर्ने छ ।
- यूनियन आन्दोलन रक्षात्मक आन्दोलनको रुपमा टिकिरहने छ । अन्तरराष्ट्रिय यूनियन आन्दोलनबाट नैतिक ऐक्यबद्धता समेत प्राप्त हुनेछ ।

भावी दिनमा कस्तो राजनीतिक परिदृश्य अघि आउँछ, त्यही अनुरुपको चुनौतीको सामना गर्न र अवसरको सदुपयोग गर्न हामीले नेपालको ट्रेड यूनियन आन्दोलनलाई तयार राख्नै पर्छ । चौथो राष्ट्रिय महाधिवेशनको थेम- "प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन" ले हाम्रो दृष्टिकोणलाई स्पष्ट प्रतिविम्वित गरेको छ ।

# शान्तिवार्ता प्रक्रियामा तेस्रो पक्षको भूमिका



गौरी प्रधान

द्वन्द्व व्यवस्थापन र द्वन्द्व रुपान्तरणको सिद्धान्त अनुसार तेस्रो पक्षको संलग्नताको सम्बन्धमा संसारमा खासगरी तीन वटा फरक-फरक अवधारणाहरुको विकास भएको देखिन्छ । जसलाई सामान्य भाषामा क्रमश: पहिलोलाई औपचारिक हस्तक्षेप अर्थात "ट्र्याक वन" डिप्लोम्यासी, दोस्रोलाई अनौपचारिक हस्तक्षेप अर्थात "ट्र्याक टू" डिप्लोम्यासी र तेस्रोलाई "ट्र्याक थ्रि" डिप्लोम्यासी अर्थात नागरिक समाजको हस्तक्षेप भनिन्छ। यसलाई कतिपय देशमा "जनसहजकर्ता" को संज्ञा पनि दिने गरिएको छ। संसारमा भएका सशस्त्र संघर्ष वा युद्धका परस्पर विरोधी पक्षहरुबीचको शान्ति सम्झौताको सन्दर्भमा आजभोलि तेस्रोपक्षको संलग्नता लोकप्रिय हुँदै गएको छ । कैयन देशमा यसखाले अवधारणाको व्यावहारिक पक्ष पनि क्रमश: सफल र प्रभावकारी बन्दै गइरहेको छ।

श्रीलंका, आयरल्याण्ड, सियरालियोन, कम्बोडिया, इथियोपिया, बुरुन्डी, सोमालिया, इजिप्ट-इजरायल शान्ति सम्झौताको सन्दर्भमा विभिन्न थरिका तेस्रो पक्षको संलग्नता रहेको थियो । तर, दक्षिण अफ्रिकाको शान्ति प्रक्रिया भने फरक थियो र त्यहाँ तेस्रो पक्षको प्रत्यक्ष संलग्नता थिएन । तेस्रो पक्षको संलग्नताको पहिलो र आधारभूत कुरा भनेको त्यो सबैको निम्ति स्वीकार्य हुनु हो । माथि उल्लेखित पहिलो अवधारणा अनुसार संलग्न तेस्रो पक्षले शान्ति सम्झौताको दौरान आवश्यकता अनुसार आफ्नो शक्ति र प्रभाव पनि प्रयोग गर्दछ । यो खासगरी प्रभावशाली राष्ट्र, समूह र संयुक्त राष्ट्रसंघले गर्ने गरेको हस्तक्षेपको दौरान हुने गर्दछ । तर, दोस्रो अवधारणा अनुसार संलग्न तेस्रो पक्षले आफ्नो शक्ति र अधिकार प्रयोग गर्दैन । बरु उसले आफ्नो वुद्धि, विवेक, कार्यकुशलता र कुटनीतिलाई प्रयोग गरी त्यसलाई सफल बनाएको हुन्छ । श्रीलंकामा हाल भइरहेको शान्तिवार्ता वास्तवमा "ट्र्याक टू" डिप्लोम्यासी अन्तर्गत पर्दछ।

जहाँसम्म हाम्रो देशको वर्तमान परिवेशको सवाल छ, शान्ति सम्झौताको निम्ति तीनैखाले गतिविधिहरु सक्रिय रहेको भए तापनि त्यसले खास प्रभावकारी परिणाम निकाल्न सकेको छैन । हाम्रो देशको सन्दर्भमा सिद्धान्तत: "ट्र्याक थ्रि" एप्रोच अर्थात "जनसहजकर्ता"को अवधारणा स्थापित हुन गइरहेको छ। वास्तवमा शान्ति सम्झौताको यो अवधारणा उपयुक्त र राष्ट्रिय हितको पक्षमा पनि छ। अर्थात्, आफ्नो देशको द्वन्द्व समाधान आफ्नै देशको वुद्धि, विवेक र सीप प्रयोग गरी गर्नु पर्दछ र त्यो सफलता सिङ्गो देशको लागि एउटा महान काम पनि हुनेछ।

विगत ८ वर्षको दौरान, सरकार र माओवादीबीच भइरहेको सशस्त्र संघर्षको अन्त्य र शान्ति सम्झौताको सम्बन्धमा धेरै प्रयत्नहरु भए । राजनीतिक पार्टीहरु, मानवअधिकार समुदाय र नागरिक समाजको तर्फबाट पनि विभिन्नखाले कामहरु भए। संयुक्त राष्ट्रसंघ लगायत कतिपय देशले यसको निम्ति आफ्नो सेवा र तत्परता जाहेर पनि गरे । कैयन अन्तर्राष्ट्रिय संघसंस्थाहरुले द्वन्द्वका दुवै पक्षसँग सम्पर्क सूत्र कायम गरी वार्तालाई अगाडि बढाउन प्रयत्न गरे। तर, विगतमा पनि पद्मरत्न र दमननाथको प्रयत्नलाई मात्रै साथ मिल्यो र वार्ताको प्रक्रियाहरु अगाडि बढ्यो। अफसोच ! उहाँहरुको प्रयत्न र सिंगो देशको शुभकामनाको बाबजुद पनि सफल हुन सकेन। त्यसका धेरै कारणहरु हुन सक्दछन्।

शान्तिवार्तामा संलग्न हुने धेरैको चाहना देखियो। हामीले यसबीच थरिथरिका "सहजकर्ता" हरु पनि देख्यौं र भोग्यौं पनि। शान्ति स्थापना गर्ने जस्तो महान कार्यमा योगदान दिन चाहने सबैको असल भावनालाई कदर गर्नैपर्छ। तर, चाहना राख्दैमा सबै मानिसहरु सहजकर्ता हुन सक्दैनन्। सरकार माओवादी वार्ता वा राजनीतिक पार्टीहरुको गोलमेच सम्मेलन वा सर्वपक्षीय सम्मेलन जस्ता विषयवस्तुमा जनसरोकारका विषयवस्तुहरु उठाउन पाउनु सबैको हकअधिकार हो । त्यहाँ राजनीतिक पार्टीहरुका नेताहरुको साथसाथै मानवअधिकार आन्दोलन, महिला आन्दोलन, दलित र जनजाति आन्दोलन लगायतका सामाजिक आन्दोलनहरुले त्यस प्रक्रियामा सहभागी हुन पाउनुपर्दछ। त्यहाँ आफ्ना सरोकारका विषयवस्तुहरु उठाउन पाउनुपर्दछ। तर, त्यसको अर्थ सबैले सहजकर्ताको भूमिका खोज्नु मनासिब हुँदैन।

युद्धविराम र शान्ति सम्झौताको दौरान समाजका सबै पक्षहरुको आ-आफ्नो भूमिका रहेको हुन्छ । यसक्रममा मानवअधिकारवादी संस्थाहरुले युद्धविराम र शान्तिप्रक्रियाको सम्बन्धमा "मानवअधिकार-आचार संहिता" तर्जुमा गरी सहजकर्ताहरुको माध्यमबाट त्यसलाई सरकार र माओवादी दुवै पक्षबाट स्वीकार्न लगाउनुको साथै त्यसको अनुगमन गर्नुपर्दछ। नागरिक समाज र मानवअधिकार समुदायहरु मिलेर सशस्त्र द्वन्द्वको अन्त्य, अपहरित र गैरकानुनी बन्धकहरुको रिहाइ, वेपत्ता पारिएकाहरुको यथार्थ जानकारी, बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र पुनर्स्थापनाको ग्यारेण्टी, घाइतेहरुको उपचार, मानवीय सेवा र सहायताहरुको आपूर्ति र खाद्य सुरक्षाको व्यवस्थामा जोड दिनुपर्दछ। सबै मानिसहरु मानवअधिकारवादी हुन सक्दछन् तर सबै मानवअधिकारवादीहरु सहजकर्ता हुन सक्दैनन्। उनीहरुको मुख्य काम सहजकर्ता बन्नु नभएर देशमा मानवअधिकार

र मानवीय कानुनको रक्षा गर्नु र द्वन्द्वका पक्षहरुलाई तदनुरुप व्यवहार गर्न प्रोत्साहित गर्नु र त्यस कार्यमा जागरुक पर्यवेक्षकको भूमिका निर्वाह गर्नु हो ।

हाम्रो देश अहिले सामाजिक रुपान्तरणको प्रसव बेदनामा तड्पिरहेको छ । यस्तो बेलामा हामीले गम्भीर र जिम्मेवारीपूर्वक काम गऱ्यौं भने मात्रै दिगो शान्ति र न्यायपूर्ण समाजको स्थापना हुन सक्दछ । यसको निम्ति के पत्रकार, के शिक्षक, के मानवअधिकारवादी, के वकिल, के वुद्धिजीवी समाजका हरेक जागरुक पक्षले शान्ति र न्यायको पक्षमा योगदान दिनु जरुरी छ । जहाँसम्म शान्तिवार्तामा जनसहजकर्ताहरुको भूमिका छ, त्यो सबै हिसाबबाट सक्षम र परिपक्व हुनु पर्दछ । अबको वार्तामा जनसहजकर्ताहरुले खबर ओहर-दोहर गर्ने हलकारा, वार्तालाई नजिकबाट हेर्ने साक्षी, समाचारको स्रोत र शीर्षक भएर मात्रै पुग्दैन । उनीहरू वर्तमान अन्यौल र अप्ठ्यारो परिस्थितिलाई व्यवस्थित ढङ्गले सार्थक र निर्क्यौलमा पुऱ्याउन पनि क्रियाशील हुनुपर्दछ ।

यसको निम्ति जनसहजकर्ताहरुले युद्धविराम, शान्ति प्रक्रिया र मानवअधिकारको विषयहरुमा बनेका आचार संहिता र परस्पर विरोधी पक्षहरुको राजनीतिक एजेण्डा र जनसरोकारका विषयवस्तुलाई गहन गरी तदनुरुप वार्ताका विषयहरु तर्जुमा गर्नुपर्दछ । जनसहजकर्ताहरुले शान्तिवार्तालाई असर पार्ने खालको टिकाटिप्पणी, लेख रचना र अन्तरवार्ताहरु प्रकाशित गर्नु हुँदैन । आफूले गर्ने सम्पूर्ण कुराहरु "प्रो-एक्टिभ" एप्रोचको आधारमा गर्नुपर्दछ र राजनीतिक पार्टीहरु र जनसमुदायहरुलाई त्यही भावनाअनुरुप काम गर्न अपिल गर्नुपर्दछ । जन सहजकर्ताको मुख्य काम भनेको द्वन्द्व र द्वन्द्वसँग सम्बन्धित सबै कुराहरुको वैज्ञानिक विश्लेषण गरी त्यसको उपयुक्त र भरपर्दो निकास खोज्नु हो ।

परस्पर विरोधी पक्षहरुबीचको शान्तिवार्ताको यात्रा तय गर्ने कुरा सजिलो छैन । समय-समयमा वार्ताकारहरु बीच सानो-मसिनो कुरादेखि गम्भीर सवालहरुमा मतभेद हुन सक्दछ, त्यस्ता विषयहरुमा विवेकपूर्ण ढङ्गले हस्तक्षेप गरिएन भने त्यसले वार्ताको काम भाँडिन पनि सक्दछ । तसर्थ, जनसहजकर्ताहरुले वार्ताको विषयवस्तु तय गर्नुको साथसाथै त्यसलाई कसरी अगाडि बढाउने भन्ने प्रक्रियाको सन्दर्भमा एउटा सर्वस्वीकृत "कार्यसूची र नियम" तर्जुमा गर्नुपर्दछ । जनसहजकर्ताहरु स्वयंमा यस विषयमा विशेषज्ञता र समन्वय क्षमता हुनु आवश्यक छ । कथंकदाचित त्यसो हुन नसकेमा उहाँहरुले आफ्नो साथमा असाध्य भरपर्दो, क्षमतावान र गतिशील विशेषज्ञहरुको समूहको सहयोग लिएर काम गर्नुपर्दछ । शान्तिवार्तालाई सहभागितामूलक र प्रक्रियाउन्मुख बनाउन आश्यकताअनुसार दुईपक्षीय र बहुपक्षीय वार्ताहरु (औपचारिक र अनौपचारिक) को तर्जुमा गर्नुपर्दछ । वार्ता प्रक्रियालाई आवश्यकतानुसार पारदर्शी बनाउन एक सक्षम प्रवक्ताको व्यवस्था पनि गर्नुपर्दछ ।


सहजकर्ताको महत्वपूर्ण गुण र विशेषता भनेको ऊ सर्वस्वीकार्य र निष्पक्ष हुनु जरुरी छ । शान्तिवार्तामा सहजकर्ताको 'आफ्नो' छुट्टै एजेण्डा हुनुहुँदैन र ऊ सधैंभरि साझा सरोकार र साझा सहमतिको निम्ति प्रयत्नशील हुनुपर्दछ । सहजकर्ताहरूले द्वन्द्वका पक्षहरुसँग आवश्यकतानुसार छुट्टाछुट्टै र सँगसँगै भेट्नुपर्दछ । साथसाथै वार्ताको वातावरणलाई जागरुक बनाइ राख्न उसले अन्य पक्षहरुसँग पनि सम्पर्क राखिरहनु पर्दछ । हाम्रो देशको सन्दर्भमा अब निकट भविष्यमा हुने शान्तिवार्तालाई एउटा सार्थक र परिणाममुखी अवस्थामा पुऱ्याउन सहजकर्ताहरुले द्वन्द्वको प्रकृति, द्वन्द्वका पक्षहरु र उनीहरुका राजनीतिक अडान, जनसरोकारका विषयवस्तुहरुको गम्भीर अध्ययन विश्लेषण गर्नु पर्दछ । त्यसैगरी शान्तिवार्तालाई भत्काउन र बिगार्न चाहने तत्वहरुको बारेमा पनि यथेष्ट जानकारी राख्नु जरुरी छ । सहजकर्ताहरुले कहिले पनि सम्पूर्ण समस्याहरुको एकैचोटी समाधान खोज्नु हुँदैन । हाम्रो देशको विविध समस्याको प्रकृति फरक-फरक हुँदा सहमति भएका विषयवस्तुलाई अगाडि सार्दै विवादमा रहेका विषयवस्तुहरुलाई सिलसिलेवार ढङ्गले मिलाउन प्रयत्न गर्नुपर्दछ ।

कुनैपनि वार्ता सफल हुन्छ कि हुँदैन भन्ने कुरा त्यसको वातावरण र वस्तुगत परिस्थितिमा भर पर्दछ । तर, सहजकर्ताहरु वार्ताको टेबलमा बस्दा कठिन भन्दा कठिन परिस्थितिलाई पनि सम्हाल्न सक्ने परिस्थितिमा तयार हुनुपर्दछ । यसको निम्ति उसले (१) वार्ताका सहभागीहरु (२) वार्तामा नियमहरु (३) वार्ताका पक्षहरुको अस्तित्वको सम्मान (४) समझदारी र सम्झौताको कार्यान्वयन (५) वार्ताको स्वरुपहरुबारे सहमति (६) वार्ताको स्थान वा ठाँउको छनौट (७) वार्ता सम्बन्धी सार्वजनिक जानकारीको प्रक्रिया (८) वार्ताका सहमतिहरुको कार्यान्वयन (९) वार्ता व्यवस्थापन, र (१०) निर्णय प्रक्रिया इत्यादिको बारे सुस्पष्ट हुनु अति जरुरी छ ।

द्वन्द्व व्यवस्थापनको अर्थ युद्धविराम वा सशस्त्र संघर्षहरुको स्थगन मात्रै होइन, बरु न्याय, समानता र परिवर्तनको निम्ति द्वन्द्व रुपान्तरणको प्रक्रिया पनि हो । द्वन्द्व व्यवस्थापनको सिद्धान्त अनुसार सहजकर्ताहरुले द्वन्द्वका विषयवस्तुहरु, द्वन्द्वका पक्षहरु र जनसरोकारका विषयवस्तुहरुलाई गहनतापूर्वक अध्ययन गरी त्यसको विश्लेषण गर्नुपर्दछ । द्वन्द्व समाधानको सन्दर्भमा सहजकर्ताहरुले विद्यमान चुनौती र अवसरहरुको पनि विश्लेषण गर्नुपर्दछ । जहाँसम्म हाम्रो देशको वर्तमान द्वन्द्व र विवादको समाधानको कुरा छ, यसलाई हतारोमा भन्दा व्यवस्थित ढंगले अगाडि बढाउनु जरुरी छ । सहजकर्ताहरुले अहिलेको अवस्थामा बिग्रेको वातावरण बनाउने हो भने खासगरी नयाँ सम्बिधान के कसरी बनाउने भन्ने सम्बन्धमा सम्बिधान सभा, सम्बिधानसंशोधन र सम्बिधान पुनरलेखनको विषयमा सुस्पष्ट अवधारणा विकास गरी आम सहमति कायम गरी वार्ता प्रक्रियालाई अगाडि बढाउनु अहिलेको मूल आवश्यकता हो ।

**"द्वन्द्व व्यवस्थापनको अर्थ युद्धविराम वा सशस्त्र संघर्षहरुको स्थगन मात्रै होइन, बरु न्याय, समानता र परिवर्तनको निम्ति द्वन्द्व रुपान्तरणको प्रक्रिया पनि हो ।"**

# किन बढ्दैन कृषि मजदुरको ज्याला ?



रुद्र गौतम

कृषि प्रधान देश नेपालमा कृषिको विकास बिना देशको विकास सम्भव नभएको स्वीकार गर्दै कृषिलाई प्राथमिकता दिई प्रशस्त रकमहरु पनि खर्च गरिंदै आएको छ । तर, अत्यधिक संख्यामा रहेका कृषि मजदुरहरुको हक-हितका विषयमा धेरै लामो समयसम्म कुनै पनि सरकारले केही सोचेनन् । कृषि क्षेत्रमा काम गर्ने मजदुरहरुको आर्थिक-सामाजिक विकास बिना कृषिको विकास हुन नसक्ने कुरा कुनै पनि योजनाविद्ले बुझ्न सकेनन् वा बुझेर पनि बुझ पचाए ।

बरु, थोरै संख्यामा रहेका कलकारखानामा काम गर्ने मजदुरहरुका लागि न्यूनतम ज्याला तोक्ने काम सन् १९६५ मा बिराटनगरबाट शुरु भयो र १९७३ मा अधिराज्यका सबै कारखाना मजदुरहरुको न्यूनतम ज्याला निर्धारण गरियो । सो ज्याला पटक-पटक पुनरावलोकन गर्दै पछिल्लो पटक २००३ मा पुनरावलोकन गरी दैनिक रु. ७४ ।- बढाइ रु. ९०।- पुऱ्याइयो । त्यसैगरी यस क्षेत्रका श्रमिकहरुले संगठन खोल्न पाउने व्यवस्था पनि आजभन्दा १२ वर्ष पहिला नै भयो, तर कृषि मजदुरहरुले संगठित हुने कानुनी हक भने चार वर्ष अगाडि मात्र प्राप्त गरे ।

बहुदलीय व्यवस्थाको पुनर्बहाली पछिका धेरै सरकारहरुले पनि यस विषयमा कुनै चासो लिएनन् । सन् १९९५ मा स्व. मनमोहन अधिकारीको प्रधानमन्त्रीत्व कालमा कृषि मजदुरहरुलाई न्यूनतम ज्याला दिलाई शोषणबाट बचाउने उद्देश्यले शोषणबाट पीडित कृषि मजदुरका हक हितका लागि उपयुक्त व्यवस्था गर्न श्रम मन्त्रालय मार्फत एक अध्ययन गराइएको थियो । सो अध्ययनले विभिन्न भौगोलिक क्षेत्रमा काम गर्ने कृषि मजदुरका न्यूनतम आवश्यकता पूरा गर्न लाग्ने खर्च फरक-फरक भएको हुँदा तीनवटै भौगोलिक क्षेत्रका कृषि श्रमिकका लागि छुट्टा-छुट्टै ज्याला तोक्नु व्यावहारिक हुने निचोड निकालेको थियो । र, तत्कालीन अवस्थामा कृषि मजदुरको लागि आवश्यक न्यूनतम क्यालोरी, लुगाफाटा तथा अन्य अत्यावश्यक आवश्यकताहरु सीमित मात्रामा पूरा हुने र किसानहरुको आर्थिक अवस्था पनि प्रभावित नहुने गरी दैनिक न्यूनतम ज्याला हिमाली, पहाडी र तराइका मजदुरहरुका लागि क्रमशः रु. ८० ।-, रु. ६०।- र रु. ५०।- कायम गर्नु पर्ने सुझाव दिएको थियो ।

तर, नौ महिना नबित्दै सो सरकारलाई ढाली अर्को सरकार बहाली भएकोले उक्त सिफारिस कार्यान्वयन हुन भ्याएन । नेपालको विडम्बना के रहँदै आएको छ भने विश्वासको संकटका साथै पूर्वाग्रहका कारण अघिल्लो सरकारले गरेका कतिपय राम्रा कामलाई पनि पछिल्ला सरकारले नस्वीकार्ने र त्यसलाई निरन्तरता दिई छिटो विकास गर्ने परिपाटी अँगाल्नुको सट्टा बेग्लै किसिमले अगाडि बढ्ने ढिपीले गर्दा त्यसपछिका सरकारले उक्त अध्ययनको सिफारिस त्यसै तुहाइ दिए ।

लगभग ५ वर्ष पछि सन् २००० मा नेपाली कांग्रेसको सरकारले हचुवाको भरमा न्यूनतम ज्याला दैनिक रु. ६०।- तोक्यो । जुन ज्यालादर हालसम्म पनि कायम छ । उक्त ज्याला निम्न कारणले गर्दा मजदुरहरुको हितमा छैन ।

१. अधिराज्यका विभिन्न क्षेत्रका मजदुरहरुको न्यूनतम आवश्यकताका लागि हुने खर्च फरक-फरक हुने भएकाले यसरी अधिराज्यभरका मजदुरहरुको ज्याला तोक्नु व्यवहारिक छैन ।

२. सिफारिस गरिएको र ज्याला तोकिएको बीचको ४/५ वर्षको मुद्रा स्फितिलाई ध्यानमा राख्ने हो भने सबै क्षेत्रका मजदुरहरुको ज्यालामा सिफारिस गरिए भन्दा अरु वृद्धि हुनु पर्दथ्यो । तर, सिफारिस अनुसार पनि भएन ।

उक्त सरकारी निर्णयमा राष्ट्रिय न्यूनतम ज्यालामा नघटाई हरेक जिल्ला विकास समितिले छुट्टै ज्याला तोक्न सक्ने व्यवस्था छ तर प्रायः सबै जिविसमा प्रतिनिधित्व माथिल्लो वर्गकाको हुने र कृषकको हितमा नै उनीहरुको हित हुने हुँदा मजदुरको पक्षमा ज्याला वृद्धिको निर्णय गर्न अगाडि सर्दैनन् ।

जे होस्, 'नहुनु भन्दा कानो मामा निको' भने झैं अपहेलित मजदुरहरुका सम्बन्धमा कम्तीमा पनि राज्यले चासो लिन थाल्नुलाई एक कदम प्रगतिशील नै मान्नु पर्दछ । तर, दुर्भाग्यको कुरा के छ भने सरकारले राष्ट्रिय स्तरमा तोकेको न्यूनतम ज्याला पनि कतिपय जिल्लामा लागू भएको छैन । अहिले पनि धेरै ठाउँका कृषि मजदुरहरु दैनिक रु. १५।- वा सो बराबर ज्यालामा काम गर्न बाध्य छन् भने कतिपय ठाउँमा रु. ६०।- भन्दा बढी पनि ज्याला पाइरहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने कृषि मजदुरहरुको ज्याला निर्धारण कानुनले भन्दा पनि माग र पूर्तिले निर्धारण गर्ने गरेको पाइन्छ । उनीहरुको ज्याला र न्यूनतम आवश्यकतासँग कुनै सम्बन्ध छैन ।

कारखानामा काम गर्ने मजदुरहरुको ज्याला रु. ७४। बाट रु. ९०। पुऱ्याइयो भने चिया बगानका मजदुरहरुको पनि रु. ६२। बाट रु. ७२। कायम गरियो, यस अवधिमा कृषि मजदुरको ज्यालामा कुनै वृद्धि गरिएन । ज्यालामा वृद्धि नहुँदा यस अवधिमा मूल्य वृद्धिका कारण मजदुरहरुको वास्तविक ज्याला ७ प्रतिशतले घटेको छ अर्थात् सन् २००० मा रु. ६०। ले पाउने वस्तु तथा सेवाहरु पाउनको लागि अहिले रु. ६४। भन्दा बढी खर्च गर्नु पर्दछ ।

यसरी शुरुमा नै न्यूनतम ज्याला कम तोकिनु र ४ वर्षसम्म ज्यालामा पुनरावलोकन नहुँदा हिजो कष्टकर जीवन बिताइरहेका कृषि मजदुरहरुको जीवन अरु कष्टकर हुँदै गएको छ ।




# जिफन्टको चौथो राष्ट्रिय महाधिवेशन भव्यताकासाथ सम्पन्न

"प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन" को मूल नारामा नेपाल ट्रेड यूनियन महासंघले आफ्नो चौथो राष्ट्रिय महाधिवेशन २०६१ बैशाख १९-२१ मा सम्पन्न गरेको छ। मे दिवसको अवसरमा गरिएको उक्त महाधिवेशनको उद्घाटन नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो।

महाधिवेशनले मुकुन्द न्यौपानेको अध्यक्षतामा ६ जना महिला सहित ४२ सदस्यीय राष्ट्रिय कमिटी र ११६ सदस्यीय राष्ट्रिय परिषदको निर्वाचन गरेको छ।

महाधिवेशनमा देशभित्रका चार सय प्रतिनिधिहरु र देश बाहिरका विभिन्न देशका विभिन्न संघ संस्थाका ३० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

महाधिवेशनले सचिवालयको प्रतिवेदन पारित गर्नुका साथै समयानुकूल विधान संशोधन गर्ने काम पनि गऱ्यो। महाधिवेशनद्वारा पारित प्रतिवेदनको मुख्य-मुख्य अंशहरु यस प्रकार छन् -

**राजनीतिक परिस्थितिबारे**

पछिल्लो अवधिमा राजनीतिक रुपमा तीन महत्वपूर्ण घटनाहरु घटेका छन्, जसले नेपाली राजनीतिलाई संकट र संभावनाको चौबाटोमा खडा गरिदिएको छ।

क) माओवादीको आतंक मात्रात्मक रुपमा फैलियो। अझ, सामरिक हिसाबले यो गुणात्मक रुपमा विस्तार भयो। यसले २०४६ सालको जन-आन्दोलनले तय गरेको शक्ति सन्तुलन खलबलियो।

ख) २०५८ जेठ १९ गते भयानक राजदरवार हत्याकाण्ड भयो। यसले सवा दुई सय वर्षदेखि चल्दै आएको परम्परागत राजसंस्थाको जग नराम्रोसँग हल्लियो।

ग) २०५९ साल असोज १८ गतेको प्रतिगामी शाही कदमबाट १२ वर्षदेखि चल्दै आएको प्रजातान्त्रिक प्रणालीमाथि असंवैधानिक प्रहार भयो। यसले नेपाली राजनीतिलाई अग्रगमन र प्रतिगमनको साँधमा अलपत्र पारिदियो।

**वर्तमान संकट र त्यसको कारणबारे**

१. प्रजातान्त्रिकरणको संक्रमणकाल लामो हुन गयो। उच्च आकांक्षा बोकेका जनताको धैर्य गुम्यो। उनीहरुमा आएको निराशाले असहमति, असन्तुष्टि, द्वन्द्व र विद्रोहलाई मलजल गऱ्यो।

२. पार्टीहरु बीच बढेको राजनीतिक प्रतिस्पर्धा प्रतिद्वन्द्वितामा बदलियो र त्यसबाट सृजित असहमतिले एकले अर्कालाई मास्ने तहमा पुऱ्यायो। सरकारले राष्ट्रिय स्वरुप ग्रहण गर्न नसकेकोले राज्यका अंगहरु एकपक्षीय बने र राजनीति माथितिर सीमित वृत्तभित्र केन्द्रीकरण हुन पुग्यो।

३. सामाजिक रुपमा रहेको बहुलता दलहरुमा उपयुक्त ढंगले प्रतिविम्वित हुन सकेन। सत्ता र सरकारमा रहेको सामन्तवाद तोडिएन बरु त्यो पार्टी-पार्टीमा सऱ्यो।

४. प्रजातन्त्र सुदृढीकरण गर्न स्थानीय निकायलाई स्वायत्त र अधिकार सम्पन्न बनाउनु पर्नेमा केन्द्रीय

सत्ताले स्थानीय निकायको समानान्तर संरचना तयार गरेर प्रजातन्त्रको जगलाई कमजोर पार्ने काम गऱ्यो ।

५. सिद्धान्तको आधारमा कार्यक्रम, कार्यक्रमको आधारमा चुनाव घोषणापत्र, घोषणापत्रको आधारमा गतिविधि सञ्चालन गर्ने विधि पार्टीहरुले अँगालेनन् । राजनीतिले ठाउँ छोडेकोले पार्टी भित्र आन्तरिक द्वन्द्व र गुटबन्दीले स्थान पायो । कुशासन, भ्रष्टाचार र समाजमा बढिरहेको निराशाले देब्रे र दाहिने दुवै अतिवादलाई प्रश्रय दियो ।

**संकट निकासका लागि आधार**

क) यथास्थितिमा देश चल्न सक्दैन, राज्यको संरचनामा फेरबदल गर्नु पर्छ ।

ख) प्रस्तावित राज्य संरचना फेरबदलको आधार २०४६ सालको जन-आन्दोलनको उपलब्धि हुनु पर्छ । यही जगमा टेकेर अग्रगामी फेरबदलमा अघि बढ्नु पर्छ ।

ग) प्रजातन्त्रको सुदृढीकरण र सामाजिक/राजनीतिक अन्तरविरोधको समाधानको काम एक-अर्कासँग गाँसेर अघि बढाउनु पर्छ ।

घ) अग्रगामी निकासको सन्दर्भमा विद्रोही, सत्ता पक्ष र मूलधारका राजनीतिक पार्टीहरु बीच रहेका प्रक्रियागत असहमतिलाई हल गर्न आधारभूत विषयमा सहमतिको 'प्याकेज' तयार गरिनु पर्छ ।

ङ) जनता पूर्णरुपमा सार्वभौम र राजसंस्था सम्पूर्ण रुपमा संवैधानिक हुने आधार निश्चित गरिनु पर्छ ।

**समकालीन नेपालको वर्गहरु र वर्ग स्वरुपमा आएको परिवर्तनबारे**

१. समाज नयाँ रुपमा ध्रुविकृत हुँदैछ, मध्यम वर्ग बढेको छ । गरिबीको रेखामाथि रहेको जनसंख्यामा मध्यम वर्गको पूर्णतः नियन्त्रण देखिन्छ ।

२. मध्यम वर्ग तरल, असन्तुष्ट र आग्रही वर्ग हो । यो वर्ग पाइरहेको उपलब्धिलाई छोडेर अदृश्य लाभका लागि आमूल परिवर्तन गर्ने खतरा मोल्न सामान्यतया तयार हुँदैन । यस अर्थमा, मध्यम वर्गलाई यथास्थितिवादी वर्ग भन्न सकिन्छ ।



३. तर, मध्यम वर्ग आधारित गतिशील युवा-विद्यार्थीको दवदवा "शहरिया आन्दोलनमा" रहेकोले यो वर्गको बोली जतातत्तै बिक्छ । हाम्रो आन्दोलनले यसलाई कसरी सही दिशा दिने, ध्यान दिनै पर्छ ।

४. अर्कोतिर झण्डै आधा जनसंख्या गरिबीको रेखामुन्तिर बाँचिरहेका छन् । यो विशाल वर्ग भित्र मूलधारका राजनीतिक शक्ति र जनताका संगठनहरुको पकड समेत कमजोर छ । त्यसैले गरीब वर्गको समस्याको हल संरचनागत परिवर्तनबाट मात्रै संभव छ । तर, त्यसो गर्न संख्यात्मक रुपमा बढिरहेको मध्यम वर्ग र परम्परागत रुपमा शासनसत्तामा टिकिरहेको उच्च वर्ग तयार देखिंदैन । संरचनागत परिवर्तन नगरी विद्यमान द्वन्द्व हल नै हुँदैन ।

५. गरिबी गाउँ आधारित छ, त्यहाँ विद्रोही शक्तिद्वारा संचालित हिंसाको बोलवाला छ । बहुदलीय व्यवस्थाको १२ वर्षमा संरचनागत सुधारको प्रयत्न पनि शहर आधारित भएको छ, त्यहाँ जनताको संगठनहरुको क्रियाशीलता पनि छ तर त्यसले 'विकराल समस्याको रुपमा रहेको' गरिबीलाई सम्बोधन गर्न सक्दैन ।

६. तर, समकालीन नेपाली समाजका अन्तरविरोध केवल वर्ग संरचनामा मात्र आधारित भने ठान्नु हुँदैन, जात-जाति, क्षेत्र र जेण्डर विषयलाई पनि समाजको संरचनाभित्र द्वन्द्व र समस्या उत्पन्न गर्ने महत्वपूर्ण तत्वको रुपमा लिनु पर्दछ । जातजातिको सन्दर्भमा छुवाछुत र दलितको समस्या, क्षेत्रको सन्दर्भमा अगुवा पूर्वेली र पछौटे मध्य तथा सुदुर पश्चिम एवं मधेशे-पहाडे समस्या र जेण्डर विषयमा महिला पुरुष विभेदका समस्या प्रमुख छन् ।

**महासंघको संरचनागत समस्या र सुधारको प्रस्तावबारे**

नेपाल ट्रेड यूनियन महासंघको झण्डै डेढ दशकको अनुभवको आधारमा वर्तमान सांगठानिक संरचनामा व्यवहारको क्रममा महसुस गरिएको समस्याको आधारमा सामयिक सुधारको आवश्यकता महसुस गरिएको छ ।

**राष्ट्रिय परिषद** नीति-निर्माणको प्रमुख तह हो । राष्ट्रिय परिषदमा सदस्य संघबाट सिधै महिला संख्या बढ्ने व्यवस्था प्रत्येक आबद्ध वा सम्बद्ध सदस्य संघबाट न्यूनतम सदस्य संख्या चारमा थप एक महिला सदस्य निर्वाचित गर्ने गरी राष्ट्रिय परिषदलाई अधिकार सम्पन्न 'व्यवस्थापिका' कै रुपमा विकास गर्ने ।

**राष्ट्रिय कमिटी** : राष्ट्रिय परिषदको नीतिगत निर्देशनमा कामको सम्पादन गर्ने, अनुमगन गर्ने र समीक्षा गर्ने कार्यकारी कमिटी भएकोले यसलाई "कार्यपालिका"को रुपमा विकास गर्ने ।

**केन्द्रीय योजना आयोग** नीति निर्माण, अनुसन्धान र लेखा परीक्षण- तीन प्रकृतिको काम गर्ने गरी केन्द्रीय योजना आयोगको गठन गर्ने । यस आयोग महासंघको उपाध्यक्षको नेतृत्वमा विज्ञहरु (अर्थशास्त्री, समाजशास्त्री आदि) र प्राविधिकहरु (लेखा परीक्षक, परियोजना संयोजक)

रहने गरी मर्यादा राष्ट्रिय परिषदको सदस्य सरह हुने, अधिकार प्रयोगको सन्दर्भमा भने उनीहरु पर्यवेक्षक वा सल्लाहकार मात्र हुने गरी सुदृढ गर्ने ।

सचिवालयको कामलाई वर्तमान व्यवस्थामा महासचिव "एक्लैबाट" संयोजन भइरहेकोमा परिवर्तन गरी महासचिवलाई दैनिक काममा सहयोग गर्न तीन जना उप-महासचिवहरु, क्षेत्रीय संयोजक, केममविको संयोजक र केन्द्रीय मुख्य सचिव रहने गरी परिमार्जन गरिएको छ । यो योजना कार्यान्वयन गर्ने र प्रशासन सञ्चालन गर्ने 'मन्त्रालय' जस्तै हो, जसले "कार्यपालिका" (राष्ट्रिय कमिटी) ले गरेको कामको योजनालाई व्यवहारमा लागू गर्छ ।

स्थानीय संरचना क्षेत्रीय तहमा सम्बन्धित क्षेत्रको सम्पूर्ण र अञ्चल र क्षेत्रीय महिला संयोजक रहेको क्षेत्रीय समन्वय कमिटी 'कार्यपालिका' हुनेछ । क्षेत्रीय संयोजकको अध्यक्षतामा गठन हुने यो कमिटीलाई कामको सुझाव क्षेत्रीय समन्वय परिषद्ले दिनेछ । क्षेत्रीय समन्वय परिषद्ले क्षेत्रभरीका सदस्य संघका नेताहरुको समन्वय गर्छ र अरु तहको "व्यवस्थापिका" को रुपमा काम गर्नेछ ।

अञ्चल कमिटी अब पूर्ण कार्यकारी कमिटी हुनेछ । यसको निर्वाचन सम्बन्धित अञ्चलभरीका स्थानीय यूनियनका नेता/कार्यकर्ताबाट हुनेछ । यो अञ्चल तहको 'कार्यपालिका' हो ।

स्थानीय तहको 'व्यवस्थापिका' जिल्ला समन्वय परिषद्ले जिल्ला स्तरमा कामको योजनाको प्रस्ताव गर्नेछ, आ-आफ्नो क्षेत्रमा तय गरेका काम कार्यान्वयन भए नभएको अनुगमन गर्ने र मूल्यांकन गर्ने काम गर्नेछ ।

**नयाँ कामको प्रस्तावहरु**

१. **सामाजिक परिवर्तनको लागि राजनीतिक पार्टीसँग हातेमालो** : शान्ति स्थापना, प्रजातन्त्रको पुनर्स्थापना र सामाजिक अग्रगमनको लागि राजनीतिक पार्टीहरुसँग हातेमालोको कार्यक्रम जारी राख्दै केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय स्तरका ट्रेड यूनियनमा "समाजवादी अध्ययन समूह" गठन गरी राजनीतिक प्रशिक्षण अभियान शुरु गर्ने ।

२. **शैक्षिक अभियान** : आम श्रमिक, ट्रेड यूनियन कार्यकर्ता र नेतृत्व तहमा आवश्यकता अनुसार लक्षित समूह आधारित वेग्लावेग्लै पाठ्यक्रम तयार गर्ने, ट्रेड यूनियन शिक्षालाई व्यवस्थित गर्दै जान विषयगत विज्ञ तयार गर्ने कुरामा ध्यान दिने ।

३. **संगठन विस्तार र परिचालन** : क्षेत्र र अञ्चलका संरचनालाई सुदृढ गर्दै नीति निर्माण र संगठन परिचालनको कामलाई दुई भागमा बाँडी सांगठनिक गतिशीलता बढाउने ।

४. **एकल यूनियन अभियान** : एक यूनियन- एक आवाजलाई व्यवहारमा लागू गर्न लेबोर पार्लियामेन्ट (श्रम संसद) वा यस्तै प्रकृतिको संयन्त्र निर्माणमा क्रियाशील रहने ।

५. **सामाजिक सरोकारका विषयमा संलग्नता** : ट्रेड यूनियन आन्दोलनमा सामाजिक-राजनीतिक आन्दोलनको आयाम थप्न वर्ग केन्द्रित कार्यक्रमका साथै सामाजिक विभेद, सामाजिक कुरिति विरुद्धको कार्यक्रम र उपभोक्ता अधिकारको आन्दोलनमा हातेमालो गर्ने ।
   - मे १ - काठमाडौं आधारित (अन्तरराष्ट्रिय श्रमिक दिवस)
   - नोभेम्बर २० - क्षेत्र आधारित (अन्तरराष्ट्रिय बालअधिकार दिवस)
   - डिसेम्बर १८ - क्षेत्र आधारित (अन्तरराष्ट्रिय प्रवासी श्रमिक दिवस)
   - मार्च ८ - काठमाडौं आधारित (अन्तरराष्ट्रिय श्रमिक महिला दिवस)
   - अप्रिल २८ - क्षेत्र आधारित (अन्तरराष्ट्रिय दुर्घटना पिडित श्रमिक स्मृती दिवस)

६. **सामाजिक सुरक्षा तथा श्रमिक सहकारिता अभियान** : जिफन्ट स्वास्थ्य सहकारी अभियानलाई जारी राख्ने, कार्यकर्ता कल्याणकारी कोष शुरु गर्ने ।

७. **महिला मजदुर अभियान** : हालको सम्पूर्ण कमिटीमा १५ प्रतिशत महिला सहभागिताको नीतिलाई थप परिमार्जन गर्दै अर्को कार्यकाल सम्ममा विभिन्न तहमा ५ प्रतिशत महिला सहभागिता वृद्धि गर्ने ।

८. **मानवीय स्रोत विकासका कार्यक्रम** : प्राविधिक, व्यावसायिकका साथै राजनीतिक जनशक्ति विकासमा जोड दिने ।

९. **अन्तरराष्ट्रिय सम्बन्ध विकासको कार्यक्रम** जारी राख्ने ।

१०. **अनुसन्धान, नीतिगत हस्तक्षेप, प्रचार र प्रकाशन** नियमित गर्ने ।


११. **अनौपचारिक क्षेत्रको यूनियनीकरण** : नयाँ क्षेत्रहरुमा यूनियन अभियान विस्तार गर्ने ।

१२. **आर्थिक आत्मनिर्भर कार्यक्रम** सञ्चालन गर्ने ।

**प्रस्तुति : कवीन्द्र शेखर रिमाल**



# जिफण्ट राष्ट्रिय कमिटी : कामको विभाजन



# जिफन्टको महाधिवेशन, पहिलोदेखि चौथोसम्म :
# एक विश्लेषण

एउटा ऐतिहासिक आवश्यकताले नेपाल ट्रेड यूनियन महासंघ जन्मियो, पञ्चायती शासनको अन्तिम वर्ष २०४६ साल साउन ५ गते । स्थापनाको समयमा उपस्थित राजनीतिक नेतृत्व र यूनियनको नेतृत्वमा संलग्न रहने हामीहरुले जुलाई २०, १८८९ को ऐतिहासिकतालाई जिफन्टको स्थापनासँग जोड्यौं । एंगेल्सको आदर्श नाम र उनको उपस्थितिमा जुलाई २० का दिन मे दिवस मनाउने अन्तरराष्ट्रिय निर्णय गरिएको सन्दर्भ साउन ५ सँग जोडियो ।

त्यतिखेर ट्रेड यूनियन कन्फेडेरेशन (महासंघ) सम्बन्धी धेरै ज्ञान हामीमा थिएन । अझ संघीय ढाँचाको संस्था चलाउने बानी समेत हामीमा थिएन । यो चुनौतीलाई "गर्दै - सिक्दै" जाने भन्ने नीति अनुरुप साह्रै सानो नेतृत्व टीम बनाइयो । त्यो समयमा 'धाक' रहेको नेस्वमयू लगायतका संस्थापक यूनियनको संवेदनशीलतालाई सक्दो ध्यान भने दिइयो ।


बहुदलीय व्यवस्था स्थापना पछि यूनियन काम विस्तार भयो र ट्रेड यूनियन जस्तो खुल्ला संस्थामा राजनीतिक नेतृत्वको आकर्षण पनि बढ्यो । धेरै कुराहरु "मौखिक" र "प्रचलन" को आधारमा गरिंदै आइएकोले त्यसलाई संस्थागत गर्ने चुनौती जिफन्टको सामु आयो । झण्डै दुई वर्ष संगठन विस्तार, श्रम कानुनको तयारी र खुल्लापनसँगै भित्रिएको घाँटी काटाकाटको प्रतिस्पर्धा बीच जिफन्ट अघि बढ्यो । त्यसैले २०४८ साल चैत १५-१८ गते बालाजुमा सम्पन्न पहिलो राष्ट्रिय महाधिवेशनले स्थापनाकालदेखि त्यस अवधिसम्म गरिएका कामलाई वैधता दिने प्रमुख काम गऱ्यो । यसले नेपाली ट्रेड यूनियन आन्दोलनको व्यवस्थित इतिहास पारित गऱ्यो र २००३ सालदेखि २०४७ सम्मको श्रमिकहरुका मागलाई विश्लेषण गर्ने प्रयत्न गऱ्यो ।


२०४८ साल पहिलो आम निर्वाचन भएको वर्ष थियो । त्यसैले 'श्रम कानुन' निर्माण र कार्यान्वयनमा नै यो महाधिवेशनले ध्यान केन्द्रित गऱ्यो । नयाँ चुनौतीको सामना गर्न यो महाधिवेशनले ट्रेड यूनियन आन्दोलनको परम्परागत मान्यता र परिवर्तित परिभाषा बीच समन्वय गर्ने समेत प्रयासको थालनी गऱ्यो । ट्रेड यूनियन आन्दोलनको आफ्नै पहलमा अन्तरराष्ट्रिय सम्पर्क विस्तार र सुदृढीकरणमा यो कार्यकाल केन्द्रित रह्यो । त्यसैले पहिलो राष्ट्रिय महाधिवेशनको महत्व भनेको इतिहासको विश्लेषण, ट्रेड यूनियनहरु बीचको प्रतिस्पर्धामा श्रेष्ठ हुने रणनीति, केन्द्रीय नेतृत्वलाई संस्थागत गर्ने र अन्तरराष्ट्रिय रुपमा जिफन्टलाई परिचित गराउने कामसँग सम्बन्धित रह्यो ।

२०५२ साल चैत ३-६ गतेसम्म दोस्रो राष्ट्रिय महाधिवेशन भयो । यो महाधिवेशनको समयसम्म आइपुग्दा जिफन्ट एक हिसाबले संस्थागत रुपमा अलि सुदृढ भइसकेको थियो । तर, समाजका अन्य पक्ष र श्रम संसारका सहयात्री बीच कतिपय नीतिगत विषयमा अस्पष्टता कायमै थियो । प्रतिस्पर्धी यूनियनहरु बीचको अनावश्यक उछिना-पाछिन अलि मत्थर भएको थियो भने ट्रेड यूनियन ऐन लागू भइसकेको कारण सबैको हैसियत कानुनी रुपमा छुट्याउन सकिने स्थिति पनि देखि सकिएको थियो । त्यसैले यो अवधिमा आन्तरिक रुपमा संस्थागत विकास (नेतृत्वलाई सुदृढ गर्ने र स्रोतलाई अझै व्यवस्थित रुपमा परिचालन गर्ने), सदस्य संघहरुलाई 'वस्तुगत' आधारमा पुनर्संयोजन गर्ने, कामलाई विभागीय र संघीय आधारमा संयोजन गर्ने तथा विस्तार गर्ने र केन्द्रीय कार्यालयलाई स्रोत सम्पन्न बनाउने गरी कामका योजना तयार गरियो ।

तयार गर्नका लागि 'श्रम सम्मेलन' को अवधारणा अघि बढाइयो र राज्यमा नीतिगत हस्तक्षेप का लागि 'संगठन- शिक्षा र परिचालन' लाई औपचारिक माध्यमबाट अघि बढाइयो । त्यसैले दोस्रो राष्ट्रिय महाधिवेशन नीतिगत हस्तक्षेपलाई आधार तयार गर्ने, नीति प्रतिको बुझाइलाई समृद्ध गर्ने गरी शैक्षिक संयन्त्र तयार गर्ने र आन्तरिक संगठनहरुलाई पुनर्संयोजन गर्ने काममा केन्द्रित रह्यो ।

तेस्रो राष्ट्रिय महाधिवेशन २०५७ बैशाख १९-२१ मा सम्पन्न भयो । जिफन्ट यो अवधिमा आइपुग्दा आफ्ना प्रतिस्पर्धीहरु बीच 'अगुवा' कै रुपमा स्थापित भई सकेको थियो । सदस्य, संगठन र विषयगत जानकारीको आधारमा राष्ट्रिय रुपमा जिफन्टलाई हेक्का राखेर नै व्यवहार गर्न सम्बद्ध सबै पक्ष बाध्य भइसकेका थिए । त्यसैले तेस्रो राष्ट्रिय महाधिवेशनले आन्तरिक रुपमा 'नीति' हरु प्रतिको बुझाइ, एकदशकको ट्रेड यूनियन आन्दोलनको मूल्यांकन/समीक्षा, आफ्नै र सिंगो यूनियन आन्दोलनको आन्तरिक वातावरण (शक्ति र कमजोरी) तथा बाह्य वातावरण (अवसर र










कमजोरी) तथा बाह्य वातावरण (अवसर र चुनौती) को मूल्यांकन, रणनीतिको तयारी, नीतिगत विषयको कार्यान्वयन र एकल यूनियनको लागि ठोस पहल गर्ने जस्तो दूरगामी महत्वका नीतिगत निर्णयहरु गऱ्यो ।

केन्द्रीय कार्यालय र राष्ट्रिय कमिटीलाई स्रोत र बुझाइमा समृद्ध गर्ने प्रक्रियाबाट क्षेत्र तथा अञ्चल जस्ता मातहतका कमिटी र सदस्य संघलाई बढी सक्षम बनाउने नीतिगत निर्देशन निर्वाचित नेतृत्वलाई यो महाधिवेशनले दियो ।

हालै चौथो राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । यो महाधिवेशन राजनीतिक संकट जारी रहेको अवस्थामा सम्पन्न भएको छ । त्यसैले महाधिवेशनले परिवर्तित राजनीतिक परिदृश्यमा यूनियन आन्दोलनको भविष्यबारे अवधारणा समेत प्रस्ताव गरेको छ । 'अनेकता बीच एकता खोज्ने' सूत्रको आधारमा देशभित्र 'एकल यूनियन' र देश बाहिर पनि 'एकल' ट्रेड यूनियन आन्दोलनको दृष्टिकोणलाई सांगठनिक नीतिको रुपमा अघि बढाएको छ ।

चौथो राष्ट्रिय महाधिवेशनले जिफन्टको आन्तरिक जीवनमा गम्भीर महत्व राख्ने निर्णय समेत गरेको छ । 'मजदुर आधारित' यूनियन र ट्रेड यूनियनलाई राजनीतिक-सामाजिक आन्दोलनको रुपमा विकास गर्ने लक्ष्य सहित महाधिवेशनले "आजीवन नेता" को अवधारणालाई खण्डित गरेको छ । 'एक व्यक्ति - एक पद' र पाका-पुराना नेताहरुको निगरानीमा "आफू जस्तै" नयाँ नेतृत्व विकास गर्ने अवधारणालाई सांगठनिक जीवनमा लागू गर्ने निर्णय गरेका छ । यो महाधिवेशनले 'थाकेका', 'असन्तुष्ट' र तुलनात्मक रुपमा 'विश्राम' गर्ने तहमा पुगेकालाई "सल्लाहकार" को रुपमा थन्काउने गलत परम्पराको सट्टा विज्ञहरु रहेको सल्लाहकार कमिटीबाट 'कार्यकारी' लाई मद्दत पुऱ्याउने नयाँ परम्परा शुरु गरेको छ । यो महाधिवेशनले सांगठनिक संरचनामा सामयिक सुधार गर्दै क्षेत्रीय, अञ्चल, जिल्ला र प्रतिष्ठानलाई सुदृढ गर्ने र व्यापक श्रमिक परिचालनको नीति समेत पारित गरेको छ ।

**प्रस्तुति : विष्णु रिमाल**


# हार्दिक बधाई

**नेपाल ट्रेड यूनियन महासंघको**
**चौथो राष्ट्रिय महाधिवेशनबाट**
**अध्यक्षमा मुकुन्द न्यौपाने,**
**उपाध्यक्षहरुमा**
**ललित बस्नेत र विष्णु रिमाल,**
**महासचिवमा विनोद श्रेष्ठ**
**लगायत ४१ जना राष्ट्रिय कमिटीमा**
**निर्विरोध निर्वाचित हुनु भएकोमा वहाँहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

**ठाकुर खनाल**
अध्यक्ष
**सिद्धार्थ विकास बैंक**
बुटवल-११ मिलनचोक
फोन नं. ५४७७४०, ५४६५०२ फ्याक्स : ५४५५४३, इमेल-sdbi@mail .com .np

**"सुरक्षित बचत, आकर्षक ब्याज, सरल कर्जा प्रवाह र सहयोगी व्यवहार"**

# प्रजातन्त्र विनाको कुनै पनि मोडेलको समाजवादको अव भविष्य नै छैन

**नेपाली ट्रेड यूनियन आन्दोलनको इतिहासमा हालै सम्पन्न चौथो राष्ट्रिय महाधिवेशनको के महत्व छ ?**

श्रमजीवी जनताको स्वार्थभन्दा छुट्टै कुनै स्वार्थ नेपाल ट्रेड यूनियन महासंघको छैन । यसको लक्ष्य, ध्येय र उद्देश्य ज्याला आर्जक श्रमिकको मात्र हैन सम्पूर्ण श्रमजीवी जनताको हितसँग पनि गाँसिएको छ । यसैले पनि ट्रेड यूनियन महासंघका हरेक गतिविधि माथि नेपाली जनताको ध्यान आकर्षण हुने गर्दछ । यसले लिएका नीतिहरु देशभित्र मात्र हैन अन्तरराष्ट्रिय जगतमा समेत चासोको विषय बनेकोले पनि यसको महाधिवेशन आफैंमा त्यत्तिकै महत्वपूर्ण छ । यसमाथि पनि, महासंघ नेपाली ट्रेड यूनियन आन्दोलनको मूलधार भएकोले यसले गर्ने निर्णयसंग समग्र श्रमजीवी वर्गीय आन्दोलनको भविष्य गाँसिन पुग्छ, यसै हुनाले पनि हाम्रो महाधिवेशनको महत्व अरु बढी झल्कन्छ ।

नेपालको इतिहासमै गम्भीर संकट झेलिरहेको देशको यस्तो परिस्थितिमा हाम्रो भावी जीवनबारे गम्भीर चासो हुनु स्वाभाविकै हो । हामी अगाडि बढ्छौं कि पछाडि फर्कन्छौं ? आउने चार वर्ष हाम्रो लागि गम्भीर ऐतिहासिक क्षण हुनेछ । यसैमा चौथो महाधिवेशनको ऐतिहासिक महत्व पनि रहने छ ।

**पारित प्रतिवेदनमा उल्लेखित नयाँ संरचनामा अध्यक्ष, केन्द्रीय योजना आयोग र सचिवालयको काम कसरी विन्यास गर्न खोजिएको छ ?**

वर्तमान संरचनाले कामको जिम्मेवारीलाई अझ बढी संरचनागत ढाँचामा बाँध्न खोजेको छ । हालसम्मका संरचनागत ढाँचाहरु महाधिवेशन, राष्ट्रिय परिषद्, राष्टिय कमिटी, सचिवालयको ढाँचामा विभाजित थियो । पदका जिम्मेवारी र कार्य विभाजन तथा अधिकार र कर्तव्य विधानले तोक्ने गर्थ्यो । हाल पनि त्यो यथावत छ । दुई महाधिवेशनको बीचको कार्यवाही अधिकार राष्ट्रिय परिषद् र राष्ट्रिय परिषद् नबसेको अवस्थामा राष्ट्रिय कमिटी र राष्ट्रिय कमिटी पनि नबसेको अवस्थामा पछि राष्ट्रिय कमिटीले अनुमोदन गर्ने गरी निश्चित अधिकार सचिवालयलाई पनि तोकिएको थियो । चौथो महाधिवेशन पछि हाम्रो संरचनाले निर्णयकर्ताको रुपमा मूलतः राष्ट्रिय कमिटी भन्दा तल कुनै सानो निकायको परिकल्पना गरेको छैन । सचिवालय राष्ट्रिय कमिटीले गरेका निर्णय लागू गर्ने निकाय मात्र भएकोले आफैमा नयाँ निर्णय गर्ने निकाय हैन ।




**मुकुन्द न्यौपाने,**
**अध्यक्ष–जिफण्ट**

जहाँसम्म केन्द्रीय योजना आयोगको कुरा छ, यसलाई विज्ञहरु रहेको राष्ट्रिय कमिटीका सल्लाहकार निकायको रुपमा हेर्नु उपयुक्त हुन्छ । दैनिक काम र सांगठनिक गतिविधिको निर्देशन र नियन्त्रण यसले गर्दैन । राष्टिय कमिटीले फैसला गरेका नीति र कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा समीक्षा गर्ने, मूल्यांकन गर्ने र सुझाव पेश गर्ने काम यसले गर्नेछ । नयाँ नीतिगत प्रस्ताव गर्नु परेमा राष्ट्रिय कमिटीलाई आवश्यक सल्लाह दिनेछ । चालु योजनाहरुको आवधिक मूल्यांकन र त्यसको असर र प्रभाव अवलोकन गर्ने र योजना छनौटमा सल्लाहकार कै भूमिका निर्वाह गर्ने कुरा पनि यसको काम भित्र पर्छ ।

अध्यक्ष हाम्रो महासंघको राजनीतिक-सांगठानिक प्रमुख हो, जसको काम, कर्तव्य र अधिकार पूर्ववत यथावत हुनेछ । हालको संरचनामा कुनै पनि निर्णय गर्नु परेमा राष्टिय कमिटीको बैठक बस्नुको विकल्प छैन । वर्तमान संरचनाको सारभूत कुरा भनेको नै निर्णय गर्ने प्रक्रिया सानो दायराबाट फराकिलो दायरामा पुऱ्याउनु हो । यो परिमार्जन हाम्रो हालसम्मको नयाँ प्रयोग पनि हो, जुन प्रयोगमा हामीले केन्द्रीकृत र सानो निकायले गर्ने निर्णय प्रक्रियालाई हटाएर फराकिलो र सकेसम्म तल्लो निकायका मजदुर सदस्यलाई निर्णय प्रक्रियामा सहभागि गराउने परिकल्पना गरेकाछौं । यस्तो अवस्थामा अध्यक्ष, केन्द्रीय योजना आयोग र सचिवालयको सम्बन्ध र भूमिका एक-अर्काको परिपूरकको हुन जान्छ । त्यसैले हालको सांगठानिक प्रणाली, आपसी समझदारीमा आधारित प्रणाली हो ।

**प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन भन्ने शीर्षकको अर्थ के हो ?**

हाम्रो देश यतिवेला हिंसाग्रस्त छ । यो हिंसाले शान्ति त खलवलिएको छ नै, प्रजातन्त्र पनि संकटमा परेको छ । नेपाली श्रमजीवी वर्ग ठूलो आर्थिक मन्दीको चपेटामा परेको छ । रोजगारीको क्षेत्रहरु दिनहुँ खुम्चिदै छन् र वेरोजगारको संख्यामा डरलाग्दो

वृद्धि भइरहेको छ । युद्धको चपेटामा परेका जनताको स्वतन्त्रता क्षत-विक्षत हुने खतरामा छ र प्रजातन्त्र गम्भीर संकटमा परेको छ । यस्तो अवस्थामा नेपाल ट्रेड यूनियन महासंघले अगाडि सारेको "प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन" को नाराको महत्व वर्तमान अवस्थामा अरु टडकारो ढंगले सामुन्ने आउँछ ।

नेपाल ट्रेड यूनियन महासंघको राजनीतिक लक्ष्य समाजवाद हो । तर, प्रजातन्त्र विनाको कुनै पनि मोडेलको समाजवादको अब भविष्य नै छैन । मानव जातिको भविष्य प्रजातन्त्र र समाजवादमा मात्र सुनिश्चित छ, हाम्रो अग्रगमनको नाराकोको तात्पर्य पनि यही हो । यहाँनिर हामी स्पष्ट हुनु पर्ने कुरा के छ भने हामीले भनेको समाजवाद, विगतमा कम्युनिस्ट पार्टीहरुले अगाडि सारेको एकदलीय स्वरुपको नभएर बहुदलीय स्वरुपको हो जसको प्रजातन्त्रसँग अटुट सम्बन्ध छ । बहुलवादको आधारमा जनताको इच्छामा गठन गरिएको राज्यव्यवस्था नै यस्तो प्रजातन्त्र र हामीले अगाडि सारेको समाजवादको मुख्य आधारशिला हो ।

अग्रगमनका निश्चित विन्दुहरु पार गर्ने पहिलो शर्त शान्ति हो । जसको लागि हामीले शान्तिको प्रयत्न गर्नु पर्छ । जबसम्म मुलुक हत्या, हिंसाको चपेटाबाट मुक्त हुँदैन र मान्छेको बाँच्ने अधिकारको सुनिश्चितता हुँदैन तबसम्म जीवनका कुनै पनि पक्षहरु स्वाभाविक ढंगले अगाडि जान सक्दैनन् ।

**"नेपाल ट्रेड यूनियन महासंघले अगाडि सारेको "प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल यूनियन" को नाराको महत्व वर्तमान अवस्थामा अरु टडकारो ढंगले सामुन्ने आउँछ ।"**

**महाधिवेशनबाट कस्तो एकल यूनियनको प्रस्ताव गर्न खोजिएको हो ?**

एकल यूनियनको प्रस्ताव पूँजीवादको एकाधिकारबाट उत्पन्न समस्याको प्रतिवाद श्रमजीवी वर्गबाट एउटै झण्डामुनि उभिएर गर्ने आव्हान हो । यो हाम्रो देशको वर्तमान अवस्थाको आवश्यकता पनि हो । तर, एकल यूनियनको निर्माण कसरी गर्ने? यसमा अझै पनि गहन अध्ययन र वृहत छलफलको खाँचो छ । जहाँसम्म हामीले अगाडि सारेको हाम्रो देशको एकल यूनियनको प्रश्न छ यसबारे पनि स्पष्ट हुनु जरुरी छ । तत्कालीन अवस्थाको हाम्रो परिभाषामा भएको यूनियनहरु विघटन गरेर एउटै बनाउने भन्ने हैन । हाम्रो विचारको विविधतालाई मेटाउने उद्देश्य पनि होइन । निश्चित लक्ष्य र मापदण्डको आधारमा प्रजातन्त्र र समाजवादका पक्षधरको एकता शुरुवातबाट नै यसको आधार तयार हुन्छ र यसको थालनी पनि भइसकेको छ । हामी अलग-अलग शैली र चिन्तन भएका धेरै यूनियनहरुलाई एउटै थलोमा उभ्याउन चाहन्छौं । यसको लागि हामीले तत्कालीन विकल्पको रुपमा श्रम संसद (लेबर पार्लियामेन्ट) को प्रस्ताव ठीक हो कि भन्ने ठानेका छौं । यो छलफल कै क्रममा छ र मलाई लाग्छ छिटै उपयुक्त विकल्प निस्कने छ ।

सयौं फूलहरु एउटै बगैंचामा फुल्छन् । धेरै जातिका मान्छेहरु एउटै चौतारीमा बस्छन् । हामी श्रमिकहरु पनि आफ्नो श्रमको एउटै मैदानमा जब निरन्तर साथै परिश्रम गर्छौं भने किन एउटै चौतारोमा बस्न सक्दैनौं ? मलाई लाग्छ, सक्छौं र हाम्रो मिलनको चौतारो भनेको नै श्रम संसद हुनेछ । यो प्रकृया नै हाम्रो देशका पचासौं लाख श्रमजीवीहरु एउटै संगठनमा आउने माध्यम बन्ने छ । जसले हाम्रो शक्तिमा अथाह वृद्धि गर्ने छ । हाम्रो महाधिवेशनले सार्न खोजेको एकल यूनियनको प्रस्ताव र योजना पनि यसै कुरातर्फ लक्षित छ ।

**स्थानीय श्रमिकहरुलाई परिचालित गर्ने ठोस योजना के हो ?**

स्थानीय श्रमिकहरुलाई परिचालित गर्नको लागि सबभन्दा पहिलो कुरो स्थानीय यूनियनहरुलाई गतिशील र सक्रिय बनाउनु पर्छ । नेपाल ट्रेड यूनियन महासंघले लामो कालदेखि स्थानीय यूनियनहरु मार्फत श्रमिकहरुलाई क्रियाशील बनाउन कामका विभिन्न तरिका र संगठनका स्वरुपहरुको निर्माण गर्दै आएको छ । विगत लामो समयदेखि स्थानीय यूनियनहरुलाई स्थलगत प्रशिक्षण दिने र विविध खालका चेतनामूलक तालिम समेत दिंदै आएको छ । यति भएर पनि हाम्रा सदस्य संघहरुको कामको आपसी तालमेल नमिल्दा हाम्रो काम औंलाको ताल नमिल्दा निस्कने बाँसुरीको धुन जस्तो हुन पुगेकोछ । यसै कमीलाई पूरा गर्न हामीले महासंघका अञ्चल कमिटीहरुलाई स्थानीय कामको संयोजकको रुपमा अगाडि सार्‍यौं । यो महाधिवेशनबाट हाम्रो संरचनागत ढाँचामा थप सुधार गरेका छौं, अधिकार सहितको विस्तारित क्षेत्रीय समन्वय कमिटी र क्षेत्रीय 'संसद'को रुपमा क्षेत्रीय समन्वय परिषद्को पनि व्यवस्था गरेका छौं । मलाई लाग्छ, यो व्यवस्थाले अञ्चल र सदस्य संघहरुको सम्बन्धित क्षेत्रका कामलाई अरु राम्रो संयोजित गर्ने छ र प्रतिष्ठानस्तरसम्म हाम्रा कामलाई गतिशील बनाउने छ । बर्षको पाँच दिन केन्द्रीकृत रुपमा क्षेत्र भरी कै आफ्ना सदस्यीयलाई परिचालित गर्ने जस्ता प्रस्तावित कार्यक्रमले स्थानीय स्तरका श्रमिकहरु अरु बढी परिचालित हुनेछन् ।

**अहिलेको राजनीति परिदृश्य प्रतिवेदनमा उल्लेखित विभिन्न परिदृश्य मध्ये कुन हो ?**

वर्तमान शक्ति सन्तुलनको स्थिति हेर्दा यथास्थितिको परिदृश्य अझै लामो कालसम्म रहने देखिन्छ । संसदवादी-राजावादी र माओवादीको त्रिकोणात्मक स्थिति यथावत रहेसम्म यो स्थितिमा शीघ्र परिवर्तनको अवस्था देखिन्न । विगतमा सडकमा रहेका आन्दोलनकारी पाँच पार्टीले समस्यालाई सही ढंगले बुझेर संसदवादीहरु एक ढिक्का भै सरकारमा प्रवेश गरेको भए स्थितिले यो भन्दा वेग्लै मोड लिन सक्थ्यो । तर, संसदवादीहरु वीचको विभाजनले राजावादी र माओवादी दुवैको मनोवल बढाउने काम गरेको छ । अझ माओवादी त यसैलाई आधार बनाएर अरु चलखेल गर्न सकिन्छ कि भन्ने दाउमा पनि हुनसक्छन् । वर्तमान स्थिति के छ भने न राजालाई इन्कार गर्न सकिन्छ, न त संसदवादी वा माओवादीलाई नै ! तिनवटै शक्तिहरु आ-आफ्नै दाउमा जबसम्म लागिरहन्छन् तबसम्म यो स्थिति यथावत रहन्छ ।

# लघु स्वास्थ्य बीमा : गुणस्तरयुक्त जीवनतिरको बाटो



उमेश उपाध्याय

**१. स्वास्थ्य, श्रमिक र गरिबी**

संसारभरी नै श्रमजीवी वर्गको लागि स्वास्थ्य सेवा महँगो साबित हुँदै गएको छ । जसले स्वास्थ्य बीमा गरेको छैन, उसको लागि एक पटक बिरामी भएर अस्पताल भर्ना हुनु पर्दा पनि वर्षौंको कमाइ एकैचोटि स्वाहा हुने अवस्था विकसित देशहरुमा छ। विकासोन्मुख वा अल्पविकसित देशमा स्वास्थ्य सेवाको विषय श्रमिकको लागि आकाशको फल बनेको छ।

त्यसैले देश विकसित होस् वा अल्पविकसित, स्वास्थ्य बीमा नै औषधोपचारका हिसाबले क्रमशः नगरी नहुने विषय बनेको छ।

अल्पविकसित देशहरुको श्रमजीवी वर्ग अन्धविश्वासले ग्रस्त छ, धामी, झाँक्री, झारफुकमा आफ्नो कमाइ र काटेको ऋणको प्रयोग गरी उपचारको नाममा झन् दुरावस्थामा जाने गरेको देखिन्छ । अरु सबै कुरामा "घाँटी हेरी हाड निल्ने" सिद्धान्त जबर्जस्ती लागू गरे पनि रोग लागेपछि वा दुर्घटनाग्रस्त भएमा घाँटी र हाडको सिद्धान्तले काम गर्दैन । जसरी पनि औषधि उपचार गर्नै पर्ने हुन्छ । त्यसैले रोग, दुर्घटना र औषधोपचारको कारणले श्रमिक परिवारहरु ऋणग्रस्त बन्ने, बाँधापनमा फस्ने, विस्थापित हुने जस्तो नकारात्मक परिणामको शिकार हुन पुग्दछन् ।

अदृश्य तवरले उनीहरुको धेरै पैसा रोग र औषधिमा खर्च भइरहेको हुन्छ, धामी झाँक्रीमा खर्च भइरहेको हुन्छ, ठग उपचारकहरुमा गइरहेको हुन्छ। बाँके-बर्दियामा गरिएको एक अनुसन्धानमा गरीब कृषि परिवारले समेत वर्षको एक हजार रुपैयाँ भन्दा बढी औषत औषधोपचारमा खर्च गरिरहेको छ । औषधि उपचारमा खर्च गर्नै नसक्ने सबैभन्दा गरीब परिवारले समेत रु. एक हजारभन्दा बढी खर्च गर्छ भने अरु परिवारको त स्वाभाविक रुपमा औषधिको औषत खर्च बढी नै हुनु पर्दछ।

अर्को कुरा गरिबी, कुपोषण र रोगको सारै घनिष्ठ नाता हुन्छ । त्यसैले गरिबी घटाउन पनि गरीब परिवारहरुको स्वास्थ्यको विषयमा राज्य र सरोकारवाला संस्थाहरुले ध्यान दिनै पर्दछ।

**२. भरपर्दो बाटो**

धेरै परिवारहरुको थोरै-थोरै पैसा संकलन गरेर असर परेका र स्वास्थ्य सेवा चाहिएकालाई स्वास्थ्य सेवा दिनु लघु स्वास्थ्य बीमाको मूल मन्त्र हो। जति बढी मानिसलाई बीमाको घेराभित्र ल्याउन सकिन्छ, उत्ति नै स्वास्थ्य बीमा आयोजना सक्षम हुन्छ र पर्याप्त सेवा दिन सकिन्छ।

स्थान विशेषका लागि, श्रमिकहरुको समूह विशेषहरुका लागि यस्ता योजना संचालन गर्न सकिन्छ। तर, यस्ता योजना संचालन गर्दा स्थानीय अस्पताल वा स्वास्थ्य केन्द्रको सहयोग आवश्यक हुन्छ। अर्कोतिर, सम्बन्धित श्रमिकहरुको त्यस बीमा योजनाप्रति स्वामित्वको भावना पनि आवश्यक हुन्छ। स्थानीय क्षेत्रहरुमा आधारित भई साना-साना लघु स्वास्थ्य बीमा आयोजनाहरु संचालन गरी 'एक सबैका लागि, सबै एकको लागि' भन्ने सामूहिकताको भावना जगाएर अघि बढ्न आवश्यक हुन्छ।

यूनियनले स्वास्थ्य बीमा योजना अघि बढाउन गर्नु पर्ने निम्न कामहरु हुन्छन् :

क. सम्बन्धित श्रमिक परिवारहरुसँग छलफल र स्वास्थ्य बीमाका फाइदाबारे चेतना जगाउने ।
ख. नजीकको स्वास्थ्य केन्द्रसँग छलफल र सेवाका लागि सहमति,
ग. ठूलो अस्पतालसँग प्राथमिक उपचार बाहेकका औषधि उपचार गर्नका लागि छलफल र सहमति
घ. सदस्य बनाउने काम शुरु
ङ. सदस्य परिवारका लागि फोटो सहित कार्डको व्यवस्था
च. सदस्य बन्न तयार अगुवाहरुको समिति
छ. प्रति परिवार मासिक वा त्रैमासिक हिसाबले कति रकम बीमा योजनामा जम्मा गर्ने भन्ने हिसाब-किताब
ज. के-के सुविधा वा फाइदा दिने भन्ने निर्णय
झ. अस्पताल र स्वास्थ्य केन्द्रहरुसँग औपचारिक सम्झौता
ञ. सदस्य बनाउने काम शुरु
ट. सदस्य परिवारका लागि फोटो सहित कार्डको व्यवस्था
ठ. आवश्यक सबै कागजातको तयारी तथा व्यवस्थापनका लागि कर्मचारीको व्यवस्था
ड. निरन्तर अनुगमन, तथ्यांक संकलन र स्थितिको विश्लेषण
ढ. अन्य संघसंस्थाहरुको सहयोग परिचालनका लागि गतिविधि

**३. अभियानको प्रस्ताव**

कुनै जिल्ला विशेषमा केही छानिएका गाविसका श्रमिकहरुबाट कम्तीमा ३००-५०० परिवारबाट शुरु गर्नु पर्छ। यसलाई विस्तारै फैलाउँदै हरेक जिल्लामा २/३ स्वास्थ्य बीमा योजना संचालन गर्दै अन्य जिल्लामा फैलाउँदै देशव्यापि रुपमा जान सकिन्छ।

**पहिलो चरणमा**

तराईका जिल्लाहरुमा निश्चित स्वास्थ्य केन्द्रहरुलाई बीचमा पारेर वरिपरिका गाविस, नगरपालिकाका श्रमिक परिवारलाई समेट्ने ।

**दोस्रो चरण**

पहाडी जिल्लाहरुमा तराईकै जस्तो प्रक्रिया अपनाएर अघि बढ्ने ।

यसका लागि यूनियनको केन्द्रमा एउटा संयन्त्र निर्माण गर्नु पर्छ । जसले नीतिगत पक्ष, औपचारिक सम्झौताहरु, तथ्यहरुको विश्लेषण र निष्कर्षको कार्यान्वयनका तरिकाबारे लगातार काम गरिरहनु पर्छ । जिल्लामा जति वटा एकाइ बनाएर बीमा योजना संचालन गरिन्छ, त्यति वटा इकाइ संयन्त्र बनाउनु पर्छ, जसले सदस्य परिवार र स्वास्थ्य केन्द्रका बीचमा सेवाको काम गर्नु पर्छ र सदस्य नवीकरण, शुल्क संकलन र जानकारी प्रवाहको काम गर्नु पर्छ ।

यो अभियानले श्रमिकहरुको जीवनलाई गुणस्तरीय बनाउने र गरिबी न्यूनीकरण गर्ने कुरालाई आफ्नो मूल ध्येय बनाएर जानु पर्दछ। यसबाट सम्मानपूर्ण र समृद्ध जीवनका लागि समाजवाद निर्माणको बाटोमा अघि बढ्न बल पुग्दछ । सामूहिकताको भावनाबाट जाने यो बाटो एक प्रकारले सहकारिताको बाटो हो भन्ने हाम्रो ठहर छ ।



जन्म : २०३० साल चैत, किचनस गाविस सिम्ले, स्याङजा

# समर थापा

## कोरियामा भिडेका नेपाली

**बाल्यकाल कसरी बित्यो ?**

म नौ वर्षको हुँदा हाम्रो परिवार बुटवलमा बसाइ सर्‍यो । पहाडमा भर्खर पढ्ने-लेख्ने गर्दै थिएँ । पहाडमा उमेर सानै भएकोले बाल्यकालको धेरै कुरा अनुभव गर्न सकिएन ।

**बुटवल किन झर्नुभयो ?**

बाबा ब्रिटिस आर्मीबाट रिटायर हुनु भएको थियो । र, केही पैसा पनि थियो । उहाँलाई पहाड बस्न रुचि भएन । त्यसैकारण बाबाकै इच्छामा हामी पनि बुटवल झर्‍यौं ।

**बुटवल झरेपछिको जीवन कस्तो रह्यो ?**

बुटवल झरेपछि म दिप बोर्डिङ स्कुलमा भर्ना भएँ । मेरो ध्यान पढ्नतिर लाग्यो । २०४६ सालमा एसएलसी पास गरेर बुटवल बाणिज्य क्याम्पसमा इन्टर पढ्न थालें । यसैवेला मेरो बाबाको इच्छा मलाई ब्रिटिस सेनामा भर्ती गराउने भन्ने रह्यो । बाबाको दवाव पनि पर्न थाल्यो । मलाई सेनामा जाने इच्छा एकरति पनि थिएन । घरमा बाबाको कुरा काट्न पनि सकिदैनथ्यो । यसैवेला कोरियामा काममा मान्छे लाँदैछ रे भन्ने हल्ला आयो । लुम्बिनी ओभरसिज भन्ने कम्पनीले पठाउँदैछ भनेपछि म पनि त्यहाँ सम्पर्क गर्न पुगें । निवेदन दिएँ र छनौट भएँ ।

**त्यसो भए बाबाको मन बुझाउन कोरिया जानु भो ?**

हो, बाबा लाहुरे भएकोले उहाँमा मलाई लाहुर पठाउने मनसाय चर्को थियो । बाबाको मन बुझाउनकै लागि भर्तीबाट जोगिन कोरिया गएको हुँ ।

**तपाईंहरु कोरिया जाँदा हालको जस्तो ठगी प्रकरण चलेन ?**

हाम्रो लट कोरिया जाने नेपालीको पहिलो लट हो । आजको जस्तो भिडभाड पनि थिएन । हामीसँग लुम्बिनी ओभरसिजले त्यो वेला ६० हजार रकम लियो । बढ्ता लियो कि ठिकै लियो, त्यो भने थाहा भएन ।

**कोरिया पुगेर कस्तो काम पाउनु भयो ?**

एउटा मध्यम स्तरको प्लास्टिक कारखानामा काम गर्न थालें । हामीसँग त्यहाँ दिनको ८ घन्टा काम गर्नु पर्छ, ८ घन्टाको २१० डलर पाउँछौ भनेर सम्झौता गरिएको थियो । त्यहाँ पुगेपछि कम्पनी मालिकले कामको तालिका बदल्यो । रातमा पनि काम गर्नु पर्ने सर्त राख्यो । ५०० डलर तलब तोक्यो तर दिने वेलामा २९० मात्र दियो । हामीले विरोध गर्‍यौं । मालिकले भने - तिमीहरुको नेपाल विभागबाट २१० काटेर मात्र दिनु भनेको छ । नेपाल अफिसबाट लेखाएर ल्याउ । हामी नेपाल अफिस गयौं, उसले लेख्न मानेन । उसले नेपालमा भएको सम्झौता नै यस्तै छ भन्यो । हामीले लुम्बिनी ओभरसिजको मान्छेलाई समात्यौं । उसले कोरियामै गएर त्यस्तो निर्णय भएको हो भन्यो । यसलाई हामीले गैरजिम्मेवार निर्णय भनेर विरोध गर्‍यौं । तर, कोरियालीले हामीलाई धम्की दियो र भन्यो- तिमीहरुको मेनपावरसँग भएको सम्झौता हो, काम गरे गर, नगरे जाउ ।

यसैवेला मेरो घरबाट पैसाको माग भयो । मैले कारखानाको मालिकसँग पैसा नकाटिदिन आग्रह गरें । काम गरेको पूरा पैसा मागें । उसले दिन मानेन । त्यसपछि मेरो मन भाँडियो । यति थोरै पैसामा बन्धक भएर बस्नु भन्दा बरु इलिगल काम गर्छु, खतरा मोल्छु, तर यहाँ बस्दिनँ भनेर त्यहाँबाट भागें ।

**त्यहाँबाट कसरी भाग्नुभयो ?**

एउटा मार्वल कारखानामा चिनेका पुराना साथीहरु थिए । उनीहरुकै सहयोगबाट म पनि त्यहीं गएँ । पहिलेको कारखानामा ७ महिना जति काम गरेको थिएँ । मार्वल कारखानामा त गएँ तर मलाई काम गर्न गाह्रो भयो । भारीढुंगा उचाल्नु पर्ने भएकोले म लड्खडाउन थालें । मेरो यस्तो स्थिति देखेर साथीहरुले मलाई पोल्ट्री फार्ममा काम खोजी दिए । यो हल्का काम थियो । तलब ९०० डलर थियो । तर डिउटी भने १२ घन्टाको थियो । यो पोल्ट्री फार्ममा १ वर्ष काम गरेपछि स्टिल कारखानामा १२ सयको काम पाएँ र त्यहाँ गएँ । तर, त्यहाँ ५ महिना मै भाग्नु पर्ने स्थिति आयो ।

**यसरी ६-६ महिनामा कामको थलो परिवर्तन गर्दै हिंड्ने बाध्यता के हो ?**

यो समस्याले उत्पन्न गरेको कुरा हो । काम गरे अनुसारको पारिश्रमिक नपाउँदा यो स्थिति उत्पन्न भयो । त्यहाँ हामीले के देख्यौं भने 'लिगल' रुपले जानेमाथि ठूलो शोषण छ, इलिगल काममा पैसा धेरै पाइन्छ । म लिगल भएर लुम्बिनी ओभरसिज मार्फत गएको कम्पनीमा २९० अनि इलिगल भई त्यही स्तरको कारखानामा १२०० भने पछि अनि कसले लिगल काम गर्ने? हामी त पैसा कमाउन गएका थियौं, सिधै ठगिएको थाहा पाएर त कसैले पनि काम गर्दैन नि !

**स्टिल कारखानाबाट चाहिं किन भाग्नु पर्‍यो त ?**

त्यहाँ तलब राम्रो थियो तर मेनेजर खराब थियो । ऊ असाध्यै दल्ने खालको मान्छे थियो र कहिलेकाहीं

कामदारलाई पिट्थ्यो पनि । एक दिन हाम्रै साथीलाई पिट्यो । यो घटनाले हामी मर्माहत भयौं । उसलाई हामी केही गर्न सक्दैनथ्यौं । त्यसैले हामी त्यहाँ भएका सातै जना नेपाली राती भाग्यौं ।

**पहिलेका मालिक यस्ता थिएनन् ?**

अहँ थिएनन् । व्यवहारमा उनीहरु धेरै राम्रा थिए ।

पहिलेका मालिकको व्यवहार राम्रो थियो । पैसा कम दिन्थे । पछिको व्यवहार नराम्रो, पैसा राम्रो दिन्थ्यो ।

**मालिक राम्रो भए पैसा नराम्रो – पैसा राम्रो भए मालिक नराम्रो □ अनि यो दुवै राम्रो कहिले फेला पार्नु भयो त ?**



त्यहाँबाट भागेपछि म “थुङ आ” भन्ने दैनिक पत्रिका बेच्न थालें । त्यो पत्रिका बेचेर महिनामा तीन सय कमाउँथें । जीवन कष्टपूर्ण बन्दै थियो । त्यसैवेला स्टिल कारखानामै काम गर्ने पुरानो साथी भेटियो । ऊ फर्किएर त्यहीं गएको रहेछ । मालिकले अब त्यस्तो अभद्र व्यवहार नगर्ने वचन दिएको छ, जाउँ भनेर भन्यो । म फेरि त्यही कारखानामा गएँ । पुनः त्यहाँ हामी सातै जना नेपाली पुग्यौं । तर दुर्भाग्य ६ महिना पछि नराम्रो मारपीट भयो र हामी त्यहाँबाट सदाको लागि भाग्यौं ।

म एउटा प्याकेट फुड बनाउने कारखानामा काम गर्न थालेको थिएँ । यो १९९८ डिसेम्बर तिरको कुरो हो, कोरियामा ठूलो मन्दी आयो । हाम्रो आधा काम काटियो र आधा तलब पनि काटियो । म फेरि महिनामा २० दिन पत्रिका बेच्न थालें । १९९९ को मार्चमा पत्रिका बोकेको मेरो मोटर साइकल ट्रकमा ठोकियो । म गम्भीर घाइते भएँ । चार महिना बेन्डेज गरेर बसें । मेरो कम्पनीले दिएको क्वाटर पनि छुट्यो । अनि म प्रवासी मजदुर सहयोग गृहको सहारा खोज्दै “आन्याङ” भन्ने ठाउँमा गएँ । मेरो सबै उपचार त्यही सहयोग गृहले गरिदियो । पाँच महिना म त्यहाँ बसें । खुट्टा टेक्न हुने भएपछि त्यसैले मलाई हल्का काम

## इटीयू–एमबी के हो ?


कोरियाको साना तथा मझौला कारखानाहरुमा बढिरहेको कामदारको माग पूर्ति गर्न सरकारले विदेशी मजदुरहरुलाई विना वर्क पर्मिट प्रशिक्षार्थी कामदारको रुपमा कोरियामा भित्र्याउन थाल्यो । सन् १९९४ देखि शुरु गरिएको यो प्रक्रियाबाट राज्य र उद्योगीहरुले अकुत फाईदा लिए पनि प्रवासी मजदुरहरु भने दास सरह काम गर्न बाध्य थिए । उनीहरु मजदुरहरुको मौलीक अधिकारबाट समेत वञ्चित थिए । यही चुनौतीलाई सामूहिक रुपमा सामना गर्न सन् २००१, मे १९ तारीखका दिन कोरियामा पहिलो पटक प्रवासी मजदुरहरुको युनीयन खडा भयो । त्यसको नाम इक्वालिटी ट्रेड यूनियन माइग्रान्ट (समतावादी ट्रेड यूनियन-प्रवासी शाखा) राखियो । यसको स्थापना कालमा कोरियाली मजदुरहरुका अतिरिक्त नेपाल, फिलिपिन्स्, बंगलादेश, श्रीलंका, नाईजेरीया, पाकिस्तानका प्रवासी श्रमिकहरु संलग्न थिए । र, यस युनियनको अध्यक्ष पदमा कोरीयाली मजदुर सुश्री लि यून् जू लाई चयन गरियो । यो यूनियन कोरियाको संघर्षशील ट्रेड यूनियन महासंघ केसीटीयुसँग आबद्ध हुन पुग्यो ।




दुई वर्षपछि सन् २००३ मार्चमा नेपालका प्रवासी मजदुर समर थापा त्यसको अध्यक्ष बने । समर थापा अध्यक्ष बनेपछि कोरियाली सरकारले गैरकानुनी भन्ने नाममा जबर्जस्ती प्रवासी मजदुरहरुलाई उनीहरुको देशमा फर्काउने नीति लियो । जुन कुरा कोरियाली सरकारलाई पहिले जानकारी नभएको होइन । आफूलाई आवश्यक परुन्जेल इलिगललाई काममा लगाउने, आफ्नो आवश्यकता पूरा भएपछि अमानवीय रुपमा दमन र धरपकड गर्दै स्वदेश फर्काउने कुरा अन्यायपूर्ण हो भन्ने इटीयूएमबीले ठहर गऱ्यो । त्यसैले सन् २००३ डिसेम्बर १५ तारिख देखि राजधानी सोल स्थित म्यइंडोइं गिर्जाघरमा विभिन्न राष्ट्का प्रवासी मजदुरहरुले संघर्ष शुरु गरे । जसमा कोरियाली मजदुरहरुको उल्लेखनीय सहभागिता रह्यो ।

अध्यक्षको हैसियतमा समर थापा संघर्षको अग्र भागमा थिए । तर, दुःखको कुरा, फेब्रुअरी १५, २००४ मा फिलिपिनो मजदुरहरुलाई संगठित गर्ने कार्यक्रममा जाँदा उनी पक्राउ परे । उनलाई यो-सु डिटेन्सन केन्द्रमा बन्दी बनाइयो, जहाँ उनले प्रवासी मजदुरको अधिकारका लागि ३१ दिनसम्म अनसन गरे । त्यसपछि सरकारले उनलाई नेपाल फिर्ता गऱ्यो ।

समर थापाले यस अवधिमा बन्दीगृहबाट कोरियाली, अंग्रेजी र नेपाली भाषामा आफ्ना कमरेडहरुलाई पठाएको सन्देश सय पेजको पुस्ताकाकारको रुपमा छापिएको छ । प्रवासी मजदुर आन्दोलनको इतिहासमा सम्भवतः यो पहिलो पुस्तक हुनु पर्छ ।




खोजी दियो र सामान्य अवस्थामा काम गर्न थालें ।

**संगठनको काममा कसरी लाग्नु भयो ?**

म जब मजदुर सहयोग गृहमा पुगें, त्यहाँ मालिकबाट कुटपीटमा परेका, पैसा नदिई निकालिएका र असहाय महिलाहरु पनि थिए । मलाई त्यहीं कोरियाका मजदुरहरुले संगठनको बारेमा सचेत पारे । असहायहरुको लागि केही गर भन्ने उनीहरुको भनाइ थियो । बज्र राई भन्ने साथीसँग मेरो पहिलेदेखि नै चिनजान थियो । बज्र राई संगठनमा पहिले देखि नै लागिसक्नु भएको रहेछ । बज्रजी मार्फत कोरियालीहरुसँग हाम्रो राम्रो सम्पर्क बन्यो । बज्रकै पहलबाट प्रवासी मजदुर संघ बन्यो र म पनि त्यसको सदस्य बनें ।

**संगठनको सदस्य हुनु अघि र पछिको जीवनमा के भिन्नता पाउनु भयो ?**

संगठन बनेपछि हामीले कोरियामा भएका प्रवासी मजदुरको धरपकडको विरोधमा आवाज उठाउन थाल्यौं । धरपकडको विरोधमा, प्रवासी मजदुरको पक्षमा वैधानिकीकरणको माग राखेर धर्ना जुलुसहरु गर्‍यौं । हाम्रो विरोधले त्यहाँ आन्दोलनको रुप लियो । हामीलाई कोरियालीहरुको पनि राम्रो सहयोग रह्यो । यो आन्दोलनमा धेरै घाइते भए । केही बंगाली साथीहरु पक्राउ पनि परे ।

**त्यो आन्दोलन कसरी समाप्त भयो ?**

आन्दोलन समाप्त भएको छैन, अहिले पनि जारी छ । त्यहाँको धर्ना आन्दोलन २००३ को नोभेम्बर १५ देखि शुरु भएको हो र त्यो हालसम्म चलिरहेकै छ ।

**तपाई यहाँ आइपुग्नु भो । त्यहाँ आन्दोलन चलिरहेको छ, तपाईको खोजी हुँदैन ?**

मलाई २००४ को १५ फेब्रुअरीमा पक्राउ गरी जेल चलान गरियो । जेलमा म ३१ दिन भोक हडतालमा बसें । त्यहाँ यो विषयले ठूलो चर्चा पायो । बाहिर हल्ला भयो । मानव अधिकारको कुरा उठे । ठूलो दवाव पछि मलाई जेलबाट अस्पताल लगियो । अस्पतालमा १५ दिन राखेपछि मेरो अनशन पनि टुट्यो र म केही स्वास्थ भएँ । त्यसपछि मलाई फेरि जेल चलान गरियो । एक दिन मलाई जेलको गार्डले बोलायो । त्यहाँ केही पुलिसहरु थिए । मलाई रिहा भएको खबर सुनाए । अनि गाडीमा राखेर लिएर गए । मैले कहाँ जाने भनेर सोधें, शंका पनि लाग्यो । उनीहरुले सिधै एयरपोर्ट लगेर प्लेनमा चढाई नेपाल पठाइ दिए । यसरी १० वर्षपछि म हाल नेपालमा छु ।

**फेरि कोरिया जाने विचारमा हुनुहुन्न ?**

म त अब ब्लाक लिस्टमा परेको मान्छे, उनीहरुले देश निकाला गरेका छन् । कोरियामा गरेको लामो संघर्ष र ३१ दिनको भोक हडतालले गर्दा मलाई त्यहाँको सरकारले खतरनाक हडताली भन्ने ठानेको छ । त्यसैले त्यहाँ जाने कुरा अलिक गाह्रै छ ।

**अब के गर्ने विचार छ त ?**

म नेपाल ट्रेड यूनियन महासंघको सम्पर्कमा छु । कोरियामा हुँदा नै बज्रजी र मैले महासंघकै सम्पर्कमा रहेर काम पनि गरेका हौं । अब नेपालमा यसै संगठनको मातहत रहेर यसले के जिम्मा दिन्छ त्यही काम गर्छु ।

**कोरियाको १० वर्षको जीवनको महत्वपूर्ण अनुभव केलाई मान्नु हुन्छ ?**

जीवन भनेको एउटा गतिशील चीज रहेछ । आफू गतिशील भए साथी पनि त्यस्तै पाइंदो रहेछ । कोरियामा पनि हामीले आफूलाई माया गर्ने धेरै कोरियाली साथीहरु पायौं । कोरियाली ट्रेड यूनियनका साथीहरुले हामीलाई राम्रो सहयोग गरे । हामीलाई कोरिया बस्दा अर्काको देश जस्तो पनि लाग्दैनथ्यो । म त्यहाँका साथीहरुको गुणलाई कहिल्यै बिर्सन्न । नेपालमा बसेर पनि त्यहाँका साथीहरुको भाइचारा भने जीवन्त नै राख्नेछु ।

**अरु केही भन्नु छ ?**

महासंघ जस्तो ठूलो संगठनको अध्यक्ष भएर पनि हाम्रा जीवनका धेरै कुरा सोधेर उत्साहित पारिदिनु भो, यसको निम्ति म यहाँलाई र यहाँ मार्फत सिङ्गो महासंघलाई धन्यवाद दिन चाहन्छु ।

**प्रस्तुति – मुकुन्द न्यौपाने**

## प्रवासी मजदुर र पत्रकार अन्तरक्रिया कार्यक्रम

दक्षिण कोरियाको जेलमा महिनौं भोक हडताल गर्नु हुने इक्वालिटी ट्रेड यूनियन कोरियाको तत्कालीन अध्यक्ष समर थापाका साथै के. बी. राई लगायतका नेपाली मजदुरहरुले आफूले झेलेका दुःख-कष्टका साथै विदेश जाने नेपाली दाजुभाइ, दिदीबहिनीहरुलाई कोरियामा नेपालीहरुको रोजगार विकासको लागि पत्रकारहरुसँगको अन्तरक्रिया मार्फत आफ्नो अनुभव बताउने सिलसिलामा गत २०६१ जेठ २५ गते महासंघको आयोजनामा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपाल ट्रेड यूनियन महासंघको सभाकक्षमा भएको सो अन्तरक्रिया कार्यक्रममा केबी राईले कोरियाबाट सिकेको, भोगेको अनुभव पढेर सुनाउनु भयो । समरथापाले कसरी कोरिया पुगियो, कोरियामा ट्रेनिङ भिसामा जाँदा कस्तो दुःख पाइने रहेछ, कार्यस्थल छोडेर अरु अवैध काम गर्न किन बाध्य होइन्छ, काम गर्दा हुने चोटपटकले कस्तो दुःख पाइँदो रहेछ, प्रवासमा संगठित नहुँदा पाउने दुःख, ट्रेड यूनियनमा संगठित हुँदाको अनुभव, प्रवासी मजदुको लागि गरिएको आन्दोलन, आन्दोलनमा कोरिया सरकारले गरेको दमन आदि सम्बन्धमा आफूले भोगेको अनुभवहरु सुनाउनु भएको थियो ।

अन्तरक्रियामा जिफन्टका पदाधिकारीहरुका साथै कार्यक्रममा सहभागी पत्रकारहरुले विभिन्न जिज्ञासा राख्नुभएको थियो । अन्तरक्रियामा सहभागीहरुले यस्तो किसिमको कार्यक्रम बरोबर भइरहेमा विदेशमा गई काम गर्ने नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू धेरै लाभान्वित हुने विचार व्यक्त गरे ।

# कोरियामा प्रवासी मजदुरले भोगेको अनुभव




अर्काको देशमा थुप्रै समस्या झेल्दै पशु झैं काम गर्नु पर्ने अवस्थाले नेपाली बीच भेटघाट र सहयोगको लागि संगठनको आवश्यकता महसुस भयो र १९९३ मा नेपाली प्रवासीहरुले "नेपाली सम्पर्क समिति" को स्थापना गरे। १९९४ को जनवरीमा पहिलो पटक नेपालीहरुले "प्रवासी श्रमिकहरुलाई पनि मानवीय व्यवहार गरियोस्, समान कामको समान ज्याला दिइयोस् र दुर्घटनामा परेका प्रवासी श्रमिकलाई क्षतिपूर्तिको व्यवस्था गरियोस्" भन्ने मागसहित धर्ना कार्यक्रम शुरु गरे। यसले विभिन्न मानव अधिकारवादी संघसस्था, सामाजिक तथा धार्मिक संस्थाहरु र कोरिया समाजको ध्यान प्रवासी श्रमिक तर्फ आकर्षित गर्न सकियो। परिणामस्वरुप १९९५ मा विभिन्न सामाजिक, धार्मिक र गैरसरकारी संघसंस्थाहरु र प्रवासी श्रमिकको सहभागितामा संयुक्त संगठन 'ज्वाइन्ट कमिटी फर माइग्राण्ट वर्कर्स् इन कोरिया (JCMK)' को स्थापना भयो। यही क्रममा नेपाली श्रमिक बीच नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) ले जिफन्ट सहयोग समूहको पनि गठन गऱ्यो।

१९९७ मा पूर्वी एसियामा आएको आर्थिक मन्दीका कारण प्रवासी श्रमिकहरुलाई जवरजस्ती स्वदेश फिर्ता गर्न थालियो। कोरिया सरकारले १९९८ मा ईम्प्लोइमेन्ट पर्मिसन सिस्टम लागू गऱ्यो। प्रवासी श्रमिकहरु यस नीतिको विरोधमा संगठित हुन थाले। २००१ मार्चमा सबै देशका प्रवासी श्रमिकहरुको साझा संगठन "इक्वालिटी ट्रेड यूनियन माइग्राण्ट ब्रान्च" को स्थापना गरियो र प्रवासी श्रमिकको लागि पनि "लेवर स्टाण्डर्ड ल" लागू गर भन्ने मागसहित व्यापक प्रदर्शनहरु हुन थाल्यो।

२००२ बाट नेपालीले "इक्वालिटी ट्रेड यूनियन माइग्राण्ट ब्रान्च" मार्फत सम्पूर्ण प्रवासी श्रमिक आन्दोलनको नेतृत्व गर्दै प्रवासी श्रमिकले प्रदर्शन गर्न नपाउने सरकारी घोषणा, इपिएस कानुन आदिको विरोध गर्नुका साथै प्रवासी श्रमिकले पनि ट्रेड यूनियन अधिकार पाउनु पर्ने मागसहित आन्दोलनका विभिन्न कार्यक्रमसहित मैदानमा उत्रियो।

**प्रवासी श्रमिकमाथि धरपकड र विरोध कार्यक्रम**

कोरिया सरकारले २००३ जुलाई ३१ मा ईपिएस सम्बन्धी कानुन संसदबाट पारित भएपछि प्रवासी श्रमिकलाई गिरफ्तार गरी स्वदेश फिर्ता गर्ने प्रक्रियामा तीव्रता ल्याउन थाल्यो। कोरिया सरकारको यस नीतिको विरोधमा नोभेम्बर १२ मा एकजना श्रीलंकालीले रेलको लिगमा हामफालेर आत्महत्या गरे भने हालसम्म यो संख्या १० पुगिसकेको छ। यस सन्दर्भमा "इक्वालिटी ट्रेड यूनियन माइग्राण्ट ब्रान्च" का अध्यक्ष समर थापा, केवी राई र गुप्त बहादुर गुरुङ तीनजना नेपाली लगायत २०० जना प्रवासी श्रमिकले २००३ नोभेम्बर १५ देखि धर्ना सुरु गरे।

२००४ फेब्रुअरी १५ मा समर थापालाई विनाकारण पक्राउ गरियो। क्रमशः अन्य सदस्यहरु पनि पक्राउ पर्दै गए। पक्राउ परेपछि फेब्रुअरी १७ बाट जेल भित्रै भोक हड्ताल शुरु भयो। तर, त्यहाँको राष्ट्राध्यक्षलाई महाभियोग लागिसकेपछि समस्या सुल्झने नदेखेर ३१ दिनको लगातार भोक हड्ताल तोडियो।

अन्ततः जेलबाटै समर थापालाई सिधै स्वदेश फिर्ता गरी अप्रिल १ मा नेपालको अध्यागमन विभागमा बुझाइयो भने अन्य दुई जना साथीहरुलाई अप्रिल २७ मा फिर्ता पठाइयो।

अहिले पनि धरपकड बन्द गरी सम्पूर्ण प्रवासी मजदुरहरुलाई वैधानीकरण गर, ट्रेनिङ भिसा सिस्टम खारेज गर, कार्यथलो फेर्न पाउने नीति लागू गर र श्रमिकका तीन आधारभूत अधिकार (संगठित हुने अधिकार, सामूहिक सौदावाजी गर्ने अधिकार र संघर्ष गर्ने अधिकार) प्रवासी श्रमिकलाई पनि लागू गर भन्ने मागसहित आन्दोलन जारी छ।

आन्दोलनका यी श्रृंखला वाहेक कोरियामा नेपाली प्रवासी मजदुरहरु औद्योगिक दुर्घटनामा पर्ने र अपाङ्ग हुनेको संख्या एकिन नभए पनि औद्योगिक दुर्घटना र अन्य कारणले मृत्यु हुनेहरुको संख्या ४६ रहेको छ। उनीहरूलाई उचित क्षतिपूर्ति दिइएको छैन। यद्यपि जिफण्टले जिफन्ट सपोर्ट ग्रुप स्थापना गरी प्रवासी श्रमिकको अधिकारको लागि पहल गर्नु र त्यहाँको यूनियनसँग समेत सम्बन्ध विकास गराउनुले धेरै राहत पुगेको छ।

हाम्रा यी अनुभवको आधारमा प्रवासी श्रमिकको आधारभूत मानव अधिकार र ट्रेड यूनियन अधिकार सुरक्षाको लागि निम्न विषयमा ध्यान दिनु पर्दछ भन्ने हामीलाई लागेको छ।

१. ट्रेड यूनियनले आधारभूत यूनियन अधिकारबारे जानकारी दिने, प्रवासमा रहेर पनि यूनियनले गर्न सक्ने सहयोगको बारेमा स्पष्ट पार्दै सम्बन्धित देशमा गएर सम्पर्क गर्न सकिने यूनियन र संगठनको वारेमा जानकारी दिने।
२. सरकारले प्रवासी सम्बन्धी नीति, कानुन र कार्यक्रमद्वारा आफ्ना नागरिकका अधिकारको ग्यारेण्टी गर्ने। सम्बन्धित देशमा कूटनीतिक संरक्षण दिने।
३. बैदेशिक रोजगारदाता कम्पनीले आफ्नो रोजगारी चलाउने मात्र नभई आफुले पठाएका श्रमिकको न्यूनतम अधिकारको ग्यारेण्टी हुने गरी जानु पूर्व त्यसबारे पूर्णरुपमा जानकारी गराउने।
४. संचार माध्यमहरुले समस्याहरुको रुप, कारण र त्यसको प्रभावलाई उजागर गर्नुका साथै आगामी दिनमा चालिनु पर्ने सकारात्मक कदम बारे सचेत पार्न योगदान गर्ने।
५. ट्रेड यूनियन, सरकार, रोजगारदाता कम्पनी, श्रम सम्बन्धी संघसंस्था र संचार माध्यमहरु बीच नेटवर्कको विकास गर्ने र यसले नियमित अनुगमन गर्ने र फर्किएर आएका प्रवासी श्रमिकसँग समेत नियमित रुपमा अन्तरक्रियाको व्यवस्था गर्ने। यस्तो भएमा प्रवासी हुन बाध्य भएका नेपालीहरुले आगामी दिनमा कम दुःख पाउने थिए भन्ने कुरामा हामी आशावादी रहेका छौं।

**– समर थापा, भूतपूर्व अध्यक्ष, इक्वालिटी ट्रेड यूनियन माइग्रान्ट ब्रान्च**
**– के. बी. राई, सदस्य, इक्वालिटी ट्रेड यूनियन माइग्रान्ट ब्रान्च**
**– बज्र राई, इक्वालिटी ट्रेड यूनियन माइग्रान्ट ब्रान्च**

# जेन्डर र वर्ग

## आजको आन्दोलनको तातो विषय



विष्णु रिमाल

समाजवाद मान्नेले 'महिलावादी' हुनै पर्छ । यसको अर्थ हो, समाजवादीहरुको राजनीतिमा वर्ग र जेन्डर (लिंगीय) दुई आयाम हुनु पर्छ । समाजवादीहरुले पूँजीवादको विरोध गर्छन्, किनकि यो 'विश्व अर्थ-व्यवस्था' ले वर्गीय उत्पीडिन, युद्ध तथा विश्वव्यापी रुपमै अन्यायलाई बढावा दिएको छ र दिन्छ । समाजवादीहरु 'पितृसत्ता' को पनि त्यसै गरी विरोध गर्दछन्, किनकि लिंगीय शक्ति संरचना (जेन्डर पावर स्ट्रक्चर) ले महिलाहरुको शोषण गर्दै उनीहरुलाई मानवाधिकारबाट वञ्चित गर्दछ । त्यसैले सबै मानव जातिको मुक्ति चाहनेहरुले पूँजीवादी 'वर्गीय समाज' को सट्टा समतामुखी समाज व्यवस्था बनाउने भनेर मात्रै पुग्दैन, 'पितृसत्ता' पनि उन्मूलन गर्छु भन्नै पर्छ ।

तपाईं हामी 'महिलावादी' हुने भनेको हाम्रो समाजमा पितृसत्ता छ भन्ने कुरा स्वीकार गर्ने मात्र हो । पितृसत्ता पूँजीवादको कारणले आएको होइन, यो हरेक किसिमको समाजमा रहँदै आएको छ । यसले पुरुषलाई शीरमा राखी महिलालाई उनीहरुको मातहतमा राख्ने तहगत प्रणाली (हाइरार्किक सिस्टम) लागू गर्छ । वर्ग, उमेर, जात-जाति आदि तत्वको आधारमा पुरुषले यो प्रणालीमा सबै मुख्य अधिकार हत्याउँछ । पुरुषहरु बीच लिंगीय रुपमा परस्पर सहयोग र बफादारीको बलियो सहकार्य हुन्छ । महिला प्रतिको उस्तै दृष्टिकोण आफ से आफ विकसित हुन्छ, त्यसैले पितृसत्ताले पुरुषहरुलाई 'महिलाबाट फाइदा लिने' वातावरण तयार पारी दिन्छ । समूहको रुपमा पुरुष एकातिर र महिला अर्कातिर रहने गरी पुरुषलाई समूहगत अधिकार सम्पन्न गर्ने गरी पितृसत्ताले काम गर्छ ।


पूँजीवाद र पितृसत्ता दुई प्रणाली एकआपसमा सहकार्य गर्ने गरी मिसिएको हुन्छ किनकि दुवै प्रणालीमा महिलालाई पुरुषको मातहतमा राखिन्छ । पितृसत्ताले श्रमजीवी वर्गका महिला र पुरुषलाई एक भएर पूँजीवादको विरुद्ध लड्नबाट रोक्छ- महिला र पुरुष भनेर उही वर्गमा पनि फुट पारिदिन्छ । खासगरी 'मानवीय आवश्यकता र अधिकार' को व्याख्या पुरुषले आफ्नै स्वार्थ अनुरुप गर्छ र महिलाले आफ्नो स्वार्थ अनुरुप राखेका मागहरु पुरुषको 'अधिकार' सँग बाझ्ने गरी प्रष्टै देखिन्छ । ज्याला आर्जक महिलाहरु श्रमजीवी वर्गका सदस्य हुन् । त्यसैले महिलामाथिको उत्पीडन सिंगो पूँजीवादी प्रणालीको एउटा अङ्ग नै हो । त्यसैले पुरुषहरुले पनि बुझ्नु पर्ने कुरा के हो भने शोषणमूलक समाज व्यवस्था अन्त्य गर्न पितृसत्ताको पनि अन्त्य हुनै पर्छ ।

प्रजनन स्वास्थ्यको हिसाबले (सन्तान उत्पादनको प्रसंगमा) पितृसत्ताको आफ्नै भौतिक आधार छ । यसले महिलाको शरीरमाथि पुरुषको एकाधिकार र केटाकेटीको हेरचाहको ठेक्का "प्राकृतिक तर्क" सहित महिलामाथि थुपार्छ र यसैको आधारमा महिलाले परिवार र समाजमा गर्ने कामलाई निर्देशित गर्दछ । महिला माथि समूहगत रुपमा यसको दूरगामी असर पर्दछ । उदाहरणको लागि महिलाहरु कतिपय 'उत्पादक' कामको अधिकारबाट पाखा लगाइन्छन् र स्वतन्त्र जीवन यापनको लागि आवश्यक कमाइबाट वञ्चित हुन्छन् । यसैगरी उनीहरुले आफ्नो शरीरमाथिको अधिकार पनि गुमाउँछन् वा अर्काको इच्छामा छोड्न बाध्य हुन्छन् । पूँजीवादी प्रणालीको सन्दर्भमा पनि यही कुरा लागू हुन्छ । पूँजीवादले आफ्नो वर्ग मार्फत सम्पूर्ण उत्पादनको साधन माथि नियन्त्रण कायम गर्छ, ठीक त्यसै गरी जस्तो कि पितृसत्ताले पुरुषको हैकमलाई निरन्तरता दिन्छ । यसको अर्थ हो, 'पितृसत्ता' मा यसले तय गरेको नीति, नियम र समाज-व्यवस्थाद्वारा सामाजिक-आर्थिक-राजनीतिक र प्रजनन अधिकार सहितको महिलाहरुको जीवन नियन्त्रित हुन्छ । महिलाहरु अधिकार विहिन अवस्थामा सामूहिक रुपमा तल्लो स्तरको हैसियतमा रहन विवस हुन्छन् ।

महिलामाथिको उत्पीडन खुल्ला तथा अदृश्य दुवै रुपमा रहेको छ । यो जानेर होस् वा नजानेर होस् व्यवहारमा लागू भइरहेको छ । यो प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा, कानुनमा नै उल्लेखित तर व्यवहारमा बाझिएको नियमद्वारा, वा स्वतन्त्रताको खोलमा र श्रमिक-रोजगारदातासँगको सम्झौताबाट समेत जारी छ । परिवार भित्र र राज्यमा अधिकार प्रयोग र राजनीतिक भेलाहरुमा सबै क्षेत्रमा लिंगीय रुपमा पितृसत्तात्मक शक्ति स्रोतले भेदभावपूर्ण सम्बन्ध कायम गरेको छ । यहाँसम्म कि उद्योग, बाणिज्य, सांस्कृतिक जीवन र मनोरञ्जन, मेडिया, शिक्षा र श्रम बजार सबै ठाउँमा पितृसत्ता आधारित व्यवहारहरु रहेको छ ।

त्यसैले 'महिलावाद' आजको राजनीतिमा तातो विषय बन्न पुगेको छ । विश्वव्यापी प्रवृत्ति र त्यसको परिणाम स्वरुप पितृसत्ताद्वारा भएको उत्पीडनलाई पर्दाफास गर्न 'महिलाको आँखाबाट' विश्लेषण गर्नु पर्ने आवश्यकता बनेको छ । 'महिला विरोधी' नीति, भेदभाव र उनीहरु विरुद्धको हिंसा हरेक समाजमा बलियो अवस्थामा छ । यसले पनि वर्गीय आन्दोलन जस्तै गरी 'महिलावादी' आन्दोलनको औचित्य प्रष्टाएको छ । महिला-पुरुष समानतामा आधारित समाज-व्यवस्थाको लागि 'महिलावाद' सामूहिक रुपमा काम गर्न महिलाहरुलाई एउटा औजार हुन सक्छ । राजनीतिक भाषामा भन्नुपर्दा 'महिलावाद' महिलाहरुको आ-आफ्नो अनुभव साटासाट गरी असल समाज व्यवस्थाबारे सोच्ने माध्यम हुनसक्छ ।

# श्रमिक पक्षधर थिइन् हेलेन केलर



अग्निशिखा

धेरैलाई थाहा छ- हेलेन केलर को हुन् ? अमेरिकाको अल्वामा राज्यमा जन्मिएकी हेलेन गम्भीर र विरामीका कारण दुई वर्षकी बच्ची छँदा नै अन्धी र बहिरी बनेकी कुरा पनि धेरैलाई थाहा छ। हेलेनका पिताले उनलाई प्रसिद्ध वैज्ञानिक डा. अलेक्जेन्डर ग्राहम बेलकोमा लगेका थिए र बेलले पर्किन्स इन्स्टिच्युसनसँग लेखापढी गर्न सुझाव दिएका थिए। हेलेनकी शिक्षिका एनी सुलिभान थिइन् र स्पर्शद्वारा हेलेनलाई उनी शब्द सिकाउँथिन्। दश वर्षको उमेर पुग्दानपुग्दै हेलेन ब्रेल लिपीको माध्यमबाट लेख्न र पढ्न सक्षम भएकी थिइन्।

धेरैलाई थाहा छ- हेलेन केलरले क्याम्ब्रिजको राडक्लिफ कलेजबाट अनर्ससहित ग्राजुएसन गरेकी थिइन्। अन्धा र बहिराहरूको अवस्थाप्रति चिन्तित उनले संसदसमक्ष आवाज उठाइन्, प्रवचन दिइन् र कैयन किताब लेखिन्। अन्धा-बहिराको सेवाका लागि उनले 'हेलेन केलर एन्डोमेन्ट फन्ड' को स्थापना गरिन्। धनाढ्यबाट सहयोग राशी जुटाइन्। उनले पाँचै महादेशका २५ भन्दा बढी राष्ट्रको भ्रमण गरिन्। दोस्रो विश्वयुद्धमा उनी युद्धका कारण अन्धा हुन पुगेका सैनिकहरूको सेवामा जुटिन्।

धेरैलाई थाहा छ उनका किताबहरू विश्वका ५० भन्दा बढी भाषामा अनुवाद भएको छ। तीमध्ये प्रमुख कृतिमा 'द स्टोरी अफ माई लाइफ' (१९०३), 'आप्टिमिज्म' (१९०३), 'द वर्ल्ड आई लिभ इन' (१९०८), 'द सङ्ग अफ द स्टोन वाल' (१९१०), 'आउट अफ द डार्क' (१९१३), 'माइ रिलिजन' (१९२९), 'मिडस्ट्रिम : माई ल्याटर लाइफ' (१९३०) र 'टिचर' (१९५५) रहेका छन्। उनको बारेमा 'हेलेन केलर इन हर स्टोरी' नामक चलचित्र नै बनेको छ। जुन चलचित्रमा १९५४ मा हेलेनले ओस्कार अवार्ड नै पाएकी थिइन्। यसबाहेक, बिलियम गिब्सनले उनको बारेमा 'द मिराकल वर्कर' नामक नाटक नै लेखे, पछि त्यो चलचित्रसमेत बन्यो। हेलनको निधन आजभन्दा ३६ वर्षअघि भएको थियो- यी कुरा धेरैलाई थाहा छ।

विश्वप्रसिद्ध अमेरिकी साहित्यकार मार्क ट्वेन हेलेनका साथी थिए। मार्क ट्वेन- जसले हेलेनसँगै नेपोलियनका सन्दर्भमा भनेका थिए- '१९ औं शताब्दीका दुई अत्यन्त चाखलाग्दा चरित्र।' तर, हेलेनको जीवनका यी तथ्यहरूका बारेमा कमैलाई जानकारी छ कि, उनी समाजवादी थिइन्। सन् १९०९ मा उनले समाजवादी पार्टीमा प्रवेश गरेकी थिइन्। त्यसपछि, 'इन्डस्ट्रियल वर्कर्स अफ द वर्ल्ड' नामक संगठनसँग पनि उनी आबद्ध भएकी थिइन्। हेलेनले श्रमिकहरूको संघर्ष, रुसको अक्टोबर क्रान्ति र महिला मताधिकारको पक्षमा तथा प्रथम विश्वयुद्धको विरोधमा लेखहरू लेखेकी थिइन्। अर्थात्, अपांगहरूको पक्षपोषणका साथ समाजवादको संघर्षमा समेत उनी जुटेकी थिइन्। न्युयोर्कबाट प्रकाशित हुने समाजवादी पार्टीको दैनिक समाचारपत्र 'न्यु योर्क कल' मा 'म कसरी समाजवादी भएँ' भन्ने उनको लेख ३ नोभेम्बर, १९१२ को अंकमा प्रकाशित भएको थियो।


हेलेनकै भनाइमा उनी अध्ययनबाट नै समाजवादी भएकी थिइन्। उनले समाजवादी साहित्यको अध्ययन गरिन् र जर्मनीबाट प्रकाशित हुने समाजवादी पत्रिकाहरू पढिन्। ब्रेल लिपिमै उनले काउत्स्कीको 'एर्फुट प्रोग्राम' बारेको बहस पढिन्। उनलाई सबभन्दा मन पर्ने पत्रिका 'नेसनल सोसलिस्ट' थियो। आफ्नो समाजवादी आस्थाको विरोध, मान-मर्दन र गिज्याई उनलाई असह्य हुन्थ्यो। हेलेन तुरुन्तै प्रतिवादमा जुट्थिन्। समाजवादसँग जोडेर आफ्नो नाम विरोधमै पत्रिकाले छाप्दासमेत एक हिसाबमा उनी खुसी पनि हुन्थिन्। उनको तर्क हुन्थ्यो- पत्रिकाहरूले आफ्नो क्रियाकलापको विरोध गर्दा कमसेकम तिनका 'कोलम' मा समाजवादी शब्द त आउँछ। समाजवादप्रति हेलेनको कतिबिघ्न मोह रहेछ! र, हेलेनले दंग परेर लेखेकी थिइन्- कैयन महिनादेखि अखबारहरूमा प्रायः समाजवादसँगै मेरो नाम छापिने गरेको छ।

एक पटक आफ्नी संगिनीको बिमारीको कारण हेलेन एउटा मजदुर भेलामा जान सकिनन्। हेलेन लेख्छिन्- 'यति सामान्य कुरालाई लिएर पुँजीवादी प्रेस र समाजवादी प्रेसमा कैयन सम्पादकीय लेखियो। क्लिपिङसले मेरो टेबलको घर्रा भरिएको छ। मैले ती क्लिपिङसको एक चौथाइ पनि पढेकी छैन, र शायदै सब पढ्छु होला। यति सामान्य कुरामा त यत्रो प्रतिक्रिया उत्पन्न हुन्छ भने साँच्चैको जाँगरका साथ मैले समाजवादको पक्षमा लेख्न र बोल्न थालें भने अखबारहरूले के गर्लान् ?'

पुँजीवादी अखबारका तारो बनेकी थिइन् हेलेन केलर। 'लाल'हरूले अन्धी केटी हेलेन केलरलाई प्रचारका लागि उपयोग गरिरहेको शीर्षक कुनै अखबारमा देखा पर्थ्यो। र, लेखिन्थ्यो 'समाजवादीहरूद्वारा गरिएको विचरी हेलेन केलरको शोषणभन्दा बढी वितृष्णाको अरु कल्पना नै गर्न सकिन्न।' त्यसको प्रतिवाद गर्दै हेलेनले भनेकी थिइन्- 'मलाई यस्ता अखबारको प्रलापपूर्ण सहानुभूति रुच्दैन। 'शोषण' को अर्थ त्यस अखबारले बुझेको खण्डमा भने म खुसी नै हुनेछु।' हेलेनको भनाइमा समाजवादी अखबारले नभई पुँजीवादी अखबारहरूले वास्तवमा 'अखबारी शोषण' गरेका थिए।

हेलेनलाई समाजवादी आस्थाबाट अलग्याउन पुँजीवादी प्रेसले जतिसुकै कसरत गरोस्, उनी नियत बुझिहाल्थिन्। त्यसैकारण जब 'टाइम्स' पत्रिकाले आफ्नो बढाइचढाइ गर्दै, चाप्लुसी गर्दै हेलेनसँग लेख माग्यो उनले दिइनन्। तब, हेलेनलाई फुस्ल्याउने त्यही पत्रिकाले 'घृणायोग्य रातो झन्डा' शीर्षकमा सम्पादकीय नै लेख्यो। त्यसमा लेखिएको थियो- 'झन्डा स्वतन्त्र छ। तर पनि, यो (रातो झन्डा) घृणायोग्य छ। विश्वभरि नै यो कानुनहीनता र अराजकताको प्रतीक हो। त्यसैले सबै समझदार व्यक्तिहरू यसलाई घृणा गर्छन्।'

त्यस अखबारको भनाइमा रातो झन्डा बोक्नेहरूप्रति सधैं शंका गरिनु पर्छ। र, कानुनहीताको झन्डा बोकेकै कारण उसले सम्मान र सहानुभूतिको सम्पूर्ण अधिकारसमेत गुमाएको छ। तब किन नचढोस् हेलेनको आक्रोशको पारो। समाजवादी आस्थाप्रति समर्पित भएकै कारण त्यस अखबारले उनलाई हेलेनकै शब्दमा 'सामाजिक च्युत' गराएको थियो। यस सन्दर्भमा उनले लेखेकी थिइन्- 'म कुनै पनि रंगको कपडाको पुजक होइन। तथापि, म रातो झन्डा मन पराउँछु। र, मलगायत अरु समाजवादीहरूका लागि यो जे कुराको प्रतीक बनेको छ, त्यसलाई मन पराउँछु। मेरो अध्ययनकक्षमा रातो झन्डा झुन्डिएकै छ र यदि म सक्दो हुँ त खुसीका साथ यही झन्डा बोकेर 'टाइम्स' को कार्यालयअगाडि सबै रिपोर्टर्स् र फोटोग्राफरले देख्ने गरी मार्च गर्ने थिएँ।'



# नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय कमिटीको दोस्रो बैठक



नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय कमिटीको दोस्रो बैठक गत असार १० र ११ गते काठमाडौंमा सम्पन्न भयो । महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा बसेको सो बैठकले कार्य विभाजन तथा विभाग गठन गर्नुका साथै महासंघको आगामी वर्षको वार्षिक कार्ययोजना र वार्षिक बजेट २०६१/०६२ पारित गरेको छ ।

बैठकले उपाध्यक्ष विष्णु रिमाल प्रमुख रहनुभएको केन्द्रीय योजना आयोगको गठन गर्नुका साथै अंचल कमिटीको पनि गठन गरेको छ ।

बैठकले नेपाल ट्रेड यूनियन महासंघको नियमावली-२०६१, नेपाल ट्रेड यूनियन महासंघको कार्यकर्ता कल्याणकारी कोष-२०६१ र नेपाल ट्रेड यूनियन महासंघको आर्थिक नियमावली-२०६१ पनि पारित गरेको छ ।

यसै गरी बैठकले गोठाटार स्थित मदन आश्रित स्मृति प्रतिष्ठानमा महासंघले आवासीय प्रशिक्षण केन्द्र सञ्चालन गर्ने पनि निर्णय गरेको छ ।

बैठकले लघु स्वास्थ्य बीमा समिति, जिफन्ट स्वास्थ्य सहकारी क्लिनिक सुदृढीकरण समिति, प्रवासी मजदुर समिति, प्रकाशन वितरण समिति, परियोजना व्यवस्थापन समिति, इन्टरनेट-वेब साइट सञ्चालन समिति, तालिम केन्द्र सञ्चालन समितिको पनि गठन गरेको छ ।

निर्णय गरे अनुसार ६ वटा विभागहरुको गठन यस प्रकार छ -

**विदेश विभाग** : सचिव, वृद्धि आचार्य, सदस्यहरु- रमेश बडाल, माधव न्यौपाने, विदुर कार्की, जितेन्द्र जोन्छें, जितेन्द्र श्रेष्ठ, पेम्वा लामा र कवीन्द्र शेखर रिमाल ।

**आर्थिक विभाग** : सचिव-जितेन्द्र जोन्छें, सदस्यहरु- ओम कोईराला, चूडामणि जंगली, उद्धव के. सी, विना श्रेष्ठ, बलराम खत्री र गुणराम आचार्य ।

**शिक्षा विभाग** : सचिव-विदुर कार्की, सदस्यहरु- त्रिविक्रम ज्ञवाली, नरनाथ लुइटेल, मधुसुदन खतिवडा, देब बहादुर वम, केशव दवाडी,सीता लामा, गोविन्द भट्टराई र हरिबहादुर कार्की, ।

**सामाजिक सुरक्षा विभाग** : सचिव-माधव न्यौपाने, सदस्यहरु- जनक चौधरी, दिपक पौडेल,सुरेन्द्र राई, विष्णु लम्साल, छविलाल उप्रेती,सन्त राई, कमला तामाङ र अशोक कोईराला ।

**श्रम सम्बन्ध विभाग** : सचिव-रमेश बडाल, सदस्यहरु- कमलेस झा, जोगीलाल यादव, अर्जुन प्रसाद ढुंगेल, दिल्ली बहादुर राना, सिद्धि उप्रेती, तुलसी सिवाकोटी,सूर्य पौडेल र वेलीमाया घले ।

**प्रचार तथा प्रकाशन विभाग** : सचिव-जितेन्द्र श्रेष्ठ, सदस्यहरु- कवीन्द्र शेखर रिमाल, महेन्द्र श्रेष्ठ, केदार अर्याल, विद्यार्थी बडाल, चित्र कुमार केसी, कृपा अकिञ्चन र मैंया पोडे ।

# राजनीतिक शिक्षा सम्बन्धी परिसंवाद कार्यक्रम

नेपाल ट्रेड यूनियन महासंघको सम्पन्न चौथो राष्ट्रिय महाधिवेशनले शान्ति स्थापना, प्रजातन्त्रको पुनर्स्थापना र सामाजिक अग्रगमनको लागि राजनीतिक पार्टीहरुसँग हातेमालो गर्ने कार्यक्रम अन्तर्गत केन्द्र, क्षेत्र, जिल्ला र स्थानीय स्तरमा "समाजवादी अध्ययन समूह" गठन गरी राजनीतिक प्रशिक्षण अभियान शुरु गर्ने कार्यक्रम राखेको थियो । त्यसै कार्यक्रम अन्तर्गत महासंघले दुई दिने उच्चस्तरीय परिसंवाद कार्यक्रम गत साउन २ र ३ गते नगरकोटमा सम्पन्न गऱ्यो ।

महासंघ राष्ट्रिय कमिटीका सदस्यहरुको राजनीतिक स्तर अभिवृद्धिका साथै समाजवादी अध्ययन समूह सञ्चालनको लागि आवश्यक पाठ्यक्रम तयार गर्ने उद्देश्य राखेर गरिएको उक्त परिसंवाद कार्यक्रममा विभिन्न चार वटा विषयहरुमा चार जना विज्ञहरुले छुट्टा-छुट्टै कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा महासंघ राष्ट्रिय कमिटीका ४२ जना सदस्यहरुको सहभागिता रहेको थियो ।

परिसंवाद कार्यक्रमको पहिलो दिन दुई वटा विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । पहिलो दिनको पहिलो सत्रमा, राज्य, राजनीति र विचारधारा : केही सैद्धान्तिक अवधारणा विषयमा एफइएसका देवराज दाहालले कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस सत्रको अध्यक्षता महासंघका अध्यक्ष नेकपा (एमाले) का स्थायी समिति सदस्य झलनाथ खनालले गर्नु भएको थियो ।

दोस्रो सत्रमा, नेपाली समाजको विकासक्रम : वर्ग संघर्षको कसीमा राजनीतिक आन्दोलन विषयमा नेकपा (एमाले) का स्थायी



समिति सदस्य मोदनाथ प्रश्रितले कार्यपत्र प्रस्तुत गर्नुभयो । सत्रको अध्यक्षता महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नु भएको थियो ।

दोस्रो दिनको पहिलो सत्रमा, समाजवाद : सम्मान र समृद्धितर्फको बाटो विषयमा नेकपा (एमाले) का स्थायी समिति सदस्य झलनाथ खनालले कार्यपत्र प्रस्तुत गर्नुभयो । सत्रको अध्यक्षता नेकपा (एमाले) का स्थायी समिति सदस्य प्रदिप नेपालले गर्नुभयो । त्यसरी नै दोस्रो सत्रमा, समकालीन नेपाली समाज : जारी द्वन्द्व र अग्रगामी निकास विषयमा गैरसरकारी संस्था महासंघका अध्यक्ष डा. अर्जुन कार्कीले कार्यपत्र प्रस्तुत गर्नुभयो । यस सत्रको अध्यक्षता नेकपा (एमाले) का केन्द्रीय सदस्य भीम रावलले गर्नुभएको थियो । कार्यपत्र प्रस्तुति पछि सहभागीहरू बीच अन्तरक्रिया गरिएको थियो ।

# परियोजनामा संलग्न सहभागीहरुको राष्ट्रिय भेला




नेपाल ट्रेड यूनियन महासंघको आयोजनामा गत असार ३१ गते जिफन्ट परियोजनामा संलग्न सहभागीहरुको एक दिने राष्ट्रिय भेला काठमाडौंमा सम्पन्न भयो ।

परियोजनामा संलग्न सहभागीहरुलाई जिफन्ट परियोजनाको परिचय र परियोजना सञ्चालन बारे जानकारी दिने उद्देश्यले गरिएको सो भेलामा विभिन्न परियोजनामा कार्यरत देशभरीका कार्यकर्ताहरु र जिफन्ट अञ्चल अध्यक्षहरुको सहभागिता रहेको थियो ।

जिफन्टले शिक्षा र जनशक्ति विकास, संगठन व्यवस्थापन र परिचालन, जनशक्ति निर्माण, स्टडी सर्कल र महिला नेतृत्व विकास, जेण्डर सचेतना तथा जेण्डर मूल प्रवाहीकरण, शोषणमूलक बाध्यकारी श्रम, बालश्रम आदि परियोजनाहरु सञ्चालन गर्दै आइरहेको छ । त्यस अन्तर्गत देशभरी ७१ जना स्वयंसेवी कार्यकर्ताहरु सञ्चालित भइरहेका छन् ।



डा. शिव शर्मा


डा. गोविन्द नेपाल


रुद्र गौतम


गौरी प्रधान


अग्निशिखा


सोम राई


अजयक्रान्ति

**केन्द्रीय योजना आयोगका सदस्यहरु**

## केन्द्रीय योजना आयोग

'सल्लाहकारहरू आफूभन्दा योग्य हुनुपर्छ' केन्द्रीय योजना आयोगको उद्घाटन बैठकमा महासंघका अध्यक्षले भन्नुभयो- "हामीले कमिटी बाहिरका विज्ञहरुलाई केन्द्रीय योजना आयोगमा समावेश गरेर बदलिंदो परिस्थिति अनुरुपको सल्लाह/सुझाव लिने परम्परा थालेका छौं ।" महासंघका नवनिर्वाचित महासचिवले स्वागत गर्दै भन्नुभयो- "हामी कोही पढेर कोही परेर ज्ञान प्राप्त गर्नेछौं । तपाईंहरुको प्रवेशले 'पढ्ने' र 'पर्ने' बीचको नयाँ सम्मिश्रणबाट हाम्रो आन्दोलनमा उर्जा थपिने छ ।"

हाम्रो महासंघको नेतृत्वमा संचालित आन्दोलनमा उर्जा थप्न प्रवेश गर्नु हुने केन्द्रीय योजना आयोगको सदस्यमा मनोनित गरिनु भएका व्यक्तित्व हुनुहुन्छ - डा. शिव शर्मा (अर्थशास्त्री, महासचिव - एनएलए), डा. गोविन्द नेपाल (अर्थशास्त्री - त्रिवि), रुद्र गौतम (उप-प्राध्यापक - त्रिवि), गौरी प्रधान (श्रमविज्ञ - अध्यक्ष, एलायन्स-नेपाल), अग्निशिखा (लेखक-पत्रकार), सोम राई (सूचना प्रविधि विज्ञ) र अजयक्रान्ति (सांस्कृतिक कर्मी) ।

## बाँधाश्रम विरुद्धको सहकार्य : अध्ययन तथा अभियानको लागि छलफल कार्यक्रम

नेपाल ट्रेड यूनियन महासंघ र एन्टी स्लेभरी इन्टरनेशनलको संयुक्त आयोजनामा "नेपालमा बाँधाश्रम : मुक्ति र पुनर्स्थापनाका लागि अध्ययन तथा अभियान" विषयमा गत साउन ७ गते काठमाडौंमा छलफल कार्यक्रम सम्पन्न भयो ।

महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा सम्पन्न सो छलफल कार्यक्रममा महासंघले गरिरहेको बाँधाश्रम सम्बन्धी कार्यमूलक अनुसन्धानबारे छलफल गरिएको थियो ।

परियोजनामा संलग्न रहेका दक्षिण एशियाका भारतको सीइसी, पाकिस्तानको पाइलर र नेपालको जिफन्ट तीन राष्ट्का तीन वटा संस्थाहरुले आ-आफ्नो देशमा बाँधाश्रम सम्बन्धी अध्ययन गरी एक आपसमा अनुभव आदानप्रदान गर्ने छन् ।


पहिलो चरणमा डेस्क रिसर्च अन्तर्गत यसले नेपालमा बाँधाश्रम कुन-कुन क्षेत्रमा छ, पहिचान र नक्साङ्कन गर्ने, विगतमा गरिएका अनुसन्धानका प्रतिवेदनहरु र उपलब्ध सामग्रीको पुनरावलोकन र विश्लेषण गर्ने, बाँधाश्रमको इतिहास, आन्दोलन, कमैयामुक्तिका लागि गरिएका प्रयासहरु, कमैयामुक्ति अघि र पछिका अवस्थाहरु आदि विषयमा अध्ययन अनुसन्धान गर्ने छ ।

त्यसरी नै दोस्रो चरणमा कमैयामुक्त गरिएका पाँच वटा जिल्लाहरु दाङ, बर्दिया, बाँके, कैलाली र कञ्चनपुरको स्थलगत अध्ययन गरी राष्ट्रिय र क्षेत्रीय स्तरमा सूचना प्रवाह गर्ने, बाँधाश्रम विरुद्ध गाउँ स्तरमा समेत कृषि मजदुर संघको परिचालन र अन्य संघ-संस्थाहरुको सहयोग परिचालन गरी विभिन्न अभियानहरु सञ्चालन गर्ने, जनवकालतका कार्यक्रम, डेलीगेसन, प्रकाशन, सञ्चार माध्यमको प्रयोग, सांस्कृतिक समूहको प्रयोग, सार्वजनिक सुनवाइका साथै अन्य गतिविधिहरु सञ्चालन गरी बाँधाश्रम मुक्त गरिने छ ।

## बालश्रम निर्मूलन सम्बन्धी समयबद्ध कार्यक्रम शुरु



जिफन्ट र आइएलओ बालश्रम निर्मूलन सम्बन्धी अन्तरराष्ट्रिय कार्यक्रम (आइपेक) ले विभिन्न ११ जिल्लामा बालश्रम विरुद्ध समयबद्ध कार्यक्रम शुरु गरेका छन् । आगामी १८ महिनासम्म सञ्चालन गरिने उक्त कार्यक्रमको 'कार्यकर्ता अभिमुखीकरण कार्यक्रम, गत साउन ३१ गते काठमाडौंमा आयोजना गरियो । महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आइएलओका बरिष्ठ प्राविधिक सल्लाहकार पिटर डग्लीस र प्रमुख कार्यक्रम प्रबन्धक यादव अमात्यको समेत उपस्थिति थियो ।




# फरेनहाइट नाइन इलाभेन

## भ्रष्टाचार र कुटनैतिक झेल विरुद्ध आंधिवेहरी



वृद्धि आचार्य

अमेरिकामा रहेको वर्तमान परिदृश्यलाई विस्तृतरुपमा समेटेर तयार गरिएको एउटा महत्वपूर्ण फिल्मको नाम हो - "फरेनहाइट नाइन इलाभेन" । चर्चित अमेरिकन डकुमेण्ट्री निर्देशक माइकल मूरको "बलिङ् फर कोलम्वाइन" पछिको विश्वमा सर्वाधिक चर्चित तथा राष्ट्रपति बुसको सातो उडाउने फिल्म फरेनहाइट नाइन इलाभेन बन्न पुगेको छ ।

अधिकतम मात्रामा हुने गरेको औद्योगिक राजनीतीकरण संयत्रको पर्दाफासका साथै केही हुनेखाने वर्गले गरेको निर्णयबाट आम सर्वसाधारण जनताले भोग्नु परेको दुःखलाई जिवन्तरुपमा देखाइएकोले पनि होला फरेनहाइट नाइन इलाभेनले भ्रष्टाचार र कुटनीतिक झेल विरुद्ध एउटा आँधी-बेहरीका रुपमा आज विश्वमा चर्चा पाइरहेको छ ।

फिल्ममा, सन् २००० मा सम्पन्न अमेरिकी राष्ट्रपतिको चुनावको परिदृश्य अनि वुस प्रशासनको तानावानाबाट शुरु हुँदै एकाएक कालो पर्दा देखापर्दछ । कहालीलाग्दो सेप्टेम्वर ११ को कालो दिनको मानव चिच्चाहट मात्र सुनिन्छ । विस्तारै न्यूयोर्कका जनताले आफ्ना प्रियजनहरुलाई फोहोरको थुप्रोमा खोज्दै गरेको दृश्यबाट फिल्म अगाडि बढ्दछ ।

त्यसपछि फिल्ममा साउदी धनाढ्यहरुले अमेरिकामा उडान बन्द भएको बखतमा समेत कसरी साउदी अरवको उडान सम्पन्न गरे भन्ने कुरा मात्र हैन उनीहरुको बुस परिवारहरुसँगको सम्वन्ध र तीमध्ये प्रिन्स वन्डारले वुसको थर प्राप्त गरेको कुरालाई पनि फिल्ममा स्पष्टरुपमा देखाइएको छ ।

फिल्ममा तथ्य पछिको तथ्यले सत्य तर डरलाग्दो तथ्यको पर्दाफास गरेको छ । फिल्म हेर्नु पहिले दर्शकलाई लाग्न सक्दछ, त्यही थाहा भएकै कुराहरु नै त होलान् नि ! तर, धेरै थोरैलाई मात्र थाहा हुन्छ प्रत्येक रुखले जंगलको पूर्ण परिदृश्य दिइरहेका छन् ।

ओ हो, इराक ! फिल्मको उत्तरार्धतिर पुनर्संरचना तथा राष्ट्र निर्माणको कुराहरुलाई फिल्ममा समेटिएको छ । युद्ध, पहिलेको इराकका केही दृश्यहरु र अधिकांश युद्धपछिका दृश्यहरु फिल्ममा देखाइन्छन् । युद्ध पीडित इराकी जनताले आफ्ना प्रियजनहरुलाई फोहोरको डुङ्गुरमा खोजीरहेको दृश्यले दर्शकहरुलाई स्तव्ध वनाउँछ । घाइते अमेरिकी सैनिकहरु र स्रोतको अभावमा संचालन भइरहेको पुनर्स्थापना केन्द्रको विजोग पनि फिल्ममा समेटिएको छ ।

यस्तै यस्तै मानव समवेदनालाई समेटेर तयार पारिएको फिल्म फरेनहाइट नाइन इलाभेनले यसका मुख्य अभिनेता अमेरिकी राष्ट्रपति जर्ज डव्लु वुसका बारेमा विश्व समुदायले वुझ्नु पर्ने कुरामा जोड दिएको छ । फिल्मले राष्ट्रपति वुसलाई एउटा असफल, गैर जिम्मेवार र आफ्नो हरहिसाव र व्यापार व्यवसायलाई सफल वनाउन जस्तोसुकै काम गर्न पनि पछि नहट्ने पात्रका रुपमा चित्रण गरेको छ । यसलाई पुष्टि गर्न फिल्ममा विभिन्न प्रमाणहरु पनि दिइएको छ । युद्धविरोधी फिल्मको रूपमा यसले लोकप्रियताको शिखर चुमेको छ ।